# माण्डवी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

# २०८३, (दोस्रो अद्यावधिक)

## Disaster Preparedness and Response Plan
## 2026 (2nd Updated)

**स्थानीय विपद् व्यवस्थापन समिति**

**माण्डवी गाउँपालिका**

**जस्पुर, प्यूठान**

**जेष्ठ २०८३**

**माण्डवी गाउँपालिका**

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

---

## Disaster Preparedness and Response Plan

**माण्डवी गाउँपालिकाको जोखिम क्षेत्रहरू**




---

दस्तावेज : माण्डवी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३, (दोस्रो अद्यावधिक)

प्रकाशक : स्थानीय विपद् व्यवस्थापन समिति, माण्डवी गाउँपालिका

प्रकाशन मिति : २०८०

पहिलो अद्यावधिक २०८२

दोस्रो अद्यावधिक २०८३

तयारी एवं सर्वाधिकार : प्रकाशकमा

सल्लाहकार : श्री नमराज अधिकारी, अध्यक्ष माण्डवी गाउँपालिका

श्री पुर्ण प्रसाद कालाथोकी, उपाध्यक्ष माण्डवी गाउँपालिका

श्री भिमकान्त भण्डारी, प्रमुख प्रशासकीय अधिकृत

संयोजन : बलराम पौडेल, वरिष्ठ प्रशासकीय अधिकृत -आठौं (विपद् सम्पर्क व्यक्ति)

सबिन नेपाल (पूर्व कार्य संयोजक, प्रतिबद्ध-३ परियोजना)

मनोज बिक्रम सिंह (विपद् व्यवस्थापन अधिकृत, प्रतिबद्ध-३ परियोजना)

माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

मेरो भनाई

विपद् प्राकृतिक होस् वा गैह्रप्राकृतिक त्यसले समाज, जनजीवन, अर्थतन्त्र तथा भौतिक पूर्वाधारमा व्यापक प्रभाव पार्ने गर्दछ। हाम्रो गाउँपालिकामा पहिरो, बाढी, आगलागी, खडेरी, हावाहुरी, जङ्गली जनावरको आतंक तथा बाली र पशुपन्छीमा फैलिने विभिन्न रोगजस्ता विपद्का घटनाहरू समय समयमा देखा पर्ने गरेका छन्। यस्ता घटनाले स्थानीय समुदायलाई हरेक वर्ष प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित गर्दै आएका छन्। त्यसैले विपद्को प्रभाव न्यूनीकरण गर्न जनचेतना अभिवृद्धि, पूर्वतयारी, पूर्वकार्य तथा शिघ्र प्रतिकार्य अपरिहार्य रहेको मैले महसुस गरेको छु।

यसै सन्दर्भमा तयार गरिएको **"माण्डवी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ (दोस्रो अद्यावधिक)"** गाउँपालिकाका लागि अत्यन्त महत्वपूर्ण मार्गदर्शक दस्तावेजका रूपमा रहेको छ। विपद पूर्व सम्भावित जोखिम न्यूनीकरण गर्न तथा उत्पन्न हुनसक्ने विभिन्न समस्याहरूको समयमै समाधान गर्नका साथै विपद्को अवस्थामा प्रभावकारी मानवीय सहायता उपलब्ध गराउन यस प्रकारको योजना आवश्यक पर्दछ। यस योजनाले विपद् व्यवस्थापनका विभिन्न चरणहरू पूर्वतयारी, सूचना प्रवाह, तत्काल उद्धार, राहत तथा पुनर्स्थापना सम्मका कार्यहरूलाई स्पष्ट दिशा प्रदान गर्नेछ। साथै, गाउँपालिकाभित्र उपलब्ध स्रोत, साधन र जनशक्तिको प्रभावकारी परिचालन तथा अधिकतम उपयोगका लागि समेत यसले आधार तयार गर्नेछ।

म गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, नेपाल रेडक्रस, सुरक्षा निकाय, सरोकारवाला संस्थाहरू, विभिन्न सङ्घ–संस्था तथा सम्पूर्ण स्थानीय बासिन्दालाई यस योजनाको प्रभावकारी कार्यान्वयनमा सक्रिय सहयोग र सहभागिताका लागि हार्दिक अनुरोध गर्दछु। विपद् व्यवस्थापन कुनै एक निकायको मात्र दायित्व नभई सबैको साझा जिम्मेवारी हो। हामी सबैले आ–आफ्नो क्षेत्रबाट सजग, तयारी अवस्थामा र जिम्मेवार भई योगदान गर्न सकेमा मात्र सुरक्षित र उत्थानशील समुदाय निर्माण गर्न सफल हुनेछौं।

अन्त्यमा, यस योजनाको निर्माण तथा अद्यावधिक प्रक्रियामा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, जनप्रतिनिधिहरू, सरोकारवाला निकायहरू, गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरू तथा प्राविधिक सहयोग उपलब्ध गराउने प्रतिबद्ध तेस्रो परियोजनाप्रति गाउँपालिका परिवारका तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु।

नमराज अधिकारी
अध्यक्ष, माण्डवी गाउँपालिका
संयोजक, स्थानीय विपद व्यवस्थापन समिति

नमराज अधिकारी
अध्यक्ष

माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

**मेरो भनाई**

विपद् जुनसुकै बेला र परिस्थितिमा उत्पन्न हुन सक्ने असाधारण घटना हो, जसले मानव जीवन, भौतिक सम्पत्ति तथा सामाजिक–आर्थिक संरचनामा गम्भीर असर पार्न सक्छ। त्यसैले विपद्को सम्भावित जोखिमलाई समयमै पहिचान गरी त्यसको न्यूनीकरणका लागि आवश्यक योजना तथा तयारी गर्नु अपरिहार्य बनेको छ। विपद् व्यवस्थापनलाई केवल उद्धार र राहतका कार्यमा सीमित नराखी पूर्वतयारी, जोखिम न्यूनीकरण तथा प्रतिकार्यका सम्पूर्ण पक्षहरूलाई समान रूपमा महत्व दिन आवश्यक छ। हाम्रो पालिकाले विगतमा सामना गरेका पहिरो, बाढी, आगलागी, हावाहुरी तथा अन्य विपद्का घटनाहरूले पूर्वतयारी, जनचेतना अभिवृद्धि र उपलब्ध स्रोत साधनको व्यवस्थित परिचालनको महत्व स्पष्ट रूपमा उजागर गरेका छन्।

विपद्को उच्च जोखिममा रहेका समुदायहरू प्रायः सामाजिक, आर्थिक तथा संस्थागत दृष्टिले कमजोर अवस्थामा रहेका हुन्छन्। खाद्य असुरक्षा, स्वास्थ्य तथा सरसफाइ सेवामा सीमित पहुँच, सुरक्षित आवासको अभाव, प्राकृतिक विपद्का कारण जीविकोपार्जनका स्रोतमा हुने क्षति तथा आधारभूत सेवामा पर्ने अवरोधजस्ता समस्याहरू विपद् प्रभावित समुदायले भोग्ने प्रमुख चुनौतीहरू हुन्। यस्ता अवस्थाले प्राकृतिक तथा गैरप्राकृतिक विपद्सँग जुध्ने समुदायको क्षमता कमजोर बनाउँछ। त्यसैले समुदायको सशक्तीकरण, मानवीय सहायता तथा सेवा प्रदायक निकायहरूको क्षमता विकास, र प्रभावकारी समन्वय प्रणालीको स्थापना आजको आवश्यकता हो।

यस योजनामा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य संवेदनशील समूहहरूको विशेष आवश्यकता र सुरक्षालाई प्राथमिकताका साथ समेटिएको छ। योजनाबद्ध तयारी, सचेतना अभिवृद्धि तथा सामूहिक प्रयासमार्फत विपद्को प्रभावलाई न्यून गर्दै सुरक्षित र उत्थानशील समुदाय निर्माण गर्न सकिन्छ भन्ने विश्वासका साथ यो योजना तयार गरिएको हो।

सुरक्षित समाज निर्माण गर्ने जिम्मेवारी केवल स्थानीय सरकारको मात्र नभई सम्पूर्ण समुदाय, नागरिक समाज, निजी क्षेत्र तथा सरोकारवाला निकायहरूको साझा दायित्व हो। सबै पक्षको सक्रिय सहभागिता, सहकार्य र प्रतिबद्धताबाट मात्र विपद् जोखिम न्यूनीकरणका लक्ष्यहरू हासिल गर्न सकिन्छ भन्नेमा म पूर्ण विश्वस्त छु।

अन्त्यमा, यस योजना निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोग तथा योगदान पुऱ्याउनु हुने अध्यक्षज्यू, सम्पूर्ण जनप्रतिनिधिहरू, गाउँपालिकाका कर्मचारीहरू, सम्बन्धित सरोकारवाला निकायहरू तथा प्राविधिक सहयोग उपलब्ध गराउने प्रतिबद्ध तेस्रो परियोजना टोलीप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

पूर्ण प्रसाद कालाथोकी
उपाध्यक्ष
माण्डवी गाउँपालिका

पूर्ण प्रसाद कालाथोकी
उपाध्यक्ष

माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## मेरो भनाई

विपद् व्यवस्थापन जोखिमको पहिचानदेखि पूर्वतयारी, सूचना व्यवस्थापन, उद्धार तथा प्रतिकार्यसम्मका विविध पक्षहरू समेट्ने एक निरन्तर र समन्वित प्रक्रिया हो। यस प्रक्रियालाई प्रभावकारी बनाउन जोखिमको सही मूल्याङ्कन, समयमै सूचना आदान–प्रदान, आवश्यक तयारी तथा छिटो र प्रभावकारी प्रतिकार्यको महत्वपूर्ण भूमिका रहन्छ। माण्डवी गाउँपालिकाको दिगो, सुरक्षित र समावेशी विकासको लक्ष्य हासिल गर्ने प्रयासमा यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एक महत्वपूर्ण आधारका रूपमा रहेको छ।

यस योजना निर्माणका क्रममा समुदायको सहभागिता सुनिश्चित गर्दै स्थानीय स्तरमा रहेका जोखिम तथा संवेदनशीलताको विश्लेषण गरिएको छ। साथै, समावेशी दृष्टिकोणलाई केन्द्रमा राखी विपद् जोखिम न्यूनीकरणका विविध उपायहरू समेटिएका छन्। योजनामा जोखिमयुक्त क्षेत्रहरूको पहिचान, उपलब्ध स्रोत तथा साधनहरूको विवरण संकलन, पूर्वसूचना प्रणालीको सुदृढीकरण तथा स्थानीय तहको समन्वय र व्यवस्थापकीय क्षमताको विकासमा विशेष जोड दिइएको छ।

विपद्को अवस्थामा शीघ्र र प्रभावकारी प्रतिकार्य सुनिश्चित गर्न आवश्यक भौतिक पूर्वाधारको विकास, दक्ष जनशक्ति उत्पादन, जनचेतना अभिवृद्धि, क्षमता विकास तालिम तथा विपद् प्रतिकार्य समूहहरूको गठन जस्ता विषयहरूलाई पनि योजनामा समावेश गरिएको छ। सुरक्षित, सक्षम र उत्थानशील समाज निर्माणका लागि यस्ता प्रयासहरूको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ। विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लक्ष्य सबै पक्षको साझा प्रयास, समन्वय र प्रतिबद्धताबाट मात्र हासिल गर्न सकिन्छ भन्ने विश्वासका साथ यो योजना तयार गरिएको हो।

गाउँपालिका प्रशासन यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत व्यवस्था, प्राविधिक सहयोग तथा सम्बन्धित निकायहरूबीच प्रभावकारी समन्वय कायम गर्न पूर्ण रुपमा प्रतिबद्ध रहेको छ । विपद् व्यवस्थापन केवल स्थानीय सरकारको जिम्मेवारी मात्र नभई समुदाय, विकास साझेदार संस्था तथा सम्पूर्ण नागरिकहरूको साझा दायित्व भएकाले सबैको सक्रिय सहभागिता आवश्यक रहेकोमा म विश्वस्त छु।

अन्त्यमा, यस योजना निर्माण तथा अद्यावधिक प्रक्रियामा महत्वपूर्ण योगदान पुर्‍याउनु हुने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सम्पूर्ण जनप्रतिनिधिहरू,विपद व्यवस्थापन समितिका सदस्यहरु, सरोकारवाला निकायहरू, गाउँपालिकाका कर्मचारीहरू तथा प्राविधिक सहयोग उपलब्ध गराउने प्रतिबद्ध तेस्रो परियोजना टिमप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

भिमकान्त भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

भिमकान्त भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

## विषयसूची


परिच्छेद १ ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ योजनाको उद्देश्य ........ १

१.३ योजना तर्जुमा प्रक्रिया ........ २

१.३.१ गाउँ विपद् व्यवस्थापन समितिको बैठक ........ २

१.३.२ आधारभूत अध्ययन ........ ३

१.३.३ विषयगतक्षेत्र सम्बन्धी अवधारण ........ ३

१.३.४ विषयगतक्षेत्र उपसमितिको गठन ........ ४

१.३.५ कार्यशाला गोष्ठी ........ ४

१.३.६ योजनाको मस्यौदा तयारी ........ ४

१.३.७ योजनामा प्रस्तावित क्रियाकलापको परिक्षण ........ ४

१.३.८ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी ........ ४

परिच्छेद २ ........ ५

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ ५

२.१.१ भौगोलिक अवस्था सीमा र क्षेत्रफल ........ ५

२.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपको पहिचान तथा स्तरीकरण ........ ९

२.२.१ प्रकोपको स्तरिकरण ........ १०

२.२.२ गाउँपालिकामा विगतमा गएका विपद् (ऐतिहासिक समयरेखा विश्लेषण) ........ १०

२.२.३ विपद्बाट भएको क्षतिको विवरण: ........ २१

२.२.४ विपद्को आवृत्ति र गम्भिरता ........ २२

२.३. सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र ........ २२

२.५ पूर्वसूचना प्रणालीको अवस्था ........ २५

२.६ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था ........ २७

२.७ विषयक्षेत्र तथा कार्य जिम्मेवारी ........ २८

२.७.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र ........ २८

२.७.२ खाद्य तथा कृषि क्षेत्र ........ २८

२.७.३ स्वास्थ्य तथा पोषण क्षेत्र ........ २८

परिच्छेद ३ ........ ३०

३.१ सामान्य पूर्वतयारी योजना ........ ३०

३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ३०

३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ३३

३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ३४

३.१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ३५

३.१.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ३६

३.१.६ संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ३८

३.१.७ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ३९

३.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ४०

३.२ मौसम पूर्वानूमानमा आधारित पुर्वतयारी तथा पूर्वकार्य योजना ........ ४१

३.२.१ मनसुन परिदृष्यको सूचना ........ ४२

३.२.२ मौसम विषेश बुलेटिन ........ ४५

३.२.३ तिन दिने मौसम पूर्वानुमान बुलेटिन र प्रभावमा आधारीत मौसम पूर्वानुमान ........ ४९

३.३ आपत्कालीन प्रतिकार्य योजना ........ ५३

३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना ........ ५३

३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना ........ ५४

३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ........ ५५

३.३.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना ........ ५५

३.३.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना ....... ५६

३.३.६ संरक्षण तथा सूरक्षा क्षेत्रको प्रतिकार्य योजना....... ५७

३.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना....... ५८

३.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना ....... ५९

परिच्छेद ४ ....... ६०

४.१ स्रोत-साधनको वर्तमान अवस्थाका साथै थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत विवरण ....... ६०

४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता ....... ६४

४.३ बन्दोबस्ती सामग्रीको आंकलन ....... ६५

४.३.१ गैर खाद्य सामग्री भण्डारण स्थल....... ६५

४.३.२ मानवीय सहायता स्थल ....... ६५

४.३.३ सुरक्षित आवास तथा खुला स्थल:-....... ६६

परिच्छेद ५ ....... ६७

५.१ स्रोत साधनको व्यवस्थापन ....... ६७

५.२ अन्य निकायसँगको समन्वय र सहकार्य ....... ६८

५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई ....... ६९

५.३.१ लक्ष्य र सूचकहरू....... ६९

५.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन ....... ७०

५.४ क्षमता विकास रणनीति र योजना ....... ७०

अनुसूची–१ ....... ७२

प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची....... ७२

अनुसूची–२ ....... ७३

स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यादेश....... ७३

अनुसूची–३ ....... ७४

सरोकारवाला निकायको पहिचान तालिका....... ७४

अनुसूची–४ ....... ७६

विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची ........ ७६
अनुसूची–५ ........ ७७
विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त (नमूना) ........ ७७
अनुसूची–६ ........ ७८
अगुवा सहयोगी संस्थाको कार्यशर्त........ ७८
अनुसूची–७ ........ ७९
कार्यशाला गोष्ठीको कार्यसूची ........ ७९
अनुसूची–८ ........ ८२
स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण ........ ८२
वडा विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण ........ ८२
जोखिम क्षेत्रमा रहेका टोल विकास संस्था र सो अन्तर्गत कार्यदलमा रहेका विद्यमान पदाधिकारीहरूको विवरण ........ ८५
अनुसूची–९ ........ ९०
विषयक्षेत्रका अगुवा संस्थाका पदाधिकारीहरूको विवरण ........ ९०
अनुसूची–१० ........ ९१
विषयक्षेत्र अन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण ........ ९१
अनुसूची–११ ........ ९३
प्रतिकार्यको लागि उपलब्ध जनशक्ति तथा संस्थाहरूको विवरण ........ ९३
अनुसूची–१२ ........ ९६
योजना अनुगमन, मूल्याङ्कन तथा सिकाई संश्लेषण प्रारुप ........ ९६
सन्दर्भ सामग्री ........ ९८

# परिच्छेद १

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ । संवैधानिक व्यवस्था कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन् । साथै विपद् व्यवस्थापनका लागि केन्द्र देखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील रहेका छन् । स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो । स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नु पर्ने हुन्छ । विद्यमान कानूनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक रहेको छ।

भौगोलिक स्वरूप, अवस्थिति, जलवायु तथा मानवीय क्रियाकलापका कारण विपद्को दृष्टिबाट माण्डवी गाउँपालिका जोखिममा रहेको छ । सम्भावित भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, असिना, चट्याङ्ग, खडेरी, महामारी, जङ्गली जनावर आतङ्क बाली तथा पशुपंक्षीमा रोग लाग्ने जस्ता प्रकोपका कारण माण्डवी गाउँपालिकामा प्रत्येक वर्ष जनधनको क्षति हुने गरेको छ । वि. सं. २०७९ सालमा गएको पहिरो र त्यस पछिका वर्षमा गएको पहिरो, बाढी र आगलागीका कारण गाउँपालिकाको ठूलो स्रोत प्रभावित घरधुरीहरूलाई राहत व्यवस्थापन, स्थानान्तरण र जीविकोपार्जन पुनःस्थापना गर्नमा लागेको छ । माण्डवी गाउँपालिकाले पहिरोको जोखिममा रहेका बस्तीको अध्ययन विश्लेषण गरी उच्च जोखिममा रहेका परिवारलाई सुरक्षित ठाउँमा सार्ने प्रयत्न गरिरहेको छ ।

यस गाउँपालिकाका समुदायमा विपद् बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न विपद्को पूर्वतयारी गरी उपलब्ध मौसम पूर्वानुमानको आधारमा पूर्वकार्य गर्नुका साथै विपद्जन्य घटना भइहालेमा प्रभावकारी प्रतिकार्य गरी विपद्को प्रभाव कम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ समेतको आधारमा माण्डवी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ को परिच्छेद २ दफा ५ को उपदफा (क) बमोजिम माण्डवी गाउँपालिकाले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

### १.२ योजनाको उद्देश्य

**उद्देश्य**

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको मुख्य उद्देश्य विपद् जोखिम व्यवस्थापन (विपद् पूर्व, विपद्को समय र विपद् पश्चात) का लागि सरोकारवाला निकायहरूको सक्रिय सहभागितामा आवश्यक गतिविधिहरू सञ्चालन गर्नु, सम्भावित जनधनको क्षति कम गर्दै विपद् उत्थानशील समुदाय निर्माण गर्नु हो । साथै प्रकोप पूर्वसूचना प्रणालीका साथै उपलब्ध मौसम पूर्वानुमान सुचनाको उपयोग गरी उपलब्ध अवसर समयमा उपयुक्त पूर्वतयारी र पूर्वकार्य गरी सम्भावित विपदबाट जनधनको रक्षा गर्नु र विपद् प्रभाव कम गर्नु हो ।

**विशिष्ट उद्देश्य:**

१. विपद् पूर्व तयारी र प्रतिकार्यका लागि विषयक्षेत्रका भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,
२. विपद् पूर्व तयारी र प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी सरोकारवाला निकाय बीचमा प्रभावकारी समन्वय, सहकार्य अभिबृद्धि गराउने र अद्यावधिक गर्नु,
३. विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाको तथ्याङ्क सङ्कलन र विश्लेषणका आधारमा योजना तर्जुमा गर्नु,
४. विपद् पूर्व तयारी र प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वकार्य तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु,

५. विपद् पूर्व तयारी र प्रतिकार्यका लागि हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न सक्ने गरि आवश्यक क्षमताको आंकलन, प्रक्षेपण र प्रबन्ध गर्नु,
६. गाउँपालिकाको क्षेत्र भित्र बसोबास गर्ने जनसमुदाय विशेष गरी महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न र पछाडि परेका समूहको योजना निर्माण प्रकिया र कार्यान्वयनमा समान प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु।

### १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ ले स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयक्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार माण्डवी गाउँपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्बन गरिएको प्रक्रियागत ढाँचा देहाय बमोजिम रहेको छः




चित्र १ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा
स्रोतः विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६

माथि उल्लिखित योजना तर्जुमाका चरण सङ्क्षेपमा तल चर्चा गरिएको छः

#### १.३.१ स्थानीय विपद् व्यवस्थापन समितिको बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (पहिलो अद्यावधिक) का लागि सर्वप्रथम मिति २०८१।०८।२७ र २८ मा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले तयारी बैठकको आयोजना गरेको थियो। दोस्रो अद्यावधिक का लागि २०८३।०२।१० गते बैठक आयोजना गरेको थियो। बैठकले योजना तर्जुमा गर्न विषयगत क्षेत्र निर्धारण गर्नुका साथै विगतका विपद्का घटना सम्बन्धी तथ्याङ्क, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आंकलन, मौसम पूर्वानुमान एवम् पूर्वसूचना प्रणाली र विपद् सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि अनुभव प्राप्त विज्ञ समेत रहेको प्राविधिक कार्यसमूह (Technical Working Group) गठन गरेको थियो। प्राविधिक कार्यसमूहको बैठकको कार्यसूची **अनुसूची-१** मा संलग्न गरिएको छ। स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले प्राविधिक कार्य समूहलाई काम, कर्तव्य र जिम्मेवारी सहित **अनुसूची-२** बमोजिमको कार्यादेश प्रदान गरेको थियो। बैठकले स्थानीय तहमा कार्यरत सरोकारवाला र साझेदार संस्थाको पहिचान तथा सूचीको प्रस्ताव तयार गरी सूचीलाई पूर्णता

प्रदान गर्ने विषयलाइ कार्यसमूहको जिम्मेवारीमा समावेश गरेको थियो । यसरी पहिचान गरिएका सरोकारवाला निकायहरूको विवरण **अनुसूची-३** मा समावेश गरिएको छ।

### १.३.२ आधारभूत अध्ययन

स्थानीय विपद् व्यवस्थापन समितिबाट स्थानीय विपद् व्यवस्थापन सम्बन्धी मौजुदा नीति, योजना, विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशन, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन (Baseline Study) र विश्लेषण गरिएको थियो। योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखको समेत अध्ययन तथा विश्लेषण गरिएको थियो:-

- ❖ नेपालको संविधान २०७२
- ❖ विपद् व्यवस्थापन सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहका नीति, ऐन, नियम तथा निर्देशिका,
- ❖ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा प्रदेश र स्थानीय तहको रणनीतिक कार्ययोजना,
- ❖ विगत पाँच वर्षको दस्तावेज गरिएका र समूहगत छलफलको माध्यमबाट विगत तीस वर्ष वा सो भन्दा अगाडिका विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशन, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आंकलन, मौसम पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सम्बन्धी तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेख,
- ❖ प्यूठान जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८१
- ❖ स्थानीय तहको विपद्को इतिहास (भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, चट्याङ्, खडेरी, महामारी, सडक दुर्घटना, जङ्गली जनावर आतङ्क आदि),
- ❖ विपद् व्यवस्थापनका क्षेत्रमा गरिएका विगतको अभ्यास, अनुभव तथा सिकाई,
- ❖ माण्डवी गाउँपालिकाको वस्तुस्थिति विवरण,
- ❖ जनसङ्ख्या विवरण, सडक सञ्जाल, नदी, बसोबास क्षेत्र तथा गाउँपालिकाको सीमाना देखिने नक्सा,
- ❖ माण्डवी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, र बजेट २०८१।०८२ र २०८२।०८३
- ❖ माण्डवी गाउँपालिका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७६
- ❖ माण्डवी गाउँपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (पहिलो अद्यावधिक २०८२)
- ❖ माण्डवी गाउँपालिकाको विपद प्रभावित व्यक्ति तथा परिवारलाइ राहत वितरण मापदण्ड तथा आर्थिक सहयोग सम्वन्धि मापदण्ड २०७९ (पहिलो संसोधन) २०८१
- ❖ माण्डवी गाउँपालिकाको डिजिटल प्रोफाईल
- ❖ प्रतिबद्ध लै.स.सा.स ढाँचा (GEDSI Framework) र लैङ्गिक विश्लेषण प्रतिवेदन
- ❖ विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१
- ❖ विपद् संवेदनशील सामाजिक सुरक्षासँग सम्बन्धित प्रतिबेदन र तथ्यांकहरू

### १.३.३ विषयगतक्षेत्र सम्बन्धी अवधारण

माण्डवी गाउँपालिकामा सम्भावित विपद्को जोखिमलाई व्यवस्थापन गर्न गाउँपालिका अध्यक्षको अध्यक्षतामा गाउँ विपद् व्यवस्थापन समिति गठन भएको छ **(अनुसूची ८)** । वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय विपद् व्यवस्थापन समिति पनि गठन गरिएको छ। गाउँपालिकामा विपद् जोखिम व्यवस्थापनको लागि सरोकारवाला निकायको सहभागितालाई सुनिश्चित गर्न विषयगतक्षेत्र समितिको व्यवस्था गरिएको छ । विषयगत क्षेत्रको विस्तृत विवरण **अनुसूची १०** मा र विषयगतक्षेत्रको कार्ययोजना **परिच्छेद ३** मा संलग्न छ।

### १.३.४ विषयगत क्षेत्रको गठन

विषयगत क्षेत्रको रुपमा योजनाको प्रस्ताव तयार गर्न ८ वटा विषयगत क्षेत्र गठन गरिएको थियो । विषयगत क्षेत्र समितिको बैठकको कार्यसूची **अनुसूची-४** मा प्रस्तुत गरिएको छ। विषयगत क्षेत्रका सदस्य संस्थाको विवरण **अनुसूची-९** मा र ती निकायको कार्यशर्त **अनुसूची-५** मा समावेश गरिएको छ।

### १.३.५ कार्यशाला गोष्ठी

विषयगत क्षेत्रको प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशालामा विषयगत क्षेत्रबाट प्रस्तावित विवरण तथा योजना उपर छलफल गरी सुझाव सङ्कलन गरिएको थियो । कार्यशाला गोष्ठीको कार्यसूची **अनुसूची-७** मा संलग्न रहेको छ ।

मिति २०८१/०८/२७ र २८ गते र दोस्रो अद्यावधिकको लागि मिति २०८३/०२/१० गते सञ्चालित कार्यशाला गोष्ठीमा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्य, विषयक्षेत्रका सदस्य सङघ/संस्था, रेडक्रस, निजी क्षेत्रका प्रतिनिधि, विज्ञ लगायतका सरोकारवालाको सहभागिता रहेको थियो । कार्यशालाको सञ्चालन तथा सहजीकरण विज्ञ कार्यसमूहले गरेको थियो । योजना तर्जुमा प्रक्रियामा मानवीय सहायतामा संलग्न सरकारी निकाय तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संलग्न थिए ।

### १.३.६ योजनाको मस्यौदा तयारी

उपलब्ध नीति, कानून तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषयगत क्षेत्रको छलफल र अन्य स्रोतबाट सङ्कलन गरिएका सूचना र कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्ष र सुझाव समावेश गरी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रस्तुत मस्यौदा तयार गरिएको छ ।

### १.३.७ योजनामा प्रस्तावित क्रियाकलापको परिक्षण

विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा प्रस्ताव गरिएका मुख्य क्रियाकलाप उपयुक्त भए नभएको तथा प्रस्तावित क्रियाकलाप गर्ने क्षमता गाउँपालिका तहमा उपलब्ध भए नभएको सुनिश्चित गर्न सरोकारवालाको सहभागितामा कृत्रिम घटना अभ्यास मार्फत परीक्षण गरिएको थियो । यस्तो परीक्षणबाट प्राप्त भएका सुझाव एवं सिकाइलाई यो योजना अद्यावधिक गर्ने चरणमा संलग्न गरिएकोछ ।

### १.३.८ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी

कार्यशालाबाट प्राप्त राय एवं सुझाव सहित तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, सङ्घ संस्था र विज्ञहरूको सुझाव लिईएको थियो । यसरी प्राप्त भएका सुझावलाई स्थानीय विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिईएको छ।

## परिच्छेद २

विपद् जोखिम र व्यवस्थापनको अवस्था

यस परिच्छेदलाई दुई खण्डमा विभाजन गरिएको छ। खण्ड क मा यस गाउँपालिकाको संक्षिप्त परिचय उल्लेख गरिएको छ र खण्ड ख मा विपद् जोखिम र व्यवस्थापनको अवस्था विश्लेषण गरिएको छ।

खण्ड क

### २.१ गाउँपालिकाको संक्षिप्त परिचय

माण्डवी गाउँपालिका लुम्विनी प्रदेशको प्यूठान जिल्लाका ९ स्थानीय तह मध्येको एक गाउँपालिका हो। साविकका मर्कावाङ, नयाँगाउँ, रम्दी र उदयपुरकोट गाविसका सबै वडा र तिराम गा.वि.स.का १ – ४ वडाहरू समेटेर माण्डवी गाउँपालिका घोषणा गरीएको थियो। यस गाउँपालिकामा ५ वटा वडाहरू रहेका छन्। औषत पारीवारीक आम्दानीमा कृषि पेशाको सवैभन्दा ठुलो हिस्सा रहेको छ र स्थानीय वासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो। पाँच वटै वडाहरू सडक सञ्जालमा आवद्ध भैसकेको भए तापनि केही वडाहरूमा वर्षायाममा यातयात तथा ढुवानीका साधनहरु सञ्चालन हुन सक्दैनन। यस पालिका भएर माडी नामको नदी बग्ने गर्दछ सोही नदीको नामवाट यस पालिकाको नाम रहेको वुझिन्छ तर कुनै पनि दस्तावेजमा सो कुरा उल्लेख भएको भेटिदैन।

### २.१.१ भौगोलिक अवस्था सीमा र क्षेत्रफल

लुम्विनी प्रदेशको प्यूठान जिल्लामा अवस्थित माण्डवी गाउँपालिका भौगोलिक हिसाबले ८२°४१'३०" देखि ८२°५०'३०" र पूर्व देशान्तरसम्म २७°५९'३०" देखि २८°६'३०" उत्तरी अक्षांश सम्म अवस्थित छ। यो गाउँपालिका समुद्री सतहबाट ४९२ मिटर उँचाइ देखि १८८२ मिटर सम्मको उँचाइमा फैलिएको छ। ११३.०८ बर्ग किमि क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा स्वर्गद्वारी र प्यूठान नगरपालिका पश्चिमतर्फ दाङ जिल्ला, दक्षिणमा सरुमारानी गाउँपालिका र पूर्वमा ऐरावती र मल्लरानी गाउँपालिका रहेका छन्।

### २.१.२ गाउँपालिकाको जनसङ्ख्या तथा सामाजिक संरचना सम्बन्धी विवरण

माण्डवी गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार ३७९४ परिवारमा १५,८६३ जनसंख्या रहेको छ। जसमा पुरुषको संख्या ७,०३९ र महिलाको संख्या ८,८२४ रहेको छ। परिवारको औशत आकार ४.१८ लैंगिक अनुपात ७९.७७, वार्षिक जनसंख्या वृद्धिदर ०. ५०, जनघनत्व १४०, साक्षरता दर ८१.६ प्रतिशत र झण्डै १९.१९ प्रतिशत जग्गा हाल खनजोत हुने उपयुक्त जमिनको रुपमा रहेको छ। माण्डवी गाउँपालिकाको राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकामा ३०६८ घरधुरी र जनसङ्ख्या १५०५८ रहेको थियो। २०७८ को जनसङ्ख्या अघिल्लो जनगणना २०६८ को तुलनामा ८०५ ले र घरधुरी सङ्ख्या ७२६ ले बढेको देखिन्छ। गाउँपालिकाको जनसङ्ख्या सम्बन्धी संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ।

***तालिका २ वडागत जनसंख्या, क्षेत्रफल र जनघनत्वको विवरण***

| वडा नं. | घरधुरी | पुरुष | महिला | जनसङ्ख्या | क्षेत्रफल(वर्ग कि मि) | जनघनत्व (प्रति वर्ग कि मि) |
|---|---|---|---|---|---|---|
| १ | ६९० | १४३२ | १६८४ | ३११६ | १८.५५ | १६८ |
| २ | ७१३ | १५६१ | १८०३ | ३३६४ | २२.०७ | १५२ |
| ३ | १०४३ | १७०४ | २१९४ | ३८९८ | १९.६१ | १९९ |
| ४ | ७०१ | १२७४ | १७९१ | ३०६५ | ३१.३७ | ९८ |
| ५ | ६४७ | १०६८ | १३५२ | २४२० | २१.४७ | ११३ |
| **जम्मा** | **३७९४** | **७०३९** | **८८२४** | **१५८६३** | **११३.०८** | **१४०** |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

यस गाउँपालिकामा विगत ५ वर्ष देखि सामाजिक सुरक्षा भत्ता पाइरहेका नागरिकको विवरण देहाय बमोजिम रहेको छ :

**तालिकाः ३ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको बार्षिक विवरणः**

| सामाजिक सुरक्षाको प्रकार | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| जेष्ठ नागरिक भत्ता | ५३४ | ७२४ | ७४६ | ७७९ | ७२२ |
| दलित जेष्ठ नागरिक | ११५ | १०३ | ११४ | ११९ | १३९ |
| एकल महिला | २२३ | १७१ | १४५ | १२१ | १७५ |
| विधवा | २८४ | २९१ | ३०३ | ३२४ | २८६ |
| पूर्ण अपाङ्गता भत्ता | २० | २० | २१ | २२ | २२ |
| अति अशक्त भत्ता | ६७ | ७२ | ८० | ८७ | ८९ |
| दलित बालबालिका | २९१ | २७६ | २५७ | २३७ | २२७ |
| **जम्मा** | १५३४ | १६५७ | १६६६ | १६८९ | १६६० |

स्रोतः माण्डवी गाउँपालिकाको (सामाजिक सुरक्षा शाखामा रहेको) तथ्याङ्क, २०८३

### २.१.३ गाउँपालिकाको अपाङ्गता भएका जनसङ्ख्या

माण्डवी गाउँपालिकामा निम्न रूपमा अपाङ्गता भएका जनसङ्ख्या रहेको छ ।

**तालिकाः ४ अपाङ्गता भएको व्यक्तिहरू सम्बन्धी विवरण**

| अपाङ्गता प्रकार | कुल | पुरुष | महिला |
|---|---|---|---|
| शारीरिक अपाङ्गता | ८७ | ५३ | ३४ |
| दृष्टि सम्वन्धि अपाङ्गता | ५ | १ | ४ |
| स्वर वोलाइ सम्वन्धि अपाङ्गता | १४ | ५ | ९ |
| श्रवण दृष्टिविहीन अपाङ्गता | १ | १ | ० |
| न्यून दृष्टिविहिन | २० | १७ | ३ |
| बहिरोपन | २० | ७ | १३ |
| मानसिक वा मनोसामाजिक | २ | ० | २ |
| बौद्धिक अपाङ्गता | १७ | १२ | ५ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | १ | १ | ० |
| अटिजम् | ० | ० | ० |
| बहुअपाङ्गता | १ | ० | १ |
| अन्य | ८ | ५ | ३ |
| **जम्मा** | **१७६** | **१०२** | **७४** |

**स्रोतः** माण्डवी गाउँपालिकाको डिजिटल प्रोफाईल २०८०

**नेपाल सरकारवाट औषधि उपचार खर्च पाउने व्यक्तिहरू सम्बन्धी विवरण**

| वडा नं | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| दिर्घ रोगी ( मुटु रोगी, क्यान्सर,मृगौला) | ८ | ५ | ७ | १ | ४ | **२५** |

**स्रोतः** माण्डवी गाउँपालिका स्वास्थ्य शाखा २०८३

**गाउँपालिका दिर्घरोगी सहायता कार्यक्रमबाट सहयोग प्राप्त गर्ने व्यक्तिहरू सम्बन्धी विवरण**

| वडा नं | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| दिर्घ रोगी सहायता कार्यक्रम | १ | ५ | ० | २ | ३ | ११ |

**स्रोत:** माण्डवी गाउँपालिका स्वास्थ्य शाखा २०८३

### २.१.४ गाउँपालिकामा रहेका प्रमुख नदी, ताल तलैया

यस गाउँपालिकाका प्रमुख नदीनाला तथा खोलामा माडी नदी, झिमरुक नदी अरङ्ग खोला, खुक्ली खोला लगायत साना र ठूला खोलाहरु रहेका छन् । वडागत प्रमुख नदी तथा खोलानालाको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका: ५ वडागत प्रमुख खोलानाला र नदीको विवरण**

| वडा नं. | प्रमुख खोला | प्रभाव पार्ने समुदाय तथा बस्तीहरू |
|---|---|---|
| १ | अरङ्ग खोला | वढेचौर,कुमालटार र अरङ्ग खोला |
| | माडी नदी | सिमलचौर, गर्जेनी |
| | तिमिले खोला | तिमिले |
| | खुक्ली खोला | वढेचौर |
| | बागे खोला | पल्याङ्ग |
| २ | अरङ्ग खोला | ढिकावन |
| | कात्रेखोला | कात्रे |
| | खुक्लीखोला( मर्ने खोला, ढोड खोला, कात्रेखोला) | मर्कावाङ्ग, रातापानी |
| | भुल्के खोला | भुल्के, रातापानी फुलवारी अविरे |
| | मसुरे खोला | छमखुट्टा, फलिदेपाखा |
| ३ | माडी नदी | नयागाउँ,जस्पुर,देवीस्थान |
| | चित्रे खोला | जस्पुर |
| | पाकुरी खोला | जस्पुर |
| | हिरङ्ग खोला | लामाचौर |
| | सिदिने खोला | दारिमचौर |
| ४ | अरङ्ग खोला | मुगचौर, आपचौर, दक्सुने, गरुले, फरिन्डे, वुर्दी, वालुवा, पेदी, फुलवारी र वुटेनी |
| | कुसुन्डे खोला | डाँडाकटेरी, चोरपानी, तिल्केनी |
| | झ्याङलाङ खोला | |
| ५ | झिमरुक खोला | तिघ्रा, आपचौर,रम्दीवेशी,जोत्रे |
| | तिघ्रा खोला | तिघ्रा |
| | चोरपानी खोला | चोरपानी र अर्दुस |
| | चावे खोला | मारम टोल र ज्योती प्रा वि |
| | चिसापानी खोला | रम्दीवेशी |

**स्रोत:** समुह छलफलको निष्कर्ष, २०८३

### २.१.५ भौतिक पूर्वाधार र सेवा

**विद्यालय:-** यस गाउँपालिकामा सामुदायिक तथा संस्थागत गरी जम्मा २८ वटा विद्यालय र २ वटा सिकाई केन्द्रहरु रहेका छन् । आपत्कालीन अवस्थामा जस्तै: बाढीपहिरो आउँदा गाउँ, टोलका परिवारले आश्रय लिन सामुदायिक तथा संस्थागत विद्यालयका कक्षाकोठा र परिसर प्रयोग गर्नुपर्ने वाध्यता रहेको छ । कतिपय विद्यालयमा वा विद्यालय जाने सडकमा पहिरो वा ढुङ्गा लडेर आउन सक्ने जोखिम छ ।

| वडा नं. | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| सामुदायिक | ५ | ६ | ५ | ६ | ४ |
| संस्थागत | ० | ० | २ | ० | ० |
| सिकाई केन्द्र | १ | | १ | | |
| **जम्मा** | **५+१** | **६** | **७+१** | **६** | **४** |

**स्रोत:** माण्डवी गाउँपालिकाको वार्षिक शैक्षिक प्रतिवेदन, २०८१/०८२

**स्वास्थ्य सेवा:-** यस गाउँपालिकामा ५ वटा स्वास्थ्य चौकी र ३ वटा स्वास्थ्य इकाइ रहेका छन् ।

| वडा नं | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| आधारभूत अस्पताल | ० | ० | १ | ० | ० | १ |
| स्वास्थ्य चौकी | १ | १ | ० | १ | १ | ४ |
| सामुदायिक स्वास्थ्य इकाइ | ० | १ | ० | १ | १ | ३ |
| गाउँघर क्लिनिक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| खोप क्लिनिक | ५ | ५ | ५ | ५ | ५ | २५ |
| स्वास्थ्यकर्मी | ५ | ५+३ | ११ | ४+१ | ४+१ | ३७ (गाउँपालिकामा ३ जना समेत गरी) |
| आर. आर. टी. | १ | १ | १ | १ | १ | ५ |
| स्वयमसेविका | ४ | ९ | ९ | १० | ९ | ४१ |

**स्रोत:** माण्डवी गाउँपालिकाको स्वास्थ्य शाखा

**सञ्चार सेवा र पूर्वसूचना:-** यस गाउँपालिकामा मोवाइल टेलिफोन, एफ एम रेडियो, टेलिभिजन, सामाजिक सञ्जालका साथै माइक, साइरन लगायतका स्थानीय उपकरण मार्फत् सूचना आदानप्रदान गर्न सकिन्छ । सुरक्षा निकायसँग वाकिटकी सेट समेत रहेका छन् ।

**उद्धार सामग्री, प्रविधि, औजार:-** गाउँपालिका सँग न्यूनतम उद्धार सामग्री जस्तै: लाईफ ज्याकेट, सुरक्षा हेल्मेट, स्ट्रेचर, माईक, आगो निभाउने यन्त्र, पेट्रोलवाट चलाउने आरा मेसिन,गैटी,सावेल,गल, घन आदि छन् । हाल गाउँपालिकामा मौज्दात रहेको सामग्री विवरण **परिच्छेद ४** मा समेटिएको छ ।

**नजिकको बजार, पसलको विवरण:-** गाउँपालिकाको मुख्य बजार जस्पुर र देवीस्थान क्षेत्र हो । । स्थानीय स्तरमा तिराम, रातापानी, लामाचौर, नयाँगाउँ, धोवाघाट, रम्दी जस्ता स्थानमा स्थानीय बजारहरु छन् । साथै गाउँगाउँमा पनि दैनिक उपभोगका सामान पाइने बजार,

पसल छन् । मुख्य किनमेलको लागि भने जस्पुर र देवीस्थान बजार नै मुख्य गन्तव्य हो । पालिका बाहिर पालिका केन्द्र जस्पुर वाट ६ कि.मी. को दुरीमा चेरेनेटा, १० कि.मी. दुरीमा विजुवार र १४ कि.मी. दुरीमा वाग्दुला जस्ता प्यूठानका प्रमुख वजार केन्द्र रहेका छन । गाउँका पसलमा प्यूठानका प्रमुख वजार केन्द्र विजुवार,वाग्दुला, जस्पुर र देवीस्थान बजारबाट सामग्री लगिन्छ । समुदायलाई कतिपय सुविधा गाउँमा उपलब्ध भए तापनि धेरै समुदायका लागि उपचार, शिक्षा तथा अन्य कामको लागि जस्पुर र देवीस्थान नै पुग्नुपर्ने हुन्छ । गम्भीर खालको बिरामी वा घाइतेको उपचारको लागी जिल्ला अस्पताल विजुवार छिमेकी जिल्ला दाङ, उच्च शिक्षाको लागी छिमेकी जिल्ला दाङ , वुटवल र काठमाडौं, रोजगारी तथा अन्य सुविधाका लागि छिमेकी जिल्ला दाङ, वुटवल, काठमाडौ र रोजगारीको सिलसिलामा भारत र वैदेसिक रोजगारीमा समेत जाने गरिन्छ ।

### २.१.६ वडा र सामुदायिक विपद् व्यवस्थापन समिति सम्बन्धी विवरण

सबै वडामा विपद् व्यवस्थापनमा कार्य गर्ने जिम्मेवारी सहित वडा विपद् व्यवस्थापन समिति गठन गरिएको छ । यस गाउँपालिकामा टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि बनाएर प्राय सबै वडामा टोल विकास संस्था गठन भएर परिचालन भएको अवस्था छ । प्राय सवै समुदायमा टोल विकास संस्था रहेको कारण विपद् व्यवस्थापन क्षेत्रमा कार्य गर्ने गरी टोल विकास संस्थाको जिम्मेवारी तथा भुमिकामा विपद पूर्व तयारी तथा प्रतिकार्यका कामहरु थप गरीएको छ । साथै जोखिम क्षेत्रमा रहेका टोल विकास संस्थालाई थप सक्रिय बनाउनको लागी कार्यहरु अगाडी बढाइएको छ। विशेष गरी पहिरोको जोखिमयुक्त स्थानलाई समेटेर ५ वटा टोल विकास संस्थालाई विपद व्यवस्थापन सम्वन्धि कार्यमा सक्रिय बनाउन विभिन्न कार्यदलहरु समेत गठन गरीएको छ । वडा विपद् व्यवस्थापन समिति तथा जोखिम क्षेत्रमा रहेका टोल विकास संस्था त्यस अन्तर्गत गठित विभिन्न कार्यदलहरुको विवरण **अनुसुची ८** मा उल्लेख गरिएको छ ।

### २.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपको पहिचान तथा स्तरीकरण

माण्डवी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा वडा/समुदायमा भएका विद्यमान प्रकोपको पहिचान हुन आवश्यक हुन्छ । वडा स्तरमा सहभागीतात्मक संकटासन्नता तथा क्षमता लेखाजोखा गर्ने क्रममा विपद् प्रभावित समुदायका ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, वुद्धिजिवी, समाजसेवी एवं वडा समिति सदस्य आदिको प्रत्यक्ष सहभागितालाई सुनिश्चित गरीएको थियो । सो क्रममा सामूहिक छलफल, व्यक्तिगत तथा सामूहिक अनुभव र ऐतिहासिक अभिलेखको अध्ययन र विश्लेषण गरेर समुदायमा विगत ३० वर्षदेखि हालसम्म विपद् निम्त्याउने प्रकोपको पहिचान गरी विद्यमान प्रकोपको सुची तयार गरिएको छ । यस सुचीमा बाढी, पहिरो, भूकम्प, महामारी, हावाहुरी, जनावर आतङ्क, आगलागी, खडेरी, चट्याङ, सडक दुर्घटना आदि परेका छन् ।

**तालिका:१० वडागत विद्यमान प्रमुख प्रकोपको पहिचान तथा स्तरीकरण**

| प्रकोप/वडा | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| भूकम्प | | | | | |
| बाढी | ३ | ४ | २ | ४ | ३ |
| पहिरो | १ | १ | १ | १ | १ |
| हावाहुरी | ६ | ५ | ६ | ५ | ६ |
| चट्याङ्ग | ७ | ६ | ७ | ६ | ७ |
| आगलागी | २ | २ | ३ | २ | २ |
| असिनापानी | ८ | ७ | ८ | ७ | ८ |
| वन्यजन्तु आतंक | ३ | ३ | ५ | ३ | ४ |
| महामारी | १० | १० | १० | १० | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| सडक दुर्घट्ना | ५ | ८ | ४ | ८ | ५ |
| खडेरी | ९ | ९ | ९ | ९ | ९ |
| विद्युत करेन्ट | ११ | ११ | ११ | ११ | ११ |

**स्रोतः समुह छलफलको निष्कर्ष, २०८३**

### २.२.१ प्रकोपको स्तरिकरण

यस गाउँपालिकाका वडामा घटेका विपद्का घटनाको आधारमा सहभागितात्मक लेखाजोखा तथा छलफलको माध्यमबाट वडाका विभिन्न प्रकोपको स्तरीकरण गरिएको र वडागत प्रकोप स्तरीकरणबाट आएको सूचनालाई आधार मानि गाउँपालिकाको प्रकोप स्तर निम्नानुसार निर्धारण गरिएको छ।

**तालिका:११ माण्डवी गाउँपालिकाका विद्यमान प्रमुख प्रकोपको पहिचान तथा स्तरीकरण**

| मुख्य प्रकोप | भूकम्प | पहिरो | बाढी | वन्यजन्तु आतंक | हावाहुरी | आगलागी | असिना पानी | महामारी | खडेरी | चट्याङ्ग | सडक दुर्घटना | विद्युत करेन्ट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्राप्ताङ्क | | ५ | १६ | १९ | २८ | ११ | ३८ | ५० | ४५ | ३३ | ३० | ५५ |
| स्तर | | पहिलो | तेस्रो | चौँथो | पाचौ | दोस्रो | आठौ | दशौ | नवौ | सातौ | छैठौ | एघारौ |

**स्रोत**: माण्डवी गाउँपालिकाको पालिका स्तरीय कार्यशाला २०८१

### २.२.२ गाउँपालिकामा विगतमा गएका विपद् (ऐतिहासिक समयरेखा विश्लेषण)

यस गाउँपालिकामा विगतका विभिन्न समयमा घटेका प्राकृतिक, गैह्रप्राकृतिक, जलवायु जन्य विपद्का घटनाको ऐतिहासिक समयरेखा, सो को प्रभाव र प्रभावित क्षेत्र निम्नानुसार छः

**तालिका:१२ विपद्को ऐतिहासिक क्षति विवरण**

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | २०७९ | १ | २०७९ सालमा वाढीले वारी कटान गरी करिव १ रोपनीमा क्षति | सिमलचौर | |
| | २०७९ | १ | वाढीले ५ घरधुरीको करिव १२ रोपनी खेतमा क्षति साथै मनिराम सुनारको १ घरमा क्षति | वढेचौर | वाढीकटान क्षेत्रमा तटवन्ध निर्माण |
| | २०७९ | २ | वाढीले ५ घरधुरीको करिव ३० रोपनी जती खेत पुरेको | ढिकावन | खोलामा तटवन्ध निर्माण गरीएको |
| | २०८१ | २ | वाढीले १ घरधुरीको १ रोपनी खेतमा क्षती धानवाली पुरेको | ढिकावन | खोलामा तटवन्ध निर्माण गरीएको |
| | २०७९ | २ | १२ रोपनी खेत कटान | मर्कावाङ | |
| | २०७९ | २ | १२० रोपनी खेत कटान | ढिकावन | |

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | २०७९ असोज | | २० घरधुरीले मार्सिवाङ लिफ्ट सिंचाईको पम्पहाउसमा क्षती | मार्सिवाङ | |
| | २०७९ असोज | ३ | स्याउलेघारी टोलमा ४ घरमा क्षती, ४ घर उच्च जोखिममा तथा खेतियोग्य जमिनमा क्षती | गितखोली | |
| | २०७९ असोज | ३ | झ्याङवाङ खोलाले ७० घरधुरीले प्रयोग गर्ने सिंचाई कुलोको बाँध तथा कुलोमा बर्सेनी क्षेती पुर्याउने गरेको | टार | |
| | | ३ | गढीखोलाको बाढी होमपाईप बुझिएर बाढी बस्तीमा पसेर २५ घर उच्च जोखिममा | लामाचौर | तारजाली खोलाको दुबैतर्फ |
| | | ३ | माण्डवी नदीले जागुडीबगर सा.बन. मा क्षती पुर्याउने तथा १ झुलुंगे पुल उच्च जोखिममा | लामाचौर | तटबन्धन |
| | | ३ | झ्याङवाङ खोलाको बाढीले वर्सेनी ७ परिवारको खेतियोग्य जमिन पटान गर्ने गरेको | चिदिआर | |
| | | ३ | गुभारखोलाले खोलावारी पारीको खेतमा क्षती तथा नमुना मा.वि. उच्च जोखिममा | योगीटोल तथा आर्नेटोल | |
| | | ३ | माण्डवी नदीले ५० घरधुरीको खेत तथा लिफ्ट सिंचाईको पम्पहाउस उच्च जोखिममा | कछार | |
| | | ३ | गुवाखोला र माण्डवी नदीको मिल्ने स्थानमा रहेको ३५० घरधुरीले प्रयोग गर्ने लिफ्ट खानेपानीको इनार र पम्पहाउस बाढीको उच्च जोखिममा। | | |
| | | ३ | माण्डवी नदीले ६५ घरधुरीले प्रयोग गर्ने लिफ्ट खानेपानीको ईनार र पम्पहाउस उच्च जोखिममा | घर्तिटोल तथा भट्राईटोल | |
| | | ३ | झ्याङवाङ खोलाले १०० घरधुरीको १३ बिगाहा जजिनमा लाग्ने सिंचाइकुलोको बाँध बगाएको | तल्लोकुला फाँट | |
| | | ३ | माण्डवी नदीले ५० घरधुरीको जमिन कटान गर्दैगरेको तथा लिफ्ट | दारीमचौर | |

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | | | खानेपानीको पम्प हाउस जोखिममा । | | |
| | | ३ | माण्डवी नदीले ८० रोपनी जमिन कटान गरी सकेको, १० घरधुरीको ३५० रोपनी जग्गा कटानको उच्च जोखिममा तथा १० घर उच्च जोखिममा | साविक २ जामुनी टोल | |
| | | ३ | माण्डवी नदीले ८० रोपनी जमिन कटान गरी सकेको, १० घरधुरीको ३५० रोपनी जग्गा कटानको उच्च जोखिममा तथा १० घर उच्च जोखिममा | साविक २ जामुनी टोल | |
| | | ३ | माण्डवी नदी तथा चित्रेखोला कटानले गर्दा २५० घरधुरी उच्च जोखिममा तथा प्रहरी विट पनी उच्च जोखिममा | जस्पुर बगैचा देखि एक्लेपिपल तथा देविस्थान | |
| | २०६८ | ५ | दोन्द्रे खोलाले कटान गरी १९ घरधुरीलाइ हिडडुल गर्न कठिनाई परेको छ। | | अस्पताल लगि उपचार गरेको। |
| पहिरो | २०७९ | १ | | थापाटोल | पुर्नस्थापना लाभग्राही कायम भइ जग्गा |
| | २०७९ | १ | | उपल्लो टोला | |
| | २०७९ | १ | | माझ टोल | |
| | २०७९ | १ | | जेमुरे | |
| | २०७९ | १ | ६ घर विस्थापित | थापा टोल | |
| | २०७९ | १ | | छेडा पोखरी टोल | |
| | २०७९ | १ | पहिरोले १ घरधुरीको करिव २ रोपनी खरवारीमा क्षती | खरीवाङ | पहिरो जोखिम क्षेत्रमा ग्याविन जाली लगाएको |
| | | १ | २०७९ सालमा पहिरोले १ घरधुरीको करिव १ रोपनी खरवारीमा क्षती | राइपाल पहिरो | नभएको |
| | २०७९ | १ | पहिरोले १ घरधुरीको करिव १ रोपनी वारी र खरवारीमा क्षती | तिराम सानचौर पहिरो | हुम वहादुर खत्री पुर्न निर्माणको लागी लाभग्राही छनौट |
| | २०७९ | १ | पहिरोले १ घरधुरीको २ रोपनी जती वारी र खरवारीमा क्षती | डाम्री खोला | केही कार्य नभएको |
| | २०७९ | | १ घरधुरीको २ रोपनी वारीमा क्षती | कुमालटार | नाली सरसफाइ तथा भल तर्काउने काम भएको |

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | २०८१ | १ | २०८१ सालमा पहिरो को कारण विस्ना रानाको घरमा पुर्ण क्षति | कुमालटार | पुर्न निर्माणको लाभग्राही कायमको लागी प्रकृया थालेको साथै नाली सरसफाइ तथा भल तर्काउने काम भएको |
| | २०८१ | १ | पहिरोको कारण ४ घर उच्च जोखिममा रहेको कारण मनसुन समयमा विद्यालय क्षेत्रमा अश्थायी आवासमा वस्दै आएको | सिमल चौर | मनसुनको समयमा आफ्नो घर तथा समुदाय वाट वाहिर वस्दै आएको, वाढी क्षेत्रमा तटवन्ध गरेको तर पहिरो जोखिम क्षेत्रमा केही कार्य नभएको |
| | २०७९ | १ | पहिरोले ४ घरधुरीको करिव १५ रोपनी वारी मा दरारहरु आइ क्षती | तिमिले | ४ जना पुर्नस्थापनाको लागी लाभग्राही छनौट भइ घडेरी खरीद प्रकृयामा रहेको साथै पहिरो प्रभावित ४ घरधुरी छिमेकीको घरमा वसेको साथै क्षती भएको वारीमा खनजोत गरी खेती गर्न सुरु |
| | २०७९ | १ | १ घरधुरीको करिव २ रोपनी खरवारी तथा वारीमा क्षती २०७९ सालमा पहिरोले १ घरमा आशिक क्षति दरार आएको | तल्लो माझ टोल | १ घरधुरी पुर्न निर्माणको लागी लाभग्राही छनौट |
| | २०७९ | १ | १ घरधुरीको करिव १ रोपनी वारी मा क्षती, २०७९ सालमा पहिरोले २ घर भेसराज खड्का र यान व घर्तीमगरको घरमा पुर्ण क्षति | जेमुरे | २ घरधुरी पुर्ननिर्माणको लागी लाभग्राही छनौट भइ घर निर्माण भइरहेको |
| | २०७९ | १ | ४ घरधुरीको करिव २ रोपनी जती खरवारीमा क्षती | छेडा पोखरी | टोल विकास सस्थाले सुख्खा पर्खाल लगाएको |
| | २०७९ | १ | पहिरोले तेज वहादुर नेपालीको घरमा पुर्ण क्षती | वढेचौर | २ घरधुरी पुर्ननिर्माण लाभग्राही छनौट भइ घर निर्माण कार्य भइरहेको साथै |
| | २०७९ | १ | २५ घरधुरी को करिव ४० रोपनी वारीमा दरारहरु आएको र २०७९ सालमा दरार आइ ४ घरमा पुर्ण क्षति | सिरकोट टोल | ४ घरधुरी पुर्ननिर्माण लाभग्राही छनौट भइ घर निर्माण भइरहेको साथै २ घरधुरी आफ्नै घर मर्मत गरी, १ घरधुरी अस्थायी आवासमा वस्दै आएको र घर निर्माण भइरहेको साथै दरार आएको वारी खनजोत गरी खेती गरेको |

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | २०७९ | १ | १० घरधुरीको करिव ८ रोपनी वारीमा दरार आएको २०७९ सालमा दरार आइ ४ घरमा पुर्ण क्षति | तिराम उपल्लो माझटोल | ४ घरधुरी पुर्ननिर्माणाको लाभग्राही छनौट भइ ३ घर निर्माण कार्य भइरहेको |
| | २०७९ | १ | देवीस्थान तिराम सडक खण्डमा पहिरोले वाटो अवरुद्ध हुने | दुविनडाँडा | पहिरो हटाइ सडक सुचारु गर्ने गरेको |
| | २०७९ | २ | पहिरोले ८ घर वगाएको र २० घरधुरीको खेतीयोग्य करिव १०० रोपनी वारी वगाएको र पुरेको | धनचौर | ३४ घरधुरी पुर्नस्थापना लाभग्राही छनौट भइ सुरक्षित स्थानमा जग्गा खरिद प्रकृयामा रहेको |
| | २०७९ | २ | पहिरोले १ घरधुरीको खेतीयोग्य करिव ४ रोपनी वारी पुरेको साथै खिम वहादुर कामीको १ घरमा आशिक क्षति २०८१ सालमा पहिरोले दुर्गा वहादुर कामीको घरमा पूर्ण क्षती | मर्कावाङ्ग पिपलछेडा | १ घरधुरी पुर्ननिर्माणाको लाभग्राही छनौट १ घरधुरी पुर्ननिर्माणको लाभग्राही छनौटको प्रकृयामा रहेको र पहिरो क्षेत्रमा वृक्षारोपण गरीएको |
| | २०७९ | २ | २०७९ सालमा पहिरोले २घरधुरीको करिव ६ रोपनी वारी वगाएको साथै २ घरमा दरारहरु आई क्षती | करमाचौर काब्रे | पुर्ननिर्माण लाभग्राहीमा छनौट भइ घर निर्माण कार्य भइरहेको र पहिरो क्षेत्रमा वृक्षारोपण गरीएको |
| | २०७९ | २ | पहिरोले १ घरधुरीको करिव १ रोपनी जती खरवारीमा क्षती | ढाड | केही कार्य नभएको |
| | २०७९ | २ | २ घरमा दरारहरु आएर क्षति साथै पहिरोको कारण २ घरधुरीको वारीमा दरारहरु आएको र करिव २ रोपनी वारीमा क्षती | रातापानी | १ घरधुरी पुर्नस्थापना र १ घरधुरी पुर्ननिर्माणको लाभग्राही छनौट |
| | २०७९ | २ | पहिरोको कारण ३ घरधुरीको करिव ३ रोपनी वारी र खरवारी मा क्षति | खुक्लीचौर (ओडार) | केही कार्य नभएको |
| | २०७९ | २ | पहिरोको कारण १ घरधुरीको २ रोपनी खरवारीमा क्षती | वेलीपोखरा | पहिरो क्षेत्रमा वृक्षारोपण गरीएको |
| | २०७९ | २ | ८ घर क्षति | तल्लो धनचौर | समुदाय बाट उद्धार कार्य गरेको |
| | २०७९ | २ | १ घर क्षति | मर्कावाङ | समुदाय बाट उद्धार कार्य गरेको |
| | | ३ | पहिरोको कारण नयाँगाउ उदयपुरकोट मोटरवाटोमा असर पानी परेको वेला वाटो वन्द हुने समस्या | आपचौर | पहिरो क्षेत्रमा पहिरो गए पश्चात वाटो सफा गरी सुचारु गर्ने गरेको |

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | २०८० | ३ | २०८० सालमा वाटो खनेपछि पहिरो जादा १ घरधुरीको २ रोपनी जती खरवारीमा क्षति | सल्लीकोट | |
| | | ३ | वन क्षेत्रमा पहिरो गइ घर नजिक पहिरो झरेको र चकचके भालुवाङ्ग सड्क खण्ड मा असर पुर्याएको | जस्पुर | पहिरोले वाटो वन्द भएपछि वाटो सफागरी यातयात सुचारु गर्ने गरेको |
| | | ३ | हिरङखोला कटानका कारणले पहिरो जाँदा गोरेटोबाटो र मन्दीर उच्च जोखिममा | मार्सिवाङ | |
| | | ३ | सडकका कारण पहिरोले १ घर पुरेको र सडक तल माथिका १० घर उच्च जोखिममा | साविक ५ र ६ को गुवाखोला चोक देखि रियाटोल सम्म | |
| | | ३ | घर्तिटोलका ११ घर, भलवा टोलका २० घर, भट्राईटोलका १२ घर तथा पुवालीटोलका ६ घर पहिरोको जोखिममा रहेका। | साबिक ३ | |
| | | ३ | बस्तिमाथि बाट झरेको पहिरोले ४ घर उच्च जोखिममा तथा ५० घर जोखिममा तथा खेतियोग्य जमिन पनि जोखिममा | दारीमचौर | |
| | | ३ | १०० घरधुरीले प्रयोग गर्ने विराजी खानेपानी कोपारमा पहिरोले क्षती पुर्याएको। | आँपचौर | |
| | | ३ | प्राकृतिक कुवा पहिरोले पुरेको। | फोपीनगैरा | |
| | २०८१ | ४ | २०७९ सालमा पहिरोले २ घरधुरीको ३ रोपनी र | डाँडाकटेरी | केही कार्य नभएको |
| | २०८१ | ४ | पहिरोले १ घरधुरीको २ रोपनी जती वारीमा क्षति साथै भिम व रानाको घर नजिक रहेको शौचालयमा दरारहरु आएको | डाँडाकटेरी | केही कार्य नभएको |
| | २०८१ | ४ | १ घरधुरी १ रोपनी जती वारीमा क्षति साथै घरमा दरारहरु आएको | चोरपानी | केही कार्य नभएको |
| | २०७९ | ४ | २ घरधुरी शिवा पुनको घर भत्किएको र टिका वुढाको घरमा दरार आएको साथै २ घरधुरीको करिव २० रोपनी वारीमा क्षती ८ | सिमल गैरा (धैनडाँडा) | केही कार्य नभएको |

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | | | रोपनी जती वगाएको वाकी वारीमा दरार आएको | | |
| | २०७९ | ४ | १ घरधुरीको १ रोपनी जती वारीमा क्षति | नर्सु | पहिरो क्षेत्रमा सुख्खा पर्खाल र विरुवाहरु लगाएको |
| | २०७९ | | पहिरोले १ घर पुरदा सोही घरका २ जना र छिमेकी घरको ४ जना गरी जम्मा ६ जनाको मृत्यु साथै पहिरोले १ घरधुरीको ३ रोपनी जती वारी पुरेको | फरिन्डे | त्यो समुदायमा नियमित रुपमा मानिसहरु नवसेको अवस्था छ |
| | २०८१ | ४ | पहिरो ले १ घरधुरीको ८ रोपनी वारी पुरेर क्षति | दक्सुने | पहिरो प्रभावित व्यक्तीले सहयोग को लागी प्रहरी मुचुल्का तयारी गरी वडा कार्यालयमा निवेदन दिएको |
| | २०७९ | ४ | पहिरोले १ घरधुरीको १ रोपनी जती वारीमा क्षति | सिरवारी | पहिरो क्षेत्रमा सुख्खा पर्खाल लगाएको र वृक्षारोपण गरेको |
| | २०७९ | ४ | ३ घर मा असर | खजुरे टोलमा | जि.प्र.का, उद्योग वाणिज्य संघ, पालिका र रेडक्रस |
| | २०७९ | ४ | ४ घर मा असर | पोखराधारा टोलमा | जि.प्र.का, उद्योग वाणिज्य संघ, पालिका र रेडक्रस |
| | २०७९ | ४ | २ घर मा असर | सिमलगैरा र चिउपाताल | जि.प्र.का, उद्योग वाणिज्य संघ, पालिका र रेडक्रस |
| | २०७९ | ४ | १ घर मा असर | चोरपानी | जि.प्र.का, उद्योग वाणिज्य संघ, पालिका र रेडक्रस |
| | २०७९ | ५ | पहिरोले २ घरधुरीको २ रोपनी जती वारीमा क्षति | चोरपानी | केही कार्य नभएको |
| | २०७९ | ५ | २०७९ सालमा भल पसेर १ घरधुरीको १ रोपनी खरवारी र वारीमा क्षति | सिख्रे | केही कार्य नभएको |
| | | | पानी पर्ने समयमा वाटोवाट भल पसेर १ घरधुरीको घरवारीमा क्षति | डाङ्गडुङ्गे | केही कार्य नभएको |
| | २०७९ २०८० र २०८१ | | २०७९,२०८० र २०८१ सालमा वाटो क्षेत्रका वारीमा पहिरोको कारण ४ घरधुरीको २ रोपनी जती वारीमा क्षति | खड्काटोल | पहिरो क्षेत्रमा ग्याविन जाली लगाएको र भल तर्काउने काम भएको |
| | २०५३ | ५ | खानेपानी मुहान र गाऊ लाई असर गरेको थियो | तिग्राखोला | भेल तर्काउने कुलेसो काट्ने काम भएको थियो। |

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | २०४५ | ५ | २५ घरधुरी लाई पिउने पानिको समस्या परेको छ। | कोखे मुल र चिन पधेरा | मुलको वरपरी संरक्षण गरेको चरिचरण रोक्ने काम भएको थियो। |
| | २०६४ | ५ | चौरपानी खोला पधेरामा पहिरो ५ हेक्टर जङ्गल क्षति भएको थियो। | | मुहान वरपरी संरक्षण गर्ने काम भएको थियो। |
| | २०५८ | ५ | २ रोपनी खेत परीदिएको थियो। | चावेखोला | संरक्षण गर्ने काम भएको थियो। |
| | २०४२ | | पहिरो गए पछी वडा नं.१ र २ का वाझोमा परिणत भएको छ | | |
| | २०६७ | ५ | वडा नं १र२को पानि मुहान पुरिएको थियो। | | उपभोक्ताहरुले सफा गरेका थिए |
| | २०५३ | ५ | ढोडखोला खानेपानी मुहान र गाऊ लाई असर गरेको थियो | तिग्राखोला | भल तर्काउने कुलेसो काट्ने काम भएको थियो। |
| | २०४२ | ५ | तिग्राखोला खानेपानी मुहान र सिचाँईमा समेत असर परेको थियो। | | खानेपानी मुहान वरीपरी सफा गर्ने काम भएको थियो। |
| | २०४५ | ५ | ३५ घरधुरी लाई पिउने पानिको समस्या परेको छ। | कोखे मुल र चिन पधेरा सुकेको | मुलको वरपरी संरक्षण गरेको चरिचरण रोक्ने काम भएको थियो। |
| आगलागी | | | | | |
| | २०८० | १ | आगलागीवाट १ गोठमा क्षती | सिउरीकाटे | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०६४ | १ | ३ घर धुरी | गरजिने | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०८० | १ | १ गोठ क्षति | सिउरी काटे | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०८० | २ | सिद्धकाथान सामुदायिक वनवाट फैलिएको आगोवाट १ घर र ८ वटा गोठ जलेर नष्ट | पुकरुक | समुदायको पहलमा नियन्त्रण गरीएको |
| | २०८० | २ | भूमीस्थान सामुदायिक वनवाट फैलिएको आगोवाट २ घर र २ वटा गोठ जलेर नष्ट | गोलवाङ्ग | समुदायको पहलमा नियन्त्रण गरीएको |
| | २०८१ | २ | मण्डली सामुदायिक वनमा आगलागी | ढाँड र खाल वस्ती | समुदायको पहलमा नियन्त्रण गरीएको |
| | २०६७ | २ | १ घर क्षति | अधेरी | समुदाय बाट उद्धार कार्य गरेको |
| | २०६८ | २ | १ घर क्षति | सिरलिङ्घे | समुदाय बाट उद्धार कार्य गरेको |
| | २०७१ | २ | १ घर | रातापानी | समुदाय बाट उद्धार कार्य गरेको |
| | २०७२ | २ | १ घर क्षति | गोलवाङ्घ | समुदायको पहलमा नियन्त्रण गरेको |

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | २०७२ | २ | १ घर गोठ क्षति १ जना घाइते | सिरलिङ्घे | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०७३ | २ | ७ घर क्षति | तल्लो धनचौर | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०७४ | २ | १ घर | मर्कावाङ | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०७९ | २ | १ घर | खाला | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०८० | ३ | आगलागीवाट ४ गोठ जलेर क्षति | सल्लीकोट | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०७९ | ४ | वनवाट फैलिएको आगो घरमा पुग्दा १ घरधुरीको घरगोठ जलेर नष्ट | दक्सुने | |
| | २०६५ | ५ | १ घर र १ मानविय क्षति | चिउपातल | समुदाय बाट उद्धार कार्य गरेको |
| | २०७३ | ५ | २ घर | मुख्य टोल | समुदाय बाट उद्धार कार्य गरेको |
| | २०७४ | ५ | १ घर | थामा टोल | समुदाय बाट उद्धार कार्य गरेको |
| | २०७४ | ५ | १ गोठ र गाई, भैसी नष्ट | माझ टोल | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०७५ | ५ | २ घर | राना टोल | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०७५ | ५ | १ घर | डाडा कटेरी | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०७५ | ५ | १ घर | थामा टोल | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०७६ | ५ | १ घर | तिमिले पानी | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०७७ | ५ | १ घर | गहिरा बारी | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०७८ | ५ | १ घर | थामका | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०७९ | ५ | २ घर र गोठ | भेडावारी | समुदायको पहलमा नियन्त्रण गरेको |
| | २०८१ | ५ | आगलागीवाट मिना खड्का वसन्त योगी र दुर्गा व खड्काको घर र गोठ जलेर नष्ट र गोविन्द योगी छविलाल योगी र इश्वरा योगीको गोठ जलेर नष्ट | चोरपानी | सम्वन्धित व्यक्तीले आफै पुन घर निर्माण गरी वसेको |
| | २०६१ | | २ वाडमा ५.मा क्षति पुगेको थियो। | | आगो निभाउनेकाम भएको थियो। |

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | २०६८ | | ४ घर गोठ मा क्षति पुगेको थियो। | | स्थानिय प्रहरी र गाऊले लाई खवर गरी आगो नियन्त्रणमा ल्याउने काम भएको थियो। |
| | २०६८ | | ३ घर गोठमा क्षति भएको थियो। | | स्थानिय प्रहरी र गाऊले लाई खवर गरी आगो नियन्त्रणमा ल्याउने काम भएको थियो। |
| | २०५४ | | लिस्ने सामायिक वन उपभोक्ता समुहमा | | उपभोक्ता हरु वनमा गई आगो निभाउने काम भएको थियो। |
| | २०६७ | | रानीवन सा.व.उ.स.मा आगो लागि पुनउत्पादनमा कमी खोटो संकलनमा ह्रास आएको थियो। | | आगो लागि समबन्धि प्रचार प्रचार गरेको र वैठक बसेको। |
| | २०६८ | | रानीवन सा.व.उ.स.मा आगो लागि पुनउत्पादनमा कमी खोटो संकलनमा ह्रास आएको थियो। | | आगो लागि समबन्धि प्रचार प्रचार गरेको र वैठक बसेको। |
| | २०६९ | | रानीवन सा.व.उ.स.मा आगो लागि पुनउत्पादनमा कमी खोटो संकलनमा ह्रास आएको थियो। | | आगो लागि समबन्धि प्रचार प्रचार गरेको र वैठक बसेको। |
| | २०६९ | | देउराली सा.व.उ.स.मा आगोलागि खोटो संकलनमा समस्या आएको छ। | | आगलागि सम्बन्धि प्रचार प्रचार गरेको र वैठक बसेको। |
| | २०६९ | | सिरवारी सामुदायिक वन उपभोक्ता समुहको वाड नं. ९ मा पुर्नउत्पादनमा कमी आएको छ। | | आगलागि सम्बन्धि प्रचार प्रचार गरेको र वैठक बसेको। |
| | २०६१ | | ...३..वाडमा.५घरमा. क्षति पुगेको थियो। | | आगो निभाउने काम भएको थियो। |
| | २०६८ | | ४ घर गोठ मा क्षति पुगेको थियो। | | स्थानिय प्रहरी र गाऊले लाई खवर गरी आगो नियन्त्रणमा ल्याउने काम भएको थियो। |
| | २०६८ | | ३ घर गोठमा क्षति भएको थियो। | | स्थानिय प्रहरी र गाऊले लाई खवर गरी आगो नियन्त्रणमा ल्याउने काम भएको थियो। |
| महामारी | २०६२ | | जन्डिस रोग २ वडामा १जना महिला /पुरुष को मृत्यु भएको थियो। | | अस्पताल लगिएको थियो। |
| | २०६८ | | वाद दादुरा, ठेउला, घमौरा को प्रकोप बढेको | | उपस्वास्थ्य चौकीहरुमा देखाएको |
| | २०६४ | | वाडमा हेपाटाइटिज बाट १जनाको मृत्यु भएको थियो। | | अस्पताल लग्ने काम भएको थियो। |

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | २०८१ | ३ | २०८१।१२।२९ गते राती आएको हावाहुरीले रामेश्वरी प्रा वि र स्थानीय मीन वहादुर पुनको २ वटा घरमा क्षति विद्यालय र घरको छाना उडाएको | आँपचौर | |
| | २०७६ | ३ | १ घर | थनकोट टोल | |
| हुस्सु – हिउदको समयमा | २०६५ | ५ | वालिलाई असर गरेको थियो । | | |
| लमखुट्टे बढेको | २०६५ | ५ | मलेरिया जस्ता रोगहरु बढेको । | | झुलहरुको प्रयोग गर्ने काम भएका छ। |
| बाख्रामा पि.पि.आर | २०६८ | ५ | ५० वडामा १०वटा बाख्रा मरेको थियो। | | पशु स्वास्थ्य कार्यकर्ता लाई देखाउने का म भएको थियो। |
| | २०६७ | ५ | वाख्रामा पि.पि.आर वाडमा ४५ वाख्रा मरेको थिए। | | पानी लिन र नुहाउन अन्यत्र जाने गरेको। |
| | २०६७ | ५ | २ वाडमा १६वाख्रा मरेको थिए। | | |
| खडेरी | २०४५ | ५ | डुङडुगे पानिब मुहान सुकी ८ रोपनी खेत बाझोरहेको छ। | | |
| | २०६६ | ५ | समयमा वालि लगाउन नपाउदा वालि उत्पादनमा कमी आएको थियो। | | |
| | २०६६ | ५ | नयाँपधेरा सुकी १५घर धुरी पिउने पानी बाट प्रभावित भएका थिए। | | गहिरो खालको खाडल खनी पानी निकालेको। |
| | २०६२ | ५ | तल्ला पधेरा सुकी ४२घरधुरी प्रभावित भएका थिए। | | मुहान वरपरी संरक्षण गर्ने काम भएको थियो। |
| | २०५८ | ५ | सिरवारी खानेपानी मल सुकेको वडा नं ७ र ८का ९१घरधरी प्रभावित भएका छन्। | | माण्डवी नदीको पानी पिउनु परेको थियो। |
| | २०६० | ५ | चावेखोला को खानेपानी मल सकेको र ७२ घर धरीको खे प्रभावित भएको र २हेक्टर खे वाझो भएको छ। | | आगलागी संवन्धि टोलटोलमा प्रचार प्रशार गरेको |
| | २०६२ | ५ | दोदरेखोला सकेको र खेती गर्न वाट वञ्चित भई वाझो भएको छ र ४२ घर प्रभावित भएका छन्। | | स्वस्थ्य चौकीको सहयोग लिएको । |
| | २०६५ | ५ | पातिहाल्ने पानि महान सकी वस्तु भाऊ लाई असर परेको छ। | | घैटे टंकी निर्माणको लागि पहल शुरु गरी निर्माण गरेको। |

| विपद् | घटनाको वर्ष | वडा | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | २०५५ | ५ | वायोडाडा पानि मुहान सुकेको १३ घर प्रभावित भएका छन्। | | घैटे टंकी निर्माणको लागि पहल शुरु गरी निर्माण गरेको। |
| | २०६२ | ५ | थापा टोल मुल सुकेको। | | |
| मिचाहा प्रजातिको प्रकोप बढेको | २०६० | ५ | वनमारा झार बढेको | | व्यवस्थापन गरीएको थियो। |
| | २०५३ | ५ | चरिअमिली झारको अधिक मात्रामा बढ्दै गएको छ। | | गोडमेल गरी हटाउने काम भएको थियो। |
| व्लाष्ट रोगले | २०५७ | ५ | गा.वि.स.भरी धान वालि धान वालिमा व्लाष्ट रोगले आक्रमण गरेको प्रभावित भएको थियो। | | औषधी प्रयोग गरेको र पानी सुकाइएको थियो। |
| प्रजातिहरुमा विविधता आएको | २०५० | ५ | सल्लो प्रजाति विस्तारै तल्लो क्षेत्रमा पाइन थालेको छ। | | वन व्यवस्थापन कार्य गर्न थालिएका छ। |
| गिद्ध चरा लोप भएको | २०६३ | ५ | गा.वि.स. भरी नै देखिन थालिएको छ। | | |
| पशु रोग | २०६७ | ५ | चट्के पट्के रोग बाट ४भैंसी ७ गाई मरेको | | बजारको तेल खाएको। |

### २.२.३ विपद्‌बाट भएको क्षतिको विवरण:

यस गाउँपालिकामा मा विगत तीस वर्षमा विभिन्न विपद्‌बाट भएको क्षतिको विवरण देहाय अनुसार रहेको छ:

**तालिका:१३ विपदवाट भएको मानवीय क्षतिको विवरण**

| विपद् | घटनाको वर्ष (वि सं) | मानवीय क्षति | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | वडा | मृत्यु पुरुष | मृत्यु महिला | कुल मृत्यु सङ्ख्या | बेपत्ता | प्रभावित परिवार | |
| भूकम्प | | | | | | | | |
| बाढी | २०७८ | ४ | १ | २ | ३ | ० | | |
| पहिरो | २०७९ | ४ | ३ | ३ | ६ | ० | ३ | |
| हावाहुरी | २०८१ | २ | १ | | १ | | १ | |
| चट्याङ्ग | | | | | | | | |
| आगलागी | | | | | | | | |
| असिनापानी | | | | | | | | |
| वन्यजन्तु आतंक | | | | | | | | |
| महामारी | | | | | | | | |
| सडक दुर्घट्ना | २०८१ | ३ | १ | | १ | | १ | |
| खडेरी | | | | | | | | |
| विद्युत करेन्ट | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

### २.२.४ विपद्को आवृत्ति र गम्भिरता

यस गाउँपालिकामा विगत तीस वर्ष यताका विपद्हरुको आवृत्ति र गम्भिरताको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ:

**तालिका:१४ विपद्को आवृत्ति र गम्भिरता**

| क्र.सं. | विपद् विवरण | आवृत्ति (Frequency) | संकटासन्नता | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | उच्च | मध्यम | न्यून | |
| १ | भूकम्प | अनपेक्षित रुपमा वेला वेलामा | उच्च | | | |
| २ | बाढी | मनसुनको समयमा वर्षेनी | | मध्यम | | |
| ३ | पहिरो | मनसुनको समयमा वर्षेनी | उच्च | | | |
| ४ | हावाहुरी | फाल्गुण देखी वैशाख वर्षेनी | उच्च | | | |
| ५ | चट्याङ्ग | चैत वैशाखको समयमा | | मध्यम | | |
| ६ | आगलागी | सुख्खा समयमा वर्षेनी | उच्च | | | |
| ७ | असिनापानी | चैत वैशाखको समयमा वर्षेनी | | मध्यम | | |
| ८ | वन्यजन्तु आतंक | वारम्वार | | मध्यम | | |
| ९ | महामारी | जुनसुकै समयमा | | | न्यून | |
| १० | सडक दुर्घट्ना | सरदरमा वर्षमा ३ ४ पटक | उच्च | | | |
| ११ | खडेरी | हिउँदको समयमा | | मध्यम | | |
| १२ | विद्युत करेन्ट | जुनसुकै समयमा | | | न्यून | |

*स्रोत:*पालिका *स्तरीय समुह छलफल*

### २.३. सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

विगतमा भएको विपद्को प्रकारलाई मध्यनजर गर्दा पहिरो, बाढी र भूकम्प जस्ता विपद्लाई उच्च जोखिममा र चट्याङ, हावाहुरी, आगलागीलाई मध्यम स्तरमा लिईएको छ र उक्त जोखिमको सम्भावित बस्तीहरुको संकटासन्नता स्तर निम्न अनुसार रहेको छ। प्रतिबद्ध परियोजना भौगर्भिक अध्ययन प्रतिवेदन तथा वडास्तरिय संकटासन्नता तथा क्षमता विश्लेषणलाई मध्यनजर गरेर निम्नअनुसार सम्भाव्य जोखिम र यसको सम्भावित प्रभाव क्षेत्र कायम गरिएको छ:

**तालिका:१५ जोखिम सम्भावित बस्तीहरुको सङ्कटासन्नता स्तर**

| प्रकोपको प्रकार | वडा | जोखिममा रहेका बस्ती | | |
|---|---|---|---|---|
| | | उच्च | मध्यम | न्यून |
| भूकम्प | | | | |
| बाढी | १ | कात्तिके, छबिसे, लगायत कुमलटार अरङ खोला क्षेत्र, दमारे, | बडेचौर, सिमलचौर थक्लेनी | |
| | २ | ढिकावन, गरुले | काब्रे | मर्कावाङ |

| | | | | |
|---|---|---|---|---|
| | ३ | | | लामाचौर, स्याउली घारी, पुवालीटोल, बाहुनटोल, भलवायटोल, घर्तिटोल, दारीमचौर, जाबुनी, बगैचाटोल, बजारटोल, |
| | ४ | मुगचौर, आपचौर, वालुवा, पेदी, फुलवारी र वुटेनी | दक्सुने, गरुले, फरिन्डे, वुर्दी, चौरपानी, तिल्केनी | धोवाघाट, नर्सु, सिरुवारी |
| | ५ | पारथुगाँ रुद्रपुर, गोलापुर रम्दीबेसी, कोलुवावगर | | |
| पहिरो | १ | उपल्लो तिराम, तिमिले, तल्लो तिराम, सिमलचौर, खरीवाङ | | |
| | २ | धनचौर, मर्कावाङ, ढोडखोला, काभ्रे, ढिकावन, गरुले | रातापानी, | |
| | ३ | आपचौर, धरमपानीटोल, | जस्पुर, सल्लीकोट | सल्लीबेशी, रिपाटोल, पहराचौर, भलवायटोल, घर्तिटोल, दारीमचौर, जँवारी, तापखोला, धारीचौर ठेडीटोल, बजारटोल, बेशीटोल, देविस्थान |
| | ४ | डाडाकटेरी, फरिन्डे | धनचौर, सिमलगैरा, धोवाघाट, | खजुरेटोल, भेडाबारी, गैराबारी, मुगचौर, आपचौर, , दक्सुने, बुटेनी, भकुण्डे, बालुवा |
| | ५ | डुङ्गडुङ्गे तिग्रा चोरपानी चिसापानी र अर्दुस, | | रानीवन, ज्योति ,सिरवारी ,नयाँपाटा देउराली, चकचके, एकचोटे, कालीखोला |
| हावाहुरी | सबै वडा | | सबै | |
| चट्याङ्ग | सबै वडा | | | सबै |
| आगलागी | १ | | | उपल्लो तिराम, तल्लो तिराम, सिमलचौर, खरीवाङ, बडचौर, दमार |
| | २ | गोलवाङ्ग पुकरुक | | धनचौर |
| | ३ | सल्लीकोट आपचौर | | लामाचौर, सान्चौर, आर्नेटोल, स्यानी दमार, बुढाचौर, सल्लीबेसी, तिमिलेटोल, टाकुराटोल, र्याले÷सालघारी, पहराचौर, भलवायटोल, घर्तिटोल, दारीमचौर, धरमपानी टोल, सिमलगैरा, जुँवारी, तापखोला, धारीचौर, फापनीगैरा, सुनटोला, ठेडीटोल, पखरडाँडा, सौंरा, जस्पुरकोट टोल |

| | | | | |
|---|---|---|---|---|
| | ४ | दक्सुने, चोरपानी, तिल्केनी | | धोवाघाट, खजुरे, आपचौर, डाडाकटेरी, सल्ली खर्क, सिरबारी, धनचौर, बुटेनी |
| | ५ | चोरपानी, वायडाँडा, खडका टोल, सिक्रे | | डुङडुङ्गे, चिन ,वायोडाडा,सिरवारी ,कालिखोला, एकचोटे, चकचके |
| असिनापानी | सबै वडा | | | सबै |
| वन्यजन्तु आतंक | सबै वडा | | सबै | |
| महामारी | सबै वडा | | | सबै |
| सडक दुर्घट्ना | | जस्पुर नयागाउ लामाचौर थक्लेनी चेरेनेटा चकचके तिग्राखोला, देवीस्थान तिराम | | |
| खडेरी | १ | | | उपल्लो तिराम, तल्लो तिराम, उपल्लो सिमलचौर |
| | २ | | | ढाँडा, गोलवाङ, धनचौर, रातापानी, मर्कावाङ, पुक्रुक, ढोडखोला, काभ्रे, ढिकावन, पुक्रुक |
| | ३ | | | सानचौर, आर्नेटोल, स्यानी दमार, बट्टार, गहतेरा सुनखोला, मट्टीखन्न, बुढाचौर, पल्लो मार्सिवाङ, तेर्छापाटा, सल्लीकोट, सल्लीबेसी, स्याउलीघारी, र्याले सालघारी, रिपाटोल, पहराचौर, तल्लोटोल, माझटोल दमाईटोल, दुँवारी, तापखोला, धारीचौर, फापनीगैरा, पुनटोला, ठेडीटोल, रानुटोल, गमटोल, पखरडाँडा, सौंरा, जस्पुरकोट टोल, रानुटोल,पखरडाँडा टोल |
| | ४ | | | धोवाघाट, धनचौर, भेडाबारी, गहिराबारी, खजुरे, डाडाकटेरी, सल्ली खर्क, सिरबारी, बान्नेटा, राजपोखरा, सिमलगैरा, गैराबारी, थापाटोल |
| | ५ | | | रम्दीकोट, चिसापानी र आपचौर ,सिख्रे, टाकुरा चेरनेटा,जुजेनेटा ,चिन,डुङडुङ्गे वायोडाडा ,चौरपानी ,सिरवारी साइटार टोल, एकचोटे, डुङडुङ्गे |
| विद्युत करेन्ट | सबै वडा | | | सबै |

## २.५ पूर्वसूचना प्रणालीको अवस्था

गाउँपालिकामा आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी भारि वर्षा, हावाहुरी, चट्याङ जस्ता विषम मौसम र बाढी, पहिरो, डढेलो, आगलागी लगायतका प्रकोपको पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन गरिदैछ। जल तथा मौसम विज्ञान विभाग र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा सम्पर्क गरी विषम मौसम तथा बाढी, पहिरो जस्तो विपद्को सूचना आदान प्रदान गर्ने तयारी गरिएको छ। प्रभावमा आधारित पूर्वानुमान र पूर्व सूचना प्रणालीको सहायतामा गाउँ, वडा तथा पहिरो जोखिममा रहेका समुदाय स्तरमा आवश्यक पूर्वतयारी एवं पूर्वकार्य गर्न कार्ययोजना तयार गरिएको छ।

**संस्थागत संरचना तथा समन्वय संयन्त्र:-**

विपद् व्यवस्थापनका लागि गाउँपालिकामा गाउँपालिका अध्यक्षको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। साथै, वडा र समुदायमा विपद् व्यवस्थापन समिति र कार्यदलहरू गठन भई क्रियाशील रहेका छन। गाउँपालिकामा विपद् जोखिमसम्बन्धी पूर्वसूचना साथै आपत्कालीन अवस्थामा सूचना सम्प्रेषण संयन्त्र तलको चित्र क मा देखाए बमोजिम छ।

**चित्र: क. गाउँपालिका र समुदायस्तरसम्मको पूर्वसूचना संयन्त्र**



**चित्र: ख. गाउँपालिकामा विपद् पूर्वसूचना सञ्चार संयन्त्र**




## २.६ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था

गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन,२०७६ तयार भएको छ। संघीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ तथा गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ का आधारमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण **अनुसूची-८** मा उल्लेख गरिएको छ। स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत ८ वटा विषयगत क्षेत्र हेर्न व्यक्ति तथा सहयोगी संस्था तोकी सम्बन्धित विषयगत क्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेवारी प्रदान गरिएको छ। विषयगत क्षेत्रमा रहेका सहयोगी संस्था र तिनमा कार्यरत रहेका पदाधिकारीहरूको विवरण **अनुसूची-९** मा संलग्न गरिएको छ।

**चित्र: ३ स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत गठित ८ वटा विषयगत क्षेत्रहरू**

| | |
|---|---|
| स्थानीय विपद् व्यवस्थापन समिति | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | खाद्य तथा कृषि क्षेत्र |
| | स्वास्थ्य तथा पोषण क्षेत्र |
| | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रक्षेत्र |
| | आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र |
| | संरक्षण तथा सूरक्षा क्षेत्र |
| | आपत्कालीन शिक्षा क्षेत्र |
| | शीघ्र पुनर्लाभ क्षेत्र |

यस गाउँपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा/इकाई को रुपमा स्थापना नभएपनि प्रशासन शाखा प्रमुखलाई विपद सम्पर्क व्यक्तिको रुपमा जिम्मेवारी दिईएको छ। ५ वटा वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति रहेका छन्। यस गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। सो कोषमा चालु आर्थिक वर्ष २०८२/८३ को लागि गाउँपालिकाले रु. १५००००० बिनियोजन

गरिएको छ । यस वाहेक गाउँपालिकामा विपद् व्यवस्थापन सम्बन्धी केहि नीति, ऐन, नियम, मार्गदर्शन बनेका छन र केहि बन्ने क्रममा रहेका छन् ।

### २.७ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

यस गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ८ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिमका कार्य जिम्मेवारी प्रदान गरेको छ:

#### २.७.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।  यसका साथै सरकार, दातृ निकायहरु, सहयोगी संघ–संस्थाहरु तथा नागरिक समाजबीच समन्वय कायम गर्ने, निर्धारित समय भित्र बहुक्षेत्र द्रुत लेखाजोखा विश्लेषण गर्ने तथा कार्यदललाई सहयोगको व्यवस्था मिलाउने, सुचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सुचना प्रवाहलाई सुनिश्चित गर्ने, प्रतिकार्य सन्दर्भमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्र र केन्द्रहरुमा सम्पर्क तथा समन्वय गर्ने जिम्मेवारी पनि यस क्षेत्रको रहेको छ ।

#### २.७.२ खाद्य तथा कृषि क्षेत्र

यो विषयक्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ। यसका साथै दिर्घकालीन रुपमा जीविकोपार्जनको सुरक्षामा सकारात्मक प्रभाव पार्ने रणनितिहरुको निर्माण गर्ने र विपद् प्रभावित समुदायलाई अल्पकालिन रुपमा आम्दानीको स्थानतरण अथवा प्रतिस्थापन गर्ने अवसर प्रदान गर्ने काम पनी यस क्षेत्रको रहेको छ ।

#### २.७.३ स्वास्थ्य तथा पोषण क्षेत्र

यस विषयक्षेत्रले विपदमा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाईतेलाई अस्पतालसम्म पुरई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समस्याबारे पीडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ। साथै यस विषयक्षेत्रले कोभिड-१९ लगायतका महामारीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ। साथै यस विषयक्षेत्रले विपदमा परेका व्यक्तिलाई मनोसामाजिक तथा मानसिक स्वास्थ्य सम्वन्धि परामर्श समेत दिनेछ।

#### २.७.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यस विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन, किशोरी किट, डिग्निटि किट, स्नान गृह, शौचालय सामग्री आदि) उपलब्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ। ।

#### २.७.५ आपत्कालिन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र

यो विषयक्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरूलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर–खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

### २.७.६ संरक्षण तथा सूरक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ। राष्ट्रिय महिला आयोग, बाल कल्याण परिषद, नेपाल प्रहरी संग समन्वय गर्ने, आवश्यक सूचना आदानप्रदान गर्ने र सम्वन्धित विपद् सृजित हिंसा प्रभावितलाई सचेतिकरण गर्ने।

### २.७.७ आपत्कालीन शिक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण विद्यालय तीन दिनभन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई अस्थायी सिकाई केन्द्रको व्यवस्था गरि सिकाई सहजिकरण गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराए वा क्षति पुऱ्याएमा सोको व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

### २.७.८ शीघ्र पुनर्लाभ क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ।

## परिच्छेद ३
## पूर्वतयारी तथा प्रतिकार्य योजना

### ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ । सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुमा विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन् ।

**गाउँपालिकामा बाढी पहिरोको विपद् न्यूनीकरण गर्न देहाय बमोजिम पूर्वतयारी योजना तर्जुमा गरिएको छ ।**

(क) विभिन्न प्रकारको जनशक्ति: वर्षाको पूर्वसूचना प्राप्त गर्ने र सम्प्रेषण गर्ने टोली, समुदायमा पहिरो, भल, ढुङ्गा खस्ने जोखिम निगरानी गर्ने टोली तयार गरी तालिम अभ्यास गरिएको छ ।

(ख) सामान्य खालको उद्धार र कुनै घाउचोट भएमा प्राथमिक उपचार गर्ने टोली तयार गरी तालिम तथा प्राथमिक उपचार सामग्रीको व्यवस्था गरिएको छ । आपत्कालीन आश्रयमा गएकाहरूलाई आवश्यक सहयोग गर्न विषयक्षेत्र समितिले कार्यजिम्मेवारी बाँडफाँड गरेको छ ।

(ग) सुरक्षित स्थल र त्यहाँ जाने पहुँच मार्ग पहिचान गरिएको छ । त्यहाँ चाहिने आधारभुत सेवा खानेपानी, शौचालय, खाना पकाउने, सुत्ने आदिको व्यवस्था गर्नुपर्ने अवस्था छ ।

(घ) ८ वटा विषयगत क्षेत्र (क्लष्टर) गठन गरी परिचालन गरिएको छ ।

(ङ) गाउँपालिकामा आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरिएको छ ।

(च) पहिरोको उच्च जोखिममा रहेका समुदायका टोल विकास संस्थाहरूको क्षमता विकास र परिचालन गर्न शुरु गरिएको छ ।

सबै प्रकारका विपद् पूर्वतयारीका कार्यहरूलाई प्रभावकारी बनाउन विषयगत क्षेत्र अवधारण अनुरूप सामान्य पूर्व तयारीको कार्य योजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छ:

#### ३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने। | प्रत्येक वर्ष जेष्ठ सम्म | गाउँपालिका | प्रत्येक आर्थिक वर्षमा | स्थानीय विपद् व्यवस्थापन समिति |
| २ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि सर्वेक्षण टोली गठन र पुनर्गठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने र तालिम आयोजना गर्ने | प्रत्येक वर्ष मनसुन शुरु हुनु पूर्व वैशाख मसान्त सम्म | गाउँपालिका र हरेक वडामा | गाउँपालिकामा एक र हरेक वडामा एक/एक वटा | स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| ३ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फाराम तयार गर्ने | प्रत्येक वर्ष जेष्ठ सम्म | गाउँपालिका | ५० प्रति | सामाजिक विकास शाखा |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | | | | | पूर्वाधार विकास शाखा |
| ४ | राहत वितरणका लागि सिफारिस फाराम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने | प्रत्येक वर्ष वैशाख सम्म | गाउँपालिका | आवश्यकता अनुसार | विपद् व्यवस्थापन शाखा<br>पूर्वाधार विकास शाखा |
| ५ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन तथा अद्यावधिक गर्ने | प्रत्येक वर्ष फागुन सम्म/ घटनाक्रम अनुसार | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा,वडा कार्यालय |
| ६ | खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने | प्रत्येक वर्ष चैत्र सम्म | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सूरक्षा निकाय, विषयक्षेत्र |
| ७ | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गर्ने (प्रहरी चौकी भएको वडामा प्रहरी चौकीमा र नभएको वडामा वडा कार्यालयमा) | निरन्तर | निरन्तर | प्रहरी चौकी / हरेक वडामा कम्तिमा एक सेट | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ८ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | निरन्तर | गाउँपालिका | २ वटा एम्बुलेन्स (देवीस्थान स्वास्थ्य चौकी र जिल्ला अस्पताल) | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ शाखा |
| ९ | बाढी/पहिरो, भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अध्यावधिक सूची तयार गर्ने | निरन्तर | वडा | आवश्यकता अनुसार हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| १० | बाढी/पहिरो, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, सूचना दिनको लागि कम खर्चिलो, छिटो र प्रभावकारी उपायको लागि विद्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र प्रयोग गर्ने | निरन्तर | एफ.एम, पत्रपत्रिका, एस एमएस, फोन, माईकिङ्, सामाजिक सञ्जाल आदि | प्रकोपको सम्भावित समय अगावै कम्तिमा २ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ११ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने/गराउने | प्रकोपको सम्भावित समय अगावै (वैशाख मसान्त सम्म) | गाउँपालिका तथा वडामा | प्रमुख प्रकोपको लागि वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |
| १२ | सरोकारवाला निकायहरुको सम्पर्क सूचीतयार गर्ने। सम्पर्क सूची तयार गर्दा अति जोखिममा रहेका समूहहरु जस्तै अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागारिक, एकल महिला, बिधवा भएका घरलाइ संलग्न गर्ने सन्दर्भमा बिध्यमान सामाजिक सुरक्षा प्रणालीको तथ्याङ्क अद्यावधिक तथा प्रयोग गर्ने | प्रत्येक वर्ष कार्तिक सम्म | गाउँपालिका तथा वडामा | वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति र विपद् सम्पर्क व्यक्ति |
| १३ | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) सञ्चालन र व्यवस्थापन गर्ने | निरन्तर | गाउँपालिका तथा वडामा | एक | स्थानीय विपद् व्यवस्थापन समिति र विपद् सम्पर्क व्यक्ति |
| १४ | संघ, प्रदेश र जिल्ला सँग समन्वय गर्ने | निरन्तर | गाउँपालिका तथा वडामा | आवश्यकता अनुसार | गाउँपालिका, विषयक्षेत्र |
| १५ | आपतकालीन अवस्थामा आश्रयस्थलका रुपमा प्रयोग गर्ने स्थानको लागी चाहिने भौतिक पूर्वाधार र सेवाहरु निर्माण विस्तार गर्ने | निरन्तर | | प्रत्येक वडामा | पूर्वाधार विकास शाखा र सम्वन्धित वडा |
| १६ | पहिरो जोखिमयुक्त क्षेत्रमा बायोइन्जिनियरिङ (Bioengineering) तथा भिरालोपन स्थिरीकरण गर्ने | निरन्तर | पालिकाभर | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |
| १७ | सिमसार क्षेत्र, नदी किनार तथा जलाधार क्षेत्रहरूको संरक्षण र व्यवस्थापन गर्ने | निरन्तर | पालिकाभर | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |
| १८ | भू–क्षय नियन्त्रणका लागि बाँस रोपण, घाँस रोपण गर्न सामुदायिक वन समितिहरूलाई प्रोत्साहन गर्ने | निरन्तर | पालिकाभर | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |
| १९ | नदी तथा बाढी जोखिमयुक्त बस्ती आसपास हरित संरक्षण क्षेत्र निर्माण गर्ने | निरन्तर | पालिकाभर | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| २० | अग्नि नियन्त्रण सामाग्री खरिद र वितरण गर्ने | पुसमा | आगलागी जोखिम क्षेत्रहरूमा | आवश्यकता अनुसार | जिन्सी शाखा |

### ३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने। भण्डारण गर्ने सन्दर्भमा व्यक्तिको जोखिमता ( बालबालिका, जेष्ठनागरिक, आदि लाइ फरक फरक  प्रकारको खाध्य सामग्री  उपयुक्त हुने हुँदा सो व्यक्तिहरुको तथ्याङ्कतथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिने | निरन्तर | गाउँपालिका | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि शाखा |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसङ्ख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने र भण्डारण गरिएको खाद्य सामग्रीको गुणस्तर कायम गर्न अनुगमन गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका | वर्षको २ पटक | कृषि शाखा, जिन्सी शाखा |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने | जेष्ठ भित्र | गाउँपालिका | कम्तिमा २ वटा ठूला पसल वा उद्योग | कृषि शाखा, विषयक्षेत्र |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तरिका/प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरू बीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | प्रकोपको सम्भावित समय अगावै | वडास्तर | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तिमा १ पटक | कृषि शाखा, विषयक्षेत्र |
| ५ | विपद् क्षेत्रमा खाद्य सामग्रीहरू पुर्याउनका निम्ति सुरक्षा निकाय, यातायात व्यवसायी तथा उद्धार कर्मीहरू सँग समन्वय गरी कार्य सम्पन्न गर्ने | विपद् पश्चात | घटना घटेका स्थानमा | आवश्यकता अनुसार | कृषि शाखा, विषयक्षेत्र |

### ३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने स्वास्थ्य तथा पोषण विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने। यसको लागि व्यक्तिको जोखिमता (बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति , आदिको बिशेष प्रकारको आवश्यकता हुने हुनाले तत् तत् प्रकारका व्यक्तिको विवरणको लागि सामाजिक सुरक्षा प्रणालीको तथ्याङ्कतथ्याङ्क प्रयोग गर्ने | हरेक महिना, औषधिको गुण अनुसार (म्याद समाप्ती अनुसार दुरुस्त राख्ने ) | गाउँपालिका स्तर | १०० परिवारको लागी | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | द्रुतप्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन/पूनर्गठन गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | गाउँपालिका | वर्षमा १ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संसाधनको सूची तयार/अद्यावधिक गर्ने | वडा सङ्ख्या र जनसङ्ख्या अनुसार | गाउँपालिका स्तर | गाउँस्तर: १० जना वडास्तर: ४ जना | स्वास्थ्य शाखा, |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्यकर्मी मार्फत स्वास्थ्य शिक्षाको व्यवस्था गर्ने | नियमित | वडास्तर | हरेक वडामा १ पटक | स्वास्थ्य शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| ५ | महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने, अति जोखिममा रहेका व्यक्तिहरुलाई सुचना सुनिश्चित गर्ने तथा कम खर्चिलो, छिटो र प्रभावकारी उपायको लागि बिध्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र प्रयोग गर्ने | नियमित | जोखिम युक्त वस्तिहरुमा | वर्षमा कम्तिमा ३ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | विपद् पश्चात महिला, सुतकेरी, बालबालिका, जेष्ठ नागरिक, अपाङ भएको व्यक्तिहरुलाई सरसफाई सामग्री तथा पोषण युक्त खानेकुराहरु सुनिश्चित गर्ने र यसको लागि व्यक्तिको जोखिमता (बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति , आदि लाइ विशिष्टीकृत प्रकारको सामग्री | विपद् पश्चात पहिलो प्राथिमिकता | जोखिम युक्त वस्तिमा | आवस्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | उपयुक्त हुने हुँदा सो व्यक्तिहरुको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिने | | | | |
| ७ | एम्बुलेन्स तयारी अवस्थामा राख्ने | निरन्तर | स्वास्थ्य संस्थामा | आवस्यकतानुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |

### ३.१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने खानेपानी, सरसफाई र स्वच्छता विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | स्वास्थ्य | | खानेपानी तथा सरसफाई शाखा विषयक्षेत्र |
| २ | सरसफाइका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | वडा | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ३ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने। | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका | | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ४ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोत पहिचान र संरक्षण गर्ने | निरन्तर | सबै वडा मा | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |
| ५ | लैङ्गिक मैत्री, बाल मैत्री र अपाङ्गता मैत्री अस्थायी शौचालय, खाने पानी धारा निर्माण तथा स्नान गृह निर्माणका लागि सामग्री तयार गर्ने | निरन्तर | वडा तथा समुदायस्तर मा | सबै | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, |
| ६ | आपत्कालिन आवस्थाको लागि खाने पानी पाइप भण्डारण गर्ने | प्रकोपको सम्भावित समय अगावै | पालिका स्तर | ७०० मीटर | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ७ | आपत्कालिन आवस्थाको लागि पिउने पानीको आवश्यक बोतल तथा जार तयारी अवस्थामा भण्डारण गर्ने | प्रकोपको सम्भावित समय अगावै | वडा | २०० बोतल, ५०० जार | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ८ | पिउने पानीको लागि ड्रमहरू खरीद गरीराख्ने | प्रकोपको सम्भावित समय अगावै | पालिका स्तर | १० ओटा | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ९ | विपद्का वातावरणीय कारणहरू, दिगो स्रोत उपयोग, वन डढेलो नियन्त्रण, पानी संरक्षण जस्ता विषयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने। | चैत्र सम्म | पालिकाभर | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई शाखा |

### ३.१.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने आपत्कालिन आश्रयस्थल र गैरखाद्य सामग्री विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने। व्यक्तिको जोखिमता (बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति , आदि लाइ विशिस्ठीकृत प्रकारको सुबिधा आवश्यक हुने हुँदा सो व्यक्तिहरुको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिई सो बमोजिमको आश्रय स्थल निर्माणको सुनिश्चिता गर्ने | प्रकोपको सम्भावित समय अगावै | सबै वडामा | २०० घर परिवारका लागी | गाउँपालिका, प्रदेश, संघ, शहरी विकास तथा भवन र नेपाल रेडक्रस सोसाईटी |
| २ | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची स्थानीय राजपत्रमा प्रकाशित गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | आपत्कालीन आश्रय तथा गैर खाद्य क्षेत्र |
| ३ | आपत्कालीन अवस्थामा आश्रय स्थलका रुपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | आपत्कालीन आश्रय तथा गैर खाद्य क्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ४ | प्रकोपबाट समुदायलाई बचाउन आपत्कालीन आश्रय भवनहरू पहिचान तथा निर्माण गर्ने | आवश्यकता अनुसार | हरेक वडामा जोखिममा रहेको समुदाय नजिक | १४ वटा | पूर्वाधार विकास शाखा र सम्बन्धित वडा |
| ५ | सम्भावित आपत्कालीन अवस्थामा तुरुन्त गैर गाद्य सामग्री खरिद गर्न को लागि सूचि दर्ता गर्ने | चैत्र | थोक विक्रेता/ खुद्रा विक्रेता/ सहकारी/ ठूला कृषक/फार्मेसी | ५० घर परिवारका लागि | गाउँपालिका, जिन्सी तथा कृषि शाखा |
| ६ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने तथा बालबालिका, महिला र अपाङ्गमैत्री बनाउने | निरन्तर | सबै वडामा | २०० घर परिवारकालाई पुग्ने गरी | गाउँपालिका, पूर्वाधार विकास शाखा र वडा कार्यालय |
| ७ | गैर–खाद्य सामग्री सेटहरू भण्डारण गर्ने। यस्ता सामग्री भण्डारण गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिलाई आधार बनाउने । | निरन्तर | गाउँस्तर, गोदाम घरहरु (Warehouse) | कम्तिमा ५० घर परिवारका लागि | गाउँपालिका जिन्सी शाखावडा कार्यायल नेपाल रेडक्रस सोसाईटी, विषयक्षेत्र |
| ८ | विपद् प्रभावित स्थान वा खुल्ला क्षेत्रमा शिविर सञ्चालन गर्ने स्थानमा सवारी साधनको प्रवन्ध गर्ने। | आवश्यकता अनुसार | गाउँपालिका | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ९ | लैङ्गिक-मैत्री अस्थायी आश्रय वा बास निर्माणको लागि वडा स्तरीय विपद् व्यवस्थापन समिति, युवा क्लब, आमा समूह, विध्यालय व्यवस्थापन समिति र टोल सुधार समितिको दक्षता अभिवृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने व्यवस्थापन गर्ने | मनसुन सुरुहुनु भन्दा अगाडी | सबै वडामा | ३० जना | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| १० | जलवायु तथा वातावरणीय जोखिम नक्साङ्कन गर्ने | बैशाख सम्म | पालिकाभर | | प्राविधिक शाखा |
| ११ | जलवायु उत्थानशील तथा वातावरणमैत्री पूर्वाधार प्रवर्द्धन गर्ने | निरन्तर | पालिकाभर | | प्राविधिक शाखा |

### ३.१.६ संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने संरक्षण तथा सूरक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको पहिचान सहितको तथ्याङ्क सङ्कलन गर्ने र यस्ता व्यक्तिको संरक्षणका तरिका बारे जानकारी पुस्तिका तयार एवम् प्रकाशन गर्ने। | निरन्तर | गाउँस्तर | कम्तिमा १५० प्रति | महिला तथा बालबालिका शाखा |
| २ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू (जस्तैः डिग्निटि किट) खरिद गरी भण्डारण गर्ने। यसरी सामग्री खरिद गर्दा , अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठनागरिक जस्ता संकटासन्न व्यक्तिहरुको फरक फरक आवश्यकता हुने हुनाले सो अनुसारका सामग्री समेत भण्डारण गर्नको लागि  आवश्यक तथ्याङ्क बिद्यमान सामाजिक सुरक्षा प्रणालीबाट र स्वास्थ्य संस्थाबाट लिने । | निरन्तर | गाउँका गोदाम घरहरू, गा पा को गोदाम, वडा, विद्यालय, स्वास्थ्य चौकी, आदि | यस्तो जनसंख्याको कम्तिमा १० प्रतिशतलाई पुग्ने | महिला तथा बालबालिका शाखा, सामाजिक सूरक्षा शाखा, जिन्सी शाखा |
| ३ | सामाजिक सुरक्षा भत्ता नविकरण र भुक्तानीको लागि वैकल्पिक व्यवस्थापन गर्ने (जस्तै : घर दैलो तथा घुम्ती शिविर) | निरन्तर/ मासिक /त्रैमासिक | गाउँस्तर | लक्षित समुदाय सबैमा | सामाजिक विकास शाखा, पञ्जिकरण शाखा |
| ४ | लङ्गिक तथा बाल हिंसा न्यूनीकरणका लागि सचेतनामूलक सन्देश प्रशारण गर्ने। | निरन्तर | वडा तथा समुदाय स्तरमा | आवश्यकता अनुसार | बालबालिका शाखा, विषयक्षेत्र, सामाजिक संघ संस्था सँग समन्वय |
| ५ | महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अन्य लक्षित समुहका लागि अनुकूल हुने भौतिक पूर्वाधार र सुरक्षित स्थान सम्म पुग्ने बाटो र साधनको सुनिश्चिता गर्ने। | निरन्तर | पालिका स्तरमा | आवश्यकता अनुसार | गाउँपालिका, सरकारी र गैर सरकारी संघ संस्था सँग समन्वय |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ६ | हिंसा रोकथाम तथा संरक्षण गर्न जेण्डर हेल्प डेक्सको स्थापना तथा सञ्चालन गर्ने। | निरन्तर | वडा तथा समुदाय स्तरमा | आवश्यकता अनुसार | गाउँपालिका, प्रहरी, सामाजिक संघ संस्था सँग समन्वय |
| ७ | समुदायस्तरमा जन जागरण कार्यक्रम सञ्चालन गर्ने । | मंसिर - पौष | प्रति वडा २ स्थानमा | वार्षिक १ पटक | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ८ | विपद पश्चात जोखिममा रहेका व्यक्तिहरुको मनोसामाजिक स्वास्थ्यलाई ध्यानमा राख्दै मनोसामाजिक सेवा उपलब्ध गराउने | विपद पश्चात | प्रभावित क्षेत्रहरुमा | आवश्यकता अनुसार | स्वास्थ्य संस्था र सरोकारवाला संघ संस्था |

### ३.१.७ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने आपतकालिन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | बाढी, पहिरो, हावाहुरी, आगलागी लगायत विपद्ले प्रभावित गर्नसक्ने विद्यालयको सूची अद्यावधिक गर्ने र संभावित क्षतिको आंकलन गर्ने। | वर्षको १ पटक | प्रत्येक वडा | सबै विद्यालय | शिक्षा शाखा, |
| २ | अत्याधिक चिसो समयमा विद्यार्थीहरूलाई आवश्यकता अनुसार न्यानो कपडा वितरण र गर्मीको लागि कक्षा कोठामा पंखा व्यवस्था गर्ने | जाड़ो र गर्मी (१ पटक) | विद्यालय स्तरमा | आवश्यकता अनुसार | शिक्षा शाखा, गाउँपालिका, सम्बन्धित विद्यालय |
| ३ | विद्यालय व्यवस्थापन समितिं एवम् शिक्षक अभिभावक संघ, शिक्षक र विद्यार्थीहरूलाई विपद पूर्वतयारी तालिम र अभ्यास दिने | वर्षको १ पटक | विद्यालय | सबै विद्यालय | गाउँपालिका, विपद् व्यवस्थापन शाखा, शिक्षा शाखा |
| ४ | विपद् भएमा विद्यालय सञ्चालन गर्ने वैकल्पिक स्थान र माध्यम पहिचान गर्ने | वर्षको १ पटक | वडास्तरमा | जोखिमयुक्त विद्यालय | गाउँपालिका, विपद व्यवस्थापन समिति, शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ५ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्री तयारी अवस्थामा राख्ने। | निरन्तर | गाउँस्तर | ५ वटा विद्यालयको लागि | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ६ | सम्भावित विपद्बाट सुरक्षित हुने उपाय बारे विद्यालयमा चेतनामूलक कार्यक्रम र एफ.एम. रेडियोबाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने । प्ले कार्ड सहित विद्यार्थी र आमा समूहबाट प्रभातफेरी सञ्चालन गर्ने | निरन्तर | विद्यालयस्तर | सबै विद्यालय र एफ.एम.बाट कम्तिमा १५ दिन | विपद् व्यवस्थापन शाखा, शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ७ | गर्मी र चिसोबाट हुनसक्ने असरबारे विद्यालयमा जनचेतनामूलक कार्यक्रम गर्ने | निरन्तर | विद्यालय स्तरमा | १/१ वटा सबै विद्यालयमा | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ८ | विपद्का विषय जस्तै पुर्वतयारी कृत्रीम घटना अभ्यास गराउने, प्राथमिक उपचारको तालिम प्रदान गर्ने जस्ता कार्यक्रम गर्ने, र प्राथमिक उपचारका सामाग्री उपलब्ध गराउने | निरन्तर | विद्यालय स्तरमा | मा. वि. स्तरका विद्यालयहरुमा | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ९ | विद्यालयमा कुनै घटना घटिहाले सुरक्षा सहित उद्धार तथा सेवा गर्नका लागि जुनियर रेडक्रस सर्कल (जु.रे.स.), युथ रेडक्रस सर्कल (यु.रे.स.) र स्काउटलाई विशेषज्ञता सम्बन्धि तालिम सञ्चालन गर्ने | निरन्तर | विद्यालय स्तरमा | मा. वि. स्तरका विद्यालयहरुमा | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

### ३.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने शीघ्र पुनर्लाभ विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, अपाङ्गता मैत्री, जेष्ठनागरिक मैत्री,  बालमैत्री, लैङ्गिक मैत्री शौचालय तथा बालमैत्री धाराको व्यवस्था गर्ने। | निरन्तर | वडास्तरमा |  | पूर्वाधार विकास शाखा, वडा कार्यालय,सम्बन्धित विषयगत समिति |
| २ | विपद्बाट अत्यावश्यक सेवाहरू (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्न तत्काल प्राविधिक टोली परिचालन गर्ने। | निरन्तर | गाउँस्तर, वडास्तरमा |  | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा र विषयक्षेत्र |
| ३ | सम्भावित विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शिघ्र मूल्याङ्कनको लागि टोली गठन गरी प्रशिक्षण दिने। | प्रत्येक वर्ष एक पटक | गाउँस्तर |  | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाईटी |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ४ | सम्भावित विपद्बाट कृषि, पशु, रोजगारी, सेवा, उद्योग, पर्यटन, व्यवपार लगायतका क्षेत्रमा पर्न सक्ने असरहरु न्यूनीकरण गर्ने क्रियाकलाप तय गरी कार्यन्वयन गर्ने। | विपद् पश्चात तत्काल | गाउँस्तर | | कृषि विकास र पशु सेवा शाखा, आर्थिक विकास समिति |

## ३.२ मौसम पूर्वानूमानमा आधारित पुर्वतयारी तथा पूर्वकार्य योजना

मौसम पूर्वानूमानमा आधारित पूर्वकार्य योजनामा आधिकारी पूर्वानुमान सुचना उपलब्ध हुने समयको आधारमा पूर्वकार्यहरू निर्धारण गर्नु पर्दछ। यसमा सामान्य सतर्क रहने देखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन्। यस्तो योजना प्रकोपको प्रकृति, समय र संभावित प्रभाव क्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तय गरिनु पर्दछ।

पूर्वानुमानमा आधारित पूर्वकार्य गर्दा अति जोखिममा रहेका व्यक्तिहरूलाई सुचना सम्प्रेषण गर्ने, राहत (नगद तथा सामग्री वितरण) व्यवस्थापन गर्ने, सुरक्षित आश्रय स्थलमा स्थानान्तरण गर्ने , खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी गतिबिधि गर्ने, संरचना निर्माण गर्ने जस्ता विभिन्न विपद पूर्वकार्यहरू कार्यन्वयन गर्दा सामाजिक सुरक्षा प्रणालीमा आबद्ध लाभग्राहीहरूको संकटासंन्नतालाइ मध्यनजर गरि उक्त कार्यहरू कम खर्चिलो, छिटो र प्रभावकारी बनाउनका लागि बिध्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र पनी प्रयोग गर्न सकिन्छ।

**गाउँपालिका क्षेत्रमा बाढी, पहिरोको जोखिम सम्बन्धी पूर्वसूचनाको आधारमा गरिने पूर्वकार्यहरू देहाय बमोजिम हुनेछन्।**

(क) वर्षाको पूर्वानुमान र यसको सम्भावित प्रभावको आधारमा, साथै
(ख) समुदायले पहिरो, ढुङ्गा खस्ने र भल बाढीको जोखिम अवस्थाको निगरानी गरेर।
माथि (क) बमोजिमको वर्षाको पूर्वानुमान जल तथा मौसम विज्ञान विभागबाट प्राप्त गरिनेछ साथै विभागसँग समन्वय गरी गाउँपालिका क्षेत्रमा वर्षामापन केन्द्रबाट वर्षाको तत्कालिक अनुगमनको व्यवस्था मिलाइने छ। (ख) बमोजिमको जोखिम अनुगमनका लागि सम्बन्धित समुदायको जोखिम क्षेत्र नजिक रहेका समुदायका विभिन्न समुह तथा समिति मार्फत स्थानीय समुदायलाई आ-आफ्नो क्षेत्रमा पहिरो तथा भलबाढीको जोखिम अनुगमन गर्न परिचालन गरिने छ। साथै आर्थिक, प्राविधिक हिसाबले सम्भव भएसम्म पहिरो जोखिम क्षेत्रमा जोखिम अनुगमन प्रविधि जडान गरिनेछ।
विभिन्न अवधिको मौसम पूर्वानुमानको सूचना र स्थानीय निगरानीको आधारमा विपद् जोखिम अवस्थाको जानकारी आदानप्रदान गर्न गाउँपालिकाको विपद् सम्पर्क व्यक्तिको संयोजकत्वमा गाउँपालिका स्तरमा जोखिम पूर्वसूचना संप्रेषण संयन्त्र निर्माण गरिएको छ। सूचना संप्रेषण संयन्त्र मार्फत सम्बन्धित समुदायमा पूर्वसूचना र सम्बन्धित जानकारी पुऱ्याइनेछ। विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ। उपरोक्त अनुसार दुबै स्रोतबाट प्राप्त हुने सूचनाका आधारमा गाउँपालिका अन्तर्गतका विपद् व्यवस्थापन समितिले आवश्यक कदम चाल्नेछन्।

गाउँपालिकामा विपद् व्यवस्थापन सम्पर्क व्यक्तिका साथै स्वास्थ्य, शिक्षा, योजना, कृषि, पशुसेवा, प्रशासन, सामाजिक विकास, महिला तथा बालबालिका लगायतका सम्बन्धित शाखाका कर्मचारी, विषयक्षेत्रका विज्ञ व्यक्ति रहेको विषयक्षेत्रगत समूह/क्लष्टर परिचालन गरिनेछ।

**मौसम पूर्वानुमान तथा पहिरो जोखिमको स्थानीय निगरानीबाट प्राप्त पूर्वसूचनाका आधारमा देहाय बमोजिम पूर्वतयारी तथा पूर्वकार्य गरिनेछ।**

### ३.२.१ मनसुन परिदृष्यको सूचना

जल तथा मौसम विज्ञान विभागले सामान्यतया बैशाख महिनामा आगामी बर्खामा समग्र वर्षाको अवस्थाको मोटामोटी अनुमान (मनसुन आउटलुक) उपलब्ध गराउँछ । गाउँपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन मिडियाका साथै ईमेल तथा गाउँपालिकाको आधिकारीक फेसबुक पेज आदिका माध्यमबाट मनसुन सक्रिय हुनभन्दा करिब १ महिना अगावै प्राप्त गर्न सकिनेछ । यो जानकारी गाउँपालिकामा प्राप्त भएपछि सम्बन्धित विषयक्षेत्रका कर्मचारी तथा सरोकारवालासँग परामर्श गरी गाउँपालिकामा क्षेत्रमा मनसुन अवधिमा हुनसक्ने प्रभावको अनुमान गरिनेछ ।

मनसुनी वर्षा शुरु भएपछि समुदायमा स्थानीय तवरमा बाढी तथा पहिरो जोखिमको निगरानी गर्न र निगरानीकर्ताले बाढी तथा पहिरोको जोखिम बढेको, वा अरु सूचकका आधारमा बाढी तथा पहिरो जाने सम्भावना छ भन्ने खबर ल्याउने व्यवस्था गर्न सम्बन्धित वडा तथा सम्बन्धित समुदायको जोखिम क्षेत्र नजिक रहेका समुदायका विभिन्न समुह तथा समितिहरू परिचालन गरिनेछ ।

**मनसुन परिदृष्य प्राप्त भएपछि गाउँपालिका स्तरमा विभिन्न सरोकारवाला निकायहरुले गर्ने पूर्वतयारी तथा पूर्वकार्य क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् । १ महिना समयावधिको मौसम विषेश बुलेटिन प्राप्त भएपछि गाउँपालिका स्तरमा विभिन्न सरोकारवाला निकायहरुले गर्ने पूर्वतयारी तथा पूर्वकार्य क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् ।**

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | विषयगत क्षेत्र | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन समितिको बैठक बसी मनसुन पूर्वतयारीको समीक्षा र अपुग भएको तयारीको विषयमा आवश्यक निर्णयहरू गर्ने ।<br>साथै मनसुन परिदृश्य अनुसार गाउँपालिका क्षेत्रमा पर्न सक्ने सम्भावित प्रभावको विश्लेषण गरी स्थानीय परिदृश्य तयार गर्ने र स्थानीय परिदृश्य सहितको मनसुन परिदृश्य समुदायसम्म जानकारी गराउने । | मनसुनको प्रक्षेपण सम्प्रेषण भए लगतै | गाउँपालिका | १ पटक | स्थानिय आपत्कालिन कार्य सञ्चालन केन्द्र, समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका |
| २ | जल तथा मौसम विज्ञान विभागद्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा विषयगत क्षेत्र प्रमुख तथा उपप्रमुखहरु तथा जोखिमको समुदायलाई जानकारी दिने | मनसुनको प्रक्षेपण सम्प्रेषण भए लगतै | गाउँपालिका | १ पटक | स्थानिय आपत्कालिन कार्य सञ्चालन केन्द्र, समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका |
| ३ | सबै विषयगत क्षेत्रका सदस्यहरु र सहयोगी निकायका मुख्य व्यक्तिहरुको, स्वयंसेवक (प्राथमिक उपचार, खोज तथा उद्धार), कार्यदल सहितका टोल विकास संस्था सदस्यहरुको सम्पर्क अद्यावधिक सूची तयार गर्ने । | १ महिना | गाउँपालिका | १ पटक | स्थानिय विपद् व्यवस्थापन समिती | गाउँपालिका |
| ४ | आश्रय सामाग्रीहरु, खाद्य तथा गैरखाद्य पदार्थ, सामाग्रीहरु र औषधिहरुको लागी अनुबन्ध गरिएका पसल हरु सँग सम्पर्क गर्ने | १ महिना | गाउँपालिका | १ पटक | खाद्य तथा कृषी क्षेत्र, स्वास्थ्य तथा पोषण क्षेत्र, खानेपानी, सरसफाई तथा स्वच्छता प्रवद्धन क्षेत्र, | गाउँपालिका |

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | विषयगत क्षेत्र | स्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र | |
| ५ | सुरक्षीत, खुला आश्रय स्थानको तयारी गर्ने र जोखिमको स्थितिमा ती स्थानको उपयोग गर्ने योजना बनाउने | १ महिना | गाउँपालिका | १ पटक | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, स्थानिय विपद् व्यवस्थापन समिती, शीघ्र पुर्नलाभ क्षेत्र | गाउँपालिका |
| ६ | मनसुनको ऋतुगत हावापानी आङ्कलन अनुसार समुदायका कृषकहरूलाई सोही अनुसारका बालीहरूको छनौट गरी लगाउन अनुरोध गर्ने | हावापानी आँकलन प्राप्त भएपछी | गाउँपालिका भर | १ पटक | खाद्य तथा कृषी क्षेत्र | गाउँपालिका कृषि विकास शाखा |
| ७ | विद्यालय व्यवस्थापन समिति, शिक्षकहरूसँग वर्षायाममा हुनसक्ने विपद्को जोखिम र अपनाउनुपर्ने सावधानीका विषयमा छलफल गर्ने | १ मिहना | पालिका | १ पटक | आपत्कालीन शिक्षा क्षेत्र | गाउँपालिका |
| ८ | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई थप सक्रिय बनाउने | निरन्तर | पालिका | | समग्र व्यवस्थापन | गाउँपालिका |
| ९ | सवारी साधन (डोजर, एमबुलेन्स) का साथै सम्पर्क नंबर तयारी अवस्थामा राख्ने | १ महिना | गाउँपालिका | १ पटक | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, शिघ्र पुनर्लाभ | गाउँपालिका |
| १० | जोखिमयुक्त क्षेत्रमा सम्भावित विपद् बाट विस्थापित हुनसक्ने जनसंङख्याको पहिचान गरी त्यसको लिस्ट तयार गर्ने | १ महिना | गाउँपालिका | १ पटक | आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र, संरक्षण तथा सुरक्षा क्षेत्र, शीघ्र पुर्नलाभ क्षेत्र | गाउँपालिका |
| ११ | समुदायको सहज पहुँचको लागी झटपट झोला र पानी नछिर्ने कागजात थैली र त्यस्तै सामाग्री सामुदायिक विपद् व्यव्स्थापन समितिमा तयार गर्ने तथा वितरण गर्ने | १ महिना | गाउँपालिका | १ पटक | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, स्थानिय विपद् व्यवस्थापन समिती | गाउँपालिका |
| १२ | आपतकालीन औषधि, प्राथमिक उपचार किट र स्वास्थ्य किट स्थानीय स्वास्थ्य केन्द्रलाई सहयोग उपलब्ध गराउने | १ महिना | गाउँपालिकामा हरेक स्वास्थ केन्द्र | १ पटक | स्वास्थ्य तथा पोषण क्षेत्र | गाउँपालिका |
| १३ | विपद् व्यवस्थापनका लागि परिचालन गर्न रोष्टर तयार गरिएको जनशक्तिहरूलाई पुर्न ताजगी तालिमको आयोजना गर्ने | १ महिना | गाउँपालिका | १ पटक | आपत्कालीन कार्यसञ्चालन केन्द्र | गाउँपालिका |

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | विषयगत क्षेत्र | स्रोत |
|---|---|---|---|---|---|---|
| १४ | स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य टोली र दुरत प्रतिकार्य टोलीलाई आवश्यक पुर्नताजगी तालिम प्रदान गर्ने | १ महिना | गाउँपालिका | १ पटक | विषयगत क्षेत्र प्रमुखहरु, स्थानी गै.स.स हरु | गाउँपालिका |
| १५ | खुला स्थानहरु पहिचान गर्ने , सुरक्षित मार्ग र जोखिमको स्थितिमा ती स्थानको उपयोग गर्ने योजना बनाउने | १ महिना | हरेक वडा | १ पटक | स्थानिय आपतकालिन कार्य संचालन केन्द्र, स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र, संरक्षण तथा सुरक्षा क्षेत्र, | गाउँपालिका |
| १६ | मौसम पुर्वानुमान पछि विभिन्न कृषी बालीहरु सुरक्षीत स्थानमा राखीएको नराखीएको सुनिश्चत गर्ने | १ महिना | हरेक वडा | १ पटक | खाद्य तथा कृषि क्षेत्र, | कृषि विकास शाखा |
| १७ | सम्पूर्ण पूर्वतयारी गतिविधिहरु पहिले नै सम्पन्न भैसकेको सुनिश्चित गर्ने | १ महिना | गाउँपालिका | १ पटक | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, स्थानिय विपद् व्यवस्थापन समिती | गाउँपालिका |
| १८ | पुनस्र्थापना केन्द्रहरुको फोहोर मैला व्यवस्थापन गर्ने | १ महिना | गाउँपालिका | १ पटक | शीघ्र पुर्नलाभ क्षेत्र, समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, स्थानिय विपद् व्यवस्थापन समिती | गाउँपालिका |
| १९ | खानेपानी शुद्धिकरणका विधि, व्यक्तिगत सरसफाइ र चर्पी प्रयोगको जानकारी दिने | १ महिना | गाउँपालिका | १ पटक | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, स्थानिय विपद् व्यवस्थापन समिती, संरक्षण तथा सुरक्षा क्षेत्र, आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र, खानेपानी, सरसफाई तथा स्वच्छता प्रवद्धन क्षेत्र | गाउँपालिका |
| २० | शव व्यवस्थापनको लागि कार्यविधि निर्माण गर्ने | १ महिना | गाउँपालिका | १ पटक | शीघ्र पुर्नलाभ क्षेत्र, समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, स्थानिय विपद् व्यवस्थापन समिती | गाउँपालिका |
| २१ | समुदाय स्तरमा बाढी तथा पहिरो जोखिम क्षेत्रको अवस्थाको अनुगमनका लागि स्वयंसेवक पहिचान गर्ने | १ महिना | जोखिम क्षेत्रहरुमा | मनसुन भरी | समग्र व्यवस्थापन, स्थानिय विपद् व्यवस्थापन समिती | गाउँपालिका |

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | विषयगत क्षेत्र | स्रोत |
|---|---|---|---|---|---|---|
| २२ | गाउँपालिका स्तरमा रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने साथै सुत्केरी तथा गर्भवती महिलाहरूको तथ्याङ्क अद्यावधिक गरी सूचना प्रवाहको व्यवस्था मिलाउने | जेष्ठ मसान्त | गाउँपालिका | १ पटक | स्वास्थ्य तथा पोषण विषयक्षेत्र, पञ्जिकरण शाखा | गाउँपालिका |
| २३ | टोल टोलमा गएर नै सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा असार पहिलो हप्तामै वितरण गराउने व्यवस्था मिलाउने। | असार, श्रावण, भदौ | टोल टोलमा | | पंजीकरण शाखा/वडा सचिव | गाउँपालिका |
| २४ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | जेष्ठ मसान्त | गाउँपालिका | १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति | गाउँपालिका |
| २५ | मनसुन अवधिको लागी सडक हेरालुको व्यवस्थापन गर्ने | जेठ देखी असोज सम्म | पालिका भर | भलका कारण सडक अवरुद्ध हुने लक्षित | शिघ्र पुनर्लाभ क्षेत्र | गाउँपालिका |
| २६ | खानेपानी स्रोत तथा जलाधारमा संरक्षण गर्ने, भेलबाढी नपस्ने गरी सुरक्षित बनाउने | मनसुन अवधिभर | पालिका भर | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र | गाउँपालिका |
| २७ | वर्षाको पानी संकलन तथा पुनर्भरण प्रणाली प्रवर्द्धन गर्ने | निरन्तर | पालिका भर | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र | गाउँपालिका |
| २८ | जलाधार क्षयीकरण अनुगमन गर्ने र तत्काले न्यूनीकरण गर्न सकिने उपायहरू अबलम्बन गर्ने | मनसुन अवधिभर | पालिका भर | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र | गाउँपालिका |
| २९ | प्लास्टिक न्यूनीकरण तथा वातावरणमैत्री राहत व्यवस्थापन सम्बन्धी उपाय बारे सार्वजनिक सञ्चार माध्यम/ सामाजिक सञ्जाल मार्फत समुदायलाई जानकारी गराउने | निरन्तर | पालिका भर | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र | गाउँपालिका |

### ३.२.२ मौसम विषेश बुलेटिन

जल तथा मौसम विज्ञान विभागले आगामी सात दिन (सामान्यतया आगामी तीन दिनदेखि सात दिनसम्म) मा ठूलो वर्षा हुन सक्छ र त्यसले पहिरो बाढी हुन सक्छ भन्ने मौसम विषेश बुलेटिन विषेश मौसमी प्रणाली सिर्जना हुने अवस्थामा मात्रै उपलब्ध गराउँछ। उक्त बुलेटिनमा जल तथा मौसम विज्ञान विभाग बाढी पूर्वानुमान तथा मौसम पूर्वानुमान महाशाखाबाट जिल्लामा हुनसक्ने वर्षा तथा बाढी र पहिरोको जोखिमलाई इंकित गरिएको हुन्छ।

गाउँपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन मिडिया तथा ईमेल आदिका माध्यमका साथै विभागबाट सोझै पनि प्राप्त गर्न सकिनेछ। वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ। यो खबर पाएपछि आगामी सात दिन, पाँच दिन, तिन दिन तथा २४ घण्टा भित्रको जुनसुकै समयमा पनि भारि वर्षा शुरु हुन सक्छ। तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्बन्धित सबैलाई सजग गराइनेछ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी गाउँपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्र गाउँपालिका स्तरीय पूर्वसूचना संयन्त्र मार्फत सम्बन्धित समुदायमा पुऱ्याइनेछ। विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ।

स्थानीय तवरमा बाढी तथा पहिरो जोखिमको निगरानीबाट वा अरू सूचकका आधारमा बाढी तथा पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा जोखिममा रहेका समुदायलाई सार्न सम्भव हुने धनमाल सहित सुरक्षित स्थानमा तत्कालै स्थानान्तरण गर्न पहल गरिनेछ। सामान्यतया निगरानीबाट यति समय भित्रै बाढी तथा पहिरो जान सक्छ वा ढुङ्गा खस्न सक्छ भन्ने निश्चित गर्न सम्भव हुँदैन। तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ।

**३ दिन देखि ७ दिन समयावधिको मौसम विषेश बुलेटिन प्राप्त भएपछि गाउँपालिका स्तरमा विभिन्न सरोकारवाला निकायहरुले गर्ने पूर्वतयारी तथा पूर्वकार्य क्रियाकलापहरू देहाय बमोजिम रहेका छन्।**

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | विषयगत क्षेत्र | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन समितिको बैठक बस्ने। जल तथा मौसम विज्ञान विभाग कार्यालयद्धारा जारी भएको मौसम पूर्वानुमान बारेमा विषयगत क्षेत्रगत प्रमुख तथा उपप्रमुखहरु तथा जोखिमको समुदायमा लाई जानकारी दिने | विशेष मौसम बुलेटिन प्राप्त भए लगतै | गाउँपालिका | आवश्यकता अनुसार | स्थानिय आपत्कालिन कार्य सञ्चालन केन्द्र, समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका |
| २ | विभागबाट प्राप्त भएको सूचनाका बारेमा आम समुदायलाई सचेत रहन रेडियो एफ एम मार्फत सूचना सम्प्रेषण गर्ने, संकटासन्न वर्गलाई एस.एम.एस. मार्फत सुचित गर्ने | विशेष मौसम बुलेटिन प्राप्त भए लगतै | प्रभावित हुनसक्ने क्षेत्र तथा वडामा | आवश्यकता अनुसार | स्थानिय आपत्कालिन कार्य सञ्चालन केन्द्र, समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका |
| ३ | कृषकहरुलाई बाली/तरकारी/पशुपंक्षी पालन फार्म सुरक्षित राख्न सुचित गर्ने | मनसुनको प्रक्षेपण सम्प्रेषण भए लगतै | गाउँपालिका | आवश्यकता अनुसार | खाद्य तथा कृषी क्षेत्र | गाउँपालिका |
| ४ | किसानहरूको पाकिसकेको बालि भए तत्काल थन्काउन सूचित गर्ने | १ हप्ता | गाउँपालिका भर | बुलेटिन अनुसार | खाद्य तथा कृषी क्षेत्र, कृषि विकास शाखा | गाउँपालिका |
| ५ | तयारी खाद्य पर्दाथको प्याकेजिङ्ग र पहिचान गरिएको संकटासन्न समुदायमा भण्डारण गर्ने | मनसुनको प्रक्षेपण सम्प्रेषण भए लगतै | हरेक वडा | १ पटक | खाद्य तथा कृषी क्षेत्र, उघोग वाणिज्य संघ | गाउँपालिका |
| ६ | महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष आवश्यकता सम्बोधन हुने व्यवस्था गर्ने | एक हप्ता | हरेक वडा | १ पटक | आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र, संरक्षण तथा | गाउँपालिका |

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | विषयगत क्षेत्र | स्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | सुरक्षा क्षेत्र, शीघ्र पुर्नलाभ क्षेत्र | |
| ७ | स्थानिय विपद् व्यवस्थापन समिति र सामुदायिक विपद् व्यवस्थापन समितिको समन्वय बैठक बस्ने | एक हप्ता | जोखिम वडा | १ पटक | स्थानिय विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समिति | गाउँपालिका |
| ८ | संकटासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथा उद्धार टोलीको पहुँच र स्रोतसाधनको अनुगमन गर्ने | एक हप्ता | हरेक वडा | १ पटक | स्थानिय आपत्कालिन कार्य सञ्चालन केन्द्र, समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, स्वास्थ्य तथा पोषण क्षेत्र | गाउँपालिका |
| ९ | संकटासन्न समुदायलाई प्राथमिक उपचार किट र पानी निर्मलीकरण गर्ने क्लोरिन झोल वितरण गर्ने | एक हप्ता | पालिका भर | १ पटक | स्वास्थ्य तथा पोषण क्षेत्र | गाउँपालिका |
| १० | ज्येष्ठ नागरिक, अपाङ्ग, गर्भवती महिला, बालबालिका तथा समस्यामा परेका मानिसहरुलाई स्थानान्तरण प्रक्रिया शुरु गर्ने | एक हप्ता | हरेक वडा | १ पटक | आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र, स्थानिय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय | गाउँपालिका |
| ११ | मुख्य सडक तथा समुदायका पहिरो जोखिम स्थानहरूको अवस्थाको अनुगमनलाई थप सक्रिय बनाउने | ३ देखी ५ दिन | जोखिम क्षेत्रमा | पटक पटक | शिघ्र पुनर्लाभ क्षेत्र | गाउँपालिका |
| १२ | संकटासन्न समुदाय तथा परिवारसम्म पुग्ने सम्पूर्ण मार्गको पहिचान गर्ने | | हरेक वडा | १ पटक | आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र, स्थानिय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, स्वयंसेवक | गाउँपालिका |
| १३ | घुम्ती क्लिनिकको स्थापना र परिचालन लागि सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउने | एक हप्ता | हरेक वडा | १ पटक | स्वास्थ्य तथा पोषण क्षेत्र | गाउँपालिका |
| १४ | सामान्य पूर्वतयारीका क्रियाकलापहरु सुचारु रुपले कार्यान्वयन भए नभएको अनुगमन गर्ने | एक हप्ता | हरेक वडा, जोखिम क्षेत्रभर | १ पटक | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, | गाउँपालिका |

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | विषयगत क्षेत्र | स्रोत |
|---|---|---|---|---|---|---|
| १५ | रबरको पञ्जा, बुट आदि जस्ता पानी नछिर्ने कपडा तथा सामाग्रीहरु वितरण गर्ने | एक हप्ता | हरेक वडा | १ पटक | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, | गाउँपालिका |
| १६ | सरसफाईका लागी परिचालन हुने जनशक्ती, सवारी साधन र उपकरण तयारी अवस्थामा राख्ने | एक हप्ता | हरेक वडा | १ पटक | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवद्धन क्षेत्र | गाउँपालिका |
| १७ | समुदायको जोखिम क्षेत्र (वर्ग २ र ३) मा बसोबास गर्ने मानिसहरूका साथै गर्भवती, सुत्केरी, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूलाई एफ एम मार्फत अपनाउनु पर्ने सतर्कता सन्देश प्रवाह गर्ने । | मनसुन भरी विशेष मौसम बुलेटिन प्राप्त भएपछी | पालिका भरी | मनसुन भरी | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र | गाउँपालिका |
| १८ | पाकी सकेका र भित्राउन मिल्ने कृषि उपज (बाली) हरु भित्राउने सूचना प्रवाह गर्ने । | विशेष मौसम बुलेटिन प्राप्त भएपछी | पालिका भरी | आवश्यकता अनुसार | खाद्य तथा कृषी क्षेत्र, कृषि विकास शाखा | गाउँपालिका |
| १९ | पिहचान भएका सुरक्षित तथा खुल्ला स्थानहरूको अवलोकन गरी उक्त ठाउँमा अस्थायी आवास निर्माणका लागि आवश्यक तयारी गर्ने । | १ हप्ता | जोखिम बस्ती लक्षित गरी | आवश्यकता अनुसार | आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र | गाउँपालिका |
| २० | खोज तथा उद्धारका लागि आवश्यक पर्ने सामाग्रीहरूको चेक जाँच गरि तयारी अवस्थामा राख्ने । | १ हप्ता | सामाग्री भण्डारण गरेको स्थलमा | पटक पटक | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका |
| २१ | समुदायका सबै घरमा झटपट झोला तयारी अवस्थामा राख्न र आवश्यक पर्ने सामाग्रीहरूको बारेमा एफ एम मार्फत सूचना प्रवाह गर्ने । | मनसुन भरी | पालिका भर | १ पटक | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका |
| २२ | आगामी दिनमा पर्न सक्ने असरहरूलाई मध्यनजर गरी परिवारहरूलाई १ हप्ताका लागि आवश्यक पर्ने खाद्यान्न तथा अन्य सामाग्रीहरूको व्यवस्थापन गर्न रेडियो मार्फत अनुरोध गर्ने । | मनसुन भरी | पालिका भर | विशेष मौसम बुलेटिन प्राप्त भएपछी | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका |
| २३ | पानीको बहाव बढेर सडक अवरुद्ध हुनसक्ने स्थानहरूको मर्मत तथा व्यवस्थापन गर्ने । | मनसुन भरी | जोखिम क्षेत्रहरूमा | आवश्यकता अनुसार | शिघ्र पुनर्लाभ क्षेत्र | गाउँपालिका |

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | विषयगत क्षेत्र | स्रोत |
|---|---|---|---|---|---|---|
| २४ | अस्थायी आश्रयस्थल व्यवस्थापनका क्रममा वन विनाश रोक्न आवश्यक व्यवस्था गर्ने | आश्रयस्थल व्यवस्थापन का क्रममा | आश्रय स्थल निर्माण गर्ने स्थानमा | निरन्तर | आपत्कालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | गाउँपालिका |
| २५ | पुनःप्रयोगयोग्य तथा स्थानीय सामग्रीको व्यवस्थापन गर्ने | आश्रयस्थल व्यवस्थापन का क्रममा | आश्रय स्थल निर्माण गर्ने स्थानमा | निरन्तर | आपत्कालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | गाउँपालिका |
| २६ | अस्थायी आश्रय व्यवस्थापनका क्रममा वातावरणीय तथा जनस्वास्थ्य प्रभाव न्यून गर्न फोहोर पानी व्यवस्थापन गर्ने तालिम प्रदान गर्ने | आश्रयस्थल व्यवस्थापन का क्रममा | आश्रय स्थल निर्माण गर्ने स्थानमा | निरन्तर | आपत्कालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | गाउँपालिका |

### ३.२.३ तिन दिने मौसम पूर्वानुमान बुलेटिन र प्रभावमा आधारीत मौसम पूर्वानुमान

जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनमा ठूलो वर्षा हुन सक्छ र त्यसले बाढी तथा पहिरो बढी हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ। जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान तथा तथा मौसम पूर्वानुमान महाशाखाबाट जारी हुने ३ दिने बाढी तथा मौसम पूर्वानुमान बुलेटिनले जिल्ला स्थित खोला तथा नदीलाई रातो रंगले इंकित गर्दै बाढी, पहिरो तथा वर्षाको उच्च जोखिममा रहेको प्रक्षेपण गर्नुका साथै जल तथा मौसम विज्ञान विभागको गणीतिय मौसम पूर्वानुमान मोडेल (Numerical Weather Prediction-NWP) तिन दिने वर्षा पूर्वानुमानले आगामी २४ घण्टा देखि ७२ घण्टा अवधिमा अति भारी वर्षा (१५० मी.मी. भन्दा बढी) हुने प्रक्षेपण गर्ने गर्दछ।

गाउँपालिकामा यसको खबर रेडियो, टिभी, अनलाइन मिडिया, ईमेलका माध्यमबाट विभागको ३ दिने मौसम पूर्वानुमान सूचना प्राप्त गर्न सकिनेछ। वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ। यो खबर प्राप्त भएपछि आगामी तीन दिन भित्र जुनसुकै समयमा भारी वर्षा सुरु हुन सक्छ। तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्बन्धित सबैलाई सजग गराइनेछ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी गाउँपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट गाउँपालिका स्तरीय पूर्वसूचना तथा आपत्कालीन सञ्चार संयन्त्र मार्फत सम्बन्धित समुदायमा पुऱ्याइनेछ। विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ।

अर्कोतर्फ, स्थानीय तवरमा बाढी तथा पहिरो जोखिमको निगरानी वा विभिन्न सूचकका आधारमा बाढी तथा पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त गर्न सकिनेछ। यसमा यति समय भित्रै बाढी तथा पहिरो जान सक्छ वा ढुङ्गा खस्न सक्छ भन्ने ठोकुवा गर्न सकिने चाहिँ हुँदैन। तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ।

**२४ घण्टा सहितको तिन दिने मौसम पूर्वानुमान बुलेटिन प्राप्त भएपछि गाउँपालिका स्तरमा विभिन्न सरोकारवाला निकायहरुले गर्ने पूर्वकार्य क्रियाकलापहरू देहाय बमोजिम रहेका छन्।**

| क्र.सं. | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | विषयगत क्षेत्र | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | जल तथा मौसम विज्ञान विभागद्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा विषयगत क्षेत्रगत प्रमुख तथा उपप्रमुखहरु तथा जोखिमको समुदायमा लाई जानकारी दिने | मनसुनको प्रक्षेपण सम्प्रेषण भए लगतै | गाउँपालिका | १ पटक | स्थानिय आपत्कालिन कार्य सञ्चालन केन्द्र, समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका |
| २ | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय बिषयगत क्षेत्रको आपतकालीन बैठक बस्ने | मनसुनको प्रक्षेपण सम्प्रेषण भए लगतै | गाउँपालिका | १ पटक | विपद् व्यवस्थापन समिति, सबै विषयगत क्षेत्रहरु | गाउँपालिका |
| ३ | अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, स्तनपान गराइरहेका आमाहरु, बालबालिका, महिला आदिलाई विशेष ध्यान दिने | २४ घण्टा | सुरक्षीत स्थान | हरेक दिन | संरक्षण तथा सुरक्षा क्षेत्र | गाउँपालिका |
| ४ | प्रभावित क्षेत्रका रहेका व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि विभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने | २४ घण्टा भित्र | गाउँपालिका | निरन्तर | विपद् व्यवस्थापन समिति | गाउँपालिका |
| ५ | जोखिम क्षेत्रमा अवस्थित विद्यालयका विद्यार्थीहरूलाई आगामी दिनको मौसम पूर्वानुमानका साथै घर तथा समुदायमा अपनाउनु पर्ने सतर्कताका विषयमा जानकारी गराउने | २४ घण्टा भित्र | गाउँपालिका | निरन्तर | शिक्षा शाखा | गाउँपालिका |
| ६ | सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूको मोबाइल नम्बरमा एसएमएस मार्फत स्थानान्तरण बारे सूचना प्रवाह गर्ने | २४ घण्टा भित्र | गाउँपालिका | निरन्तर | सुचना प्रविधि शाखा | गाउँपालिका |
| ७ | विपद् प्रभावित जनसंख्यालाई गैरखाद्य, खाद्यन्न र अन्य आवश्यक राहत सामाग्रीहरुको वितरण प्रक्रियाको विकास गर्ने | २४ घण्टा | सुरक्षीत स्थान | १ पटक | विपद् व्यवस्थापन समिति, सबै विषयगत क्षेत्रहरु | गाउँपालिका |
| ८ | स्वयंसेवकहरू परिचालन गरी प्रथमिकताका आधारमा ज्येष्ठ नागरीक, अपाङ्गता, गर्भवती तथा सुत्केरी महिला, नवजात शिशुहरूलाई स्थानान्तरण गर्ने | २४ घण्टा भित्र | गाउँपालिका | निरन्तर | महिला तथा बालबालिका शाखा | गाउँपालिका |
| ९ | सम्भावित स्तरका लागी सम्पूर्ण गतिविधिहरु सम्बन्धित निकायहरुद्धारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | २४ घण्टा | सुरक्षित स्थान | १ पटक | विपद् व्यवस्थापन समिति, सबै विषयगत क्षेत्रहरु | गाउँपालिका |

| क्र.सं. | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | विषयगत क्षेत्र | स्रोत |
|---|---|---|---|---|---|---|
| १० | प्रारम्भिक लेखाजोखा, मुल्याङ्कन घरधुरी सर्वेक्षण विवरण फारम र सामाग्रीको मुद्रण कार्य गर्ने | २४ घण्टा | सुरक्षित स्थान | १ पटक | विपद् व्यवस्थापन समिति, सबै विषयगत क्षेत्रहरु | गाउँपालिका |
| ११ | सुत्केरी हुने समय भएका तथा प्रस्तुति व्यथा लागेका महिलाहरूलाई समयमै स्वास्थ्य केन्द्रमा लैजान सल्लाह दिने | २४ घण्टा | समुदाय | आवश्यकता अनुसार | स्वास्थ्य तथा पोषण क्षेत्र | गाउँपालिका |
| १२ | स्थानान्तरणका लागि अस्थायी टहरा निर्माण कार्य सम्पन्न नभएको भए थप जनशक्ति परिचालन गरि निर्माण कार्य सम्पन्न गर्ने | २४ घण्टा | सुरक्षित स्थान | आवश्यकता अनुसार | आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र | गाउँपालिका |
| १३ | गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूलाई खाद्यान्न व्यवस्था र वितरण गर्ने | २४ घण्टा | समुदाय | आवश्यकता अनुसार | महिला तथा वालवालिका शाखा | गाउँपालिका |
| १४ | समुदाय स्तरमा गठन गरीएका खोज तथा उद्धार, प्राथमिक उपचार, पूर्व सूचना सम्बन्धी तालिम प्राप्त जनशक्तिहरूका साथै टोल विकास समितिहरूलाई सक्रिय बनाई सबै मानिसहरूलाई सूचना पुऱ्याउन परिचालन गर्ने | २४ घण्टा भित्र | गाउँपालिका | निरन्तर | वडा तथा गाउँ विपद् व्यवस्थापन समिति | गाउँपालिका |
| १५ | जोखिम क्षेत्रमा बसोबास गर्ने सबै परिवारहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्ने | २४ घण्टा अगाबै | गाउँपालिका | निरन्तर | वडा तथा गाउँ विपद् व्यवस्थापन समिति | गाउँपालिका |
| १६ | माईकिंङ्ग मार्फत थप प्रभावित हुन सक्ने समुदायलाई सचेत रहन र विचलित नहुन आग्रह गर्ने | | | | | |
| १७ | आस्थायी आश्रय स्थलमा रहेका वा सरेका मानिसहरूलाई आवश्यक परेको खण्डमा खाद्य तथा गैर खाद्य बस्तुहरूको वितरण गर्ने | २४ घण्टा | समुदाय | आवश्यकता अनुसार | कृषि शाखा÷जिन्सी शाखा | गाउँपालिका |
| १८ | जोखिम समुदायका बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखी सुरक्षित स्थानमा स्थानान्तरण गर्ने | २४ घण्टा | समुदाय | आवश्यकता अनुसार | आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र | गाउँपालिका |
| १९ | राहत वितरणका क्रममा प्लास्टिकजन्य फोहोर न्यून गर्ने | राहत वितरणका क्रममा | राहत वितरणस्थल | आवश्यकता अनुसार | खाद्य तथा कृषि, आपत्कालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | गाउँपालिका |

| क्र.सं. | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | विषयगत क्षेत्र | स्रोत |
|---|---|---|---|---|---|---|
| २० | अस्थाई आश्रयस्थल⁄राहत शिविरका लागि फोहोर व्यवस्थापन प्रणाली तयारी गर्ने | आश्रय स्थलमा सरेपछी | आश्रयस्थल | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र | गाउँपालिका |

**नोट:-**

- वर्षाको पूर्वानुमानको आधारमा पहिरोको जोखिममा रहेका समुदायलाई सामान्यतया ३ दिन अगाडि भारी वर्षाको सूचना पाएपछि वा कुनै पनि बखतमा ३ दिनभन्दा कम अवसर समय रहेको सूचना पाएपछि त्यस अवधिलाई अन्तिम बिन्दु (trigger) मानेर बाढी तथा पहिरोको जोखिममा रहेका समुदायलाई तत्कालै सुरक्षित ठाउँमा सर्न, सार्न आवश्यक पहल गरिनेछ। कतिपय अवस्थामा २४ वा अझ कम अवधिको मात्र जानकारी आउन पनि सक्छ। रातिको समयमा बाढी तथा पहिरोको उद्धार गर्न कठिन हुन्छ। तसर्थ २४ घण्टाको पूर्वसूचनामा वास्तविक उपलब्ध अवसर समय २ देखी ४ घण्टा मात्र हुन पनि सक्छ।
- बाढी तथा पहिरो र ढुङ्गा खस्ने जोखिमको स्थानीय निगरानी गर्दा अनुगमनकर्ताले बाढी तथा पहिरो जाने प्रवल सम्भावना छ भनी खबर ल्याएमा समुदायमा रहेका समुह तथा समिति लगायत गाउँपालिकाको स्रोतसाधन परिचालन गरी सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ। अवस्थाको विचार गरी निगरानीकर्ताको खबरका आधारमा गाउँपालिकाबाट तत्कालै जाँचबुझ टोली खटाएर उक्त स्थानको निरीक्षण गरी आवश्यक निर्णय गर्न पनि सकिनेछ।
- जोखिममा रहेका समुदायलाई अस्थायी रूपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय सरोकारवाला तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल र समन्वय गरिनेछ।
- अवसर समय तीन दिन वा सो भन्दा कम रहेको अवस्थामा गाउँपालिकाप्रमुख, उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत वा विपद् सम्पर्क व्यक्ति, जिल्ला प्रशासन कार्यालय र स्थानीय सरोकारवालासँग परामर्श गरी तत्कालै आवश्यक निर्णय गरिनेछ।

**बाढी तथा मौसम पूर्वानुमान सम्बन्धि जानकारी लिनु परेमा:**

जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाले मनसुन सिजन अवधिभर हरेक दिन विहान ७ बजे तीन दिनपछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट (www.hydrology.gov.np) लगअन गरी हेर्न सक्नुहुनेछ।

तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट (यहाँ क्लिक गरी) मा गई Rainfall Watch बटन थिच्नुहोला।

त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ ? बढ्दो छ कि घट्दो होला? खतरा होला की नहोला भन्ने जान्न चाहीं सोही वेवसाइट (यहाँ क्लिक गरी) मै गई River Watch बटन थिच्नुहोस।

- ❖ जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्व सूचना यस विभागको आधिकारिक ट्विटर: Nepal Flood Alert! नेपाल बाढी सूचना। र फेसबुक: नेपाल बाढी सूचना - Nepal Flood Alert मा पनि हेर्न सक्नुहुनेछ।
- ❖ जारी भएको बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्व सूचना यस विभागको आधिकारिक ट्विटर पेज : Nepal Flood Alert! नेपाल बाढी सूचना। र फेसबुक पेज: नेपाल बाढी सूचना - Nepal Flood Alert मा पनि हेर्न सक्नुहुनेछ।
- ❖ बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढीबाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एसएमएस पठाइनेछ।

- जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले हरेक दिन विहान ६ बजे तीन दिन सम्मको मौसम पूर्वानुमान बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट (www.mfd.gov.np) लगअन गरी वा निम्न (लिंक) मा गई हेर्न सक्नुहुनेछ।
- विभागबाट जारी भएको मौसम पूर्वानुमान बुलेटिन वा मौसम संग संबन्धीत हरेक सूचना तथा जानकारी यस विभागको आधिकारिक ट्विटर पेज : NepalDHM र फेसबुक पेज : Mfd Weather Forecast मा पनि हेर्न सक्नुहुनेछ।
- देशै भरका सर्वसाधारणको लागि ११५५ नम्वरको टोल फ्रि सेवा बाढी पूर्वसूचना तथा मौसम पूर्वानुमान प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ । जो कोहीले ११५५ डायल गरेर बाढी तथा मौसम पूर्वानुमान सम्बन्धि पूर्वसूचना लिन सक्नुहुनेछ ।

## ३.३ आपत्कालीन प्रतिकार्य योजना

आपत्कालीन प्रतिकार्य योजनामा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण, राहत वितरण र विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन र संप्रेषणका क्रियाकलापहरू सहित प्रत्येक विषयगत क्षेत्र परिचालनको समय तालिका सहितको कार्यविधि समावेश गरिएको छ। प्रतिकार्यको लागि देहाय बमोजिमका विषयगत क्षेत्रका क्रियाकलापहरू तर्जुमा गरिएको छ।

### ३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी योजनाहरु देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | विपद्जन्य घटना घटेमा वा घट्ने यकिन भएमा विपद् व्यवस्थापन समितिको बैठक बस्ने। | तत्काल | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयक्षेत्र |
| २ | विपद्ले प्रभाव पारेको तथा जोखिममा रहेका व्यक्ति तथा समुदाय र महत्वपूर्ण सम्पत्ति सुरक्षित स्थानमा स्थानान्तरण गर्न सूरक्षा निकाय र खोज तथा उद्धार टोली/कार्यदल परिचालन गर्ने। | तत्काल | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयक्षेत्र |
| ३ | विपद्मा परी घाईते भएकालाई उद्धार गर्ने र हराई रहेका व्यक्तिहरूको तथ्याङ्क तयार गरी खोजी गर्ने। | तत्काल (२४ घण्टा भित्र) | सूरक्षा निकाय, खोज तथा उद्धार टोली र स्वयंसेवक, रेडक्रस |
| ४ | तत्कालै घटनाको अवलोकन, निरिक्षण गर्ने र प्रारम्भिक द्रुत लेखाजोखाको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने। | विपद् पश्चात ७२ घण्टा भित्र | सर्वेक्षण टोली, वडास्तरीय विपद् व्यवस्थापन समिति |
| ५ | विपद्बाट मृत्यु भएमा सोको तथ्याङ्क र लगत तयार गरी सनाखत गर्ने व्यवस्था मिलाउने र शव हस्तान्तरण/व्यवस्थापन गर्ने। | विपद्को समयमा | सूरक्षा निकाय, उद्धार टोली, नेपाल रेडक्रस सोसाईटी, स्वयम् सेवक, सामुदायिक विपद् व्यवस्थापन समिति |
| ६ | पीडित समुदायलाई थप जोखिमबाट बचाउन र सहयोग पुऱ्याउन अन्य विषयक्षेत्र र सरोकारवाला निकायसँग समन्वय गर्ने। | विपद् पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ७ | बहुक्षेत्रगत सर्वेक्षण गरी क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरू समेटी सुझाव सहितको विषयक्षेत्र केन्द्रित प्रतिवेदन (प्रारम्भिक द्रुत लेखाजोखा) स्थानीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने। | विपद् पश्चात ७ दिन भित्र | सर्वेक्षण टोली, सम्बन्धित शाखा, नेपाल रेडक्रस सोसाईटी, सुरक्षा निकाय, वडास्तरीय समिति, विषयक्षेत्र |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| ८ | समीक्षा तथा योजना तर्जुमा बैठक बस्ने र तर्जुमा गरिएको योजना कार्यान्वयन गर्ने/गराउने। | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, सम्बन्धित शाखा तथा विषयक्षेत्र |
| ९ | विस्थापित भई शिविरमा बसेका, छरछिमेक वा आफन्तको घरमा आश्रय लिएका, घरगोठ पूर्ण रूपमा नष्ट भएका, आफन्त गुमाएका, घाइते भएकाहरूलाई स्वीकृत मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउने। | विपद् पश्चात तत्काल | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय समिति, वडा कार्यालय |
| १० | विपद्को सङ्कटकाल घोषणा गर्नु पर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समिति समक्ष सिफारिश गर्ने। | विपद् पश्चात तत्काल | गाउँपालिका/स्थानीय विपद् व्यवस्थापन समिति |
| ११ | विपद विवरण सङ्कलन पश्चात आवश्यक सहयोगको लागि संघ, प्रदेश, तथा जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध गर्ने | तथ्याङ्क यकिन पश्चात | गाउँपालिका/स्थानीय विपद् व्यवस्थापन समिति |
| १२ | आपतकालीन प्रतिकार्य कार्यबाट दीर्घकालीन वातावरणीय क्षति हुन नदिने सुनिश्चित गर्ने। | विपद् पश्चात तत्काल | गाउँपालिका |

### ३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना

प्रकोपबाट सिर्जित विपद्मा प्रतिकार्य गर्न खाद्य तथा कृषि क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचानमा सहयोग गर्ने। | विपद् पश्चात तत्काल | कृषि शाखा र विषयक्षेत्रका सदस्यहरु |
| २ | विपद्बाट प्रभावित भएकालाई खाद्यान्न वितरण गर्ने। | विपद्को पहिलो दिन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ३ | सर्वेक्षण टोलीको सिफारिसको आधारमा आवश्यक खाद्य सामग्रीको व्यवस्था गरी निर्धारित मापदण्ड बमोजिम वितरण गर्ने। | दोस्रो दिन देखि निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा, कृषि शाखा, वडास्तरीय समिति |
| ४ | भण्डारण गरिएको खाद्य सामग्री अपुग हुने देखिएमा तत्काल खरिद गरी आपूर्तिको व्यवस्था मिलाउने। | आवश्यकता अनुसार | विषयक्षेत्र तथा जिन्सी शाखा |
| ५ | प्रतिकार्यका लागि गाउँपालिकाको क्षमताले नभ्याउने भएमा थप सहयोगका लागि छिमेकी पालिका, जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिमा थप सहयोग उपलब्ध गराउन अनुरोध गर्ने। | आवश्यकता अनुसार | गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत |
| ६ | थप खाद्य सामग्री आवश्यक भएमा स्थानीय तहमा क्रियाशील मानवीय सहायता कार्यमा संलग्न निकायहरूसँग समन्वय तथा अनुरोध गर्ने। | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ७ | खाद्य सामग्री वितरणमा आईपरेका समस्या तथा चुनौतीहरूको विषयमा विषयक्षेत्रको समिक्षा बैठक गर्ने र निष्कर्ष सहितको प्रतिवेदनस्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने। | प्रतिकार्यको आधारमा कम्तिमा एक पटक | कृषि शाखा, विषयक्षेत्र |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| ८ | प्रभावित परिवारका महिला, बालबालिका, सुत्केरी, जेष्ठ नागरिक, तथा अन्य लक्षित समुदायका नागरिकलाई आवश्यकताका आधारमा पोषिलो आहार उपलब्ध गराउने। | आवश्यकता अनुसार | कृषि शाखा, विषयक्षेत्र |

### ३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्यको सन्दर्भमा स्वास्थ्य तथा पोषण क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | विपद्को घटनामा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ३ | स्थानीय स्तरमा उपचार हुन नसक्ने घाईते तथा विरामीलाई नजिककोस्वास्थ्य केन्द्र वा अस्पताल लैजान व्यवस्था मिलाउने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ४ | महामारी रोकथाम र व्यक्तिगत सरसफाई कायम राख्न स्वास्थ्य शिक्षा प्रदान गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ५ | विपद् प्रभावित स्थानमा स्वास्थ्य शिविर सञ्चालन गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | गर्भवती महिला, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा पोषणयुक्त खानेकुरा वितरणको व्यवस्था मिलाउन खाद्य तथा पोषण क्षेत्रलाई सिफारिस गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ७ | औषधी, सूरक्षाका सामग्री (पिपिइ सेट, सर्जिकल मास्क, स्यानीटाइजर, साबुन) तथा उपकरण (थर्मल गन,भेन्टिलेटर,फ्रिज, टेष्टिङ्किट) लगायतका सामग्रीहरु पहिचान गरी सोको व्यवस्था गर्ने। | आवश्यकता अनुसार | गाउँपालिका, स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ८ | विपद् प्रभावित स्थानमा एम्बुलेन्स सेवा प्रवाह गर्ने | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ९ | आपत्कालिन आश्रय स्थल भएको स्थानमा स्वास्थ्य कार्य (दैनिक ड्रेसिंग, औषदी बितरण) को व्यवस्था गर्ने | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| १० | गर्भवती महिला र सुत्केरीलाई स्तनपान तथा आकस्मिक कक्षको व्यवस्था गर्ने | आवश्यकता अनुसार | गाउँपालिका, स्वास्थ्य शाखा, विषयक्षेत्र |

### ३.३.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात तत्कालै | सामाजिक विकास शाखा |
| २ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा शुद्ध खानेपानीको प्रवन्ध गर्ने। (नजिकको पानीको स्रोतबाट बस्तीमा पाइपबाट आपूर्ति गर्ने, बोतल/जार वितरण, खाने पानी ट्याकि राख्ने) | विपद् पश्चात तत्कालै | खानेपानी एकाई, विषयक्षेत्र |
| ३ | विपद्का कारण सिर्जित फोहोर व्यवस्थापनको कार्य गर्ने। | विपद् पश्चात तत्कालै | सरसफाई एकाई, विषयक्षेत्र |
| ४ | पियुस, क्लोरीन जस्ता खानेपानी शुद्धिकरणका औषधी तथा व्यक्तिगत सरसफाईका लागि डिग्निटि किट वितरण गर्ने र सरसफाई तथा स्वच्छता कायम गर्न चेतनामूलक कार्यक्रम गर्ने | विपद् पश्चात तत्कालै | खानेपानी र सरसफाई एकाई, शिक्षा शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाईटी |
| ५ | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | विपद् पश्चात तत्कालै | सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ६ | विपद् बाट उत्पन्न भग्नावशेष तथा जोखिमयुक्त फोहोरको सुरक्षित व्यवस्थापन गर्ने। | विपद् पश्चात | पूर्वाधार शाखा |
| ७ | अस्थाई आश्रयस्थल/राहत शिविरमा फोहोर व्यवस्थापन प्रणाली सञ्चालन गर्ने। | राहत वितरणको क्रममा | पूर्वाधार शाखा |
| ८ | प्रभावित क्षेत्रका खानेपानी स्रोतहरू दूषित वा क्षतिग्रस्त भए/नभएको तत्काल निरीक्षण गरी संरक्षण गर्ने। | विपद् पश्चात | पूर्वाधार शाखा |

### ३.३.५ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपतकालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन, संरक्षण र गैर खाद्य सामग्री क्षेत्रको आपत्कालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात तत्काल | गाउँपालिका, वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| २ | पहिचान भएको सुरक्षित स्थानमा आश्रय वा वासको लागि अस्थायी संरचना निर्माण गर्ने। आश्रय स्थल एवं बासस्थानको संरचना तयार गर्दा जेष्ठ नागरिक, अपाङ्ग, गर्भवती तथा सुत्केरी महिला, बालबालिका मैत्री हुने तरिकाले निर्माण गर्ने। | विपद् पश्चात तत्काल | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ३ | प्रभावित परिवारलाई आवश्यक गैरखाद्य सामग्री जस्तै त्रिपाल, कम्बल, भाडाकुडा आदि उपलब्ध गराउने। सो कार्य गर्दा जेष्ठ नागरिक, अपाङ्ग, गर्भवती तथा सुत्केरी महिला तथा बालबालिका मैत्री हुने तरिकाले सामग्री वितरण गर्ने। | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| ४ | आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | निरन्तर | विषयक्षेत्रका समूह सदस्यहरू |
| ५ | नगद सहयोग गर्ने योजना भएमा द्रुत प्रतिकार्यका लागी सामाजिक सूरक्षाको तथ्याङ्क र बैंक खाता प्रयोग गर्ने | विपद् पश्चात तत्काल | सामाजिक विकास शाखा, आर्थिक तथा लेखा शाखा |
| ६ | गैर खाद्य सामग्री वितरण गर्दा पोषण युक्त एवं महिला, बाल बालिकाका लागि उपयुक्त हुने खालको सामग्री वितरण गर्ने | विपद् पश्चात तत्काल | गाउँपालिका स्वास्थ्य शाखा, कृषि शाखा |
| ७ | प्रभावित परिवारहरुलाई अपाङ्ग मैत्री, लैङ्गिक मैत्री, बालबालिका मैत्री अस्थायी शौचालय र स्नान गृहको व्यवस्था गर्ने | विपद् पश्चात तत्कालै | सामाजिक विकास शाखा, विषयक्षेत्र, विषयक्षेत्र |
| ८ | राहत वितरण तथा शिविर सञ्चालनका क्रममा प्लास्टिकजन्य फोहोर न्यून गर्ने। | राहत वितरणको क्रममा | स्टोर |
| ९ | सम्भव भएसम्म वातावरणमैत्री निर्माण सामग्री प्रयोग गर्ने। | आश्रयस्थल बनाउदा | पूर्वाधार शाखा |

### ३.३.६ संरक्षण तथा सूरक्षा क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न संरक्षण तथा सूरक्षा क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई अपाङ्गता भएका व्यक्ति, महिला, जेष्ठ नागरिक, बालबालिका लगायत लक्षित समूहको तथ्याङ्क सङ्कलन, क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात तत्कालै | गाउँपालिका, महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| २ | पहिचान भएका आवश्यकता बमोजिम गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई सहयोग गर्ने। | विपद् पश्चात् तत्कालै र आवश्यकता अनुसार | स्वास्थ्य शाखा, महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ३ | गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि आवश्यक सामग्रीहरूको दैनिक सूची तयार गरी सामग्री जुटाउने र वितरण गर्ने। | आवश्यकता अनुसार | गाउँपालिका,जिन्सी शाखा, महिला तथा बालबालिका शाखा, स्वास्थ्य शाखा,विषयक्षेत्र |
| ४ | विशिष्ट आवश्यकता अनुसारका सामग्री जस्तैः डिग्निटी किट वितरण गर्ने। | विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ५ | विपद्को घटनाबाट मानसिक रूपमा प्रभावित व्यक्ति र परिवारका सदस्य गुमाएका व्यक्तिहरूलाई परिस्थितीको | विपद् पश्चात् सकेसम्म छिटो र | महिला तथा बालबालिका शाखा, स्वास्थ्य शाखा, विषयक्षेत्र |

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| | आंकलन गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने। | आवश्यकता अनुसार | |
| ६ | सुरक्षित स्थानमा आवश्यक भौतिक सामग्रीको प्रबन्ध गर्ने तथा सुरक्षित स्थानसम्म लक्षित वर्ग सजिलै पुग्न सकिने गरी आवागमन मार्ग तथा अत्यावश्यक भौतिक सामग्रीको व्यवस्था गर्ने | आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र तथा पूर्वाधार विकास शाखा |
| ७ | प्रभावित क्षेत्रमा हुनसक्ने हिंसा नियन्त्रणका लागि स्वयंसेवक परिचालन गर्ने र यौन हिंसा तथा दुर्व्यवहार तथा बेचबिखनबाट बच्ने उपायका बारेमा प्रभावितहरुलाई जानकारी दिने, अनुगमन गर्ने, गुनासो सुनवाई गर्ने र आवश्यक परे प्रहरीको सहयोग लिने । | निरन्तर र विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र, प्रहरी, गैर सरकारी संस्था |
| ८ | प्रतिकार्यमा नेपाल रेडक्रस सोसाइटी, स्काउट, गैर सरकारी संस्थाको सहयोग लिने, समन्वय गर्ने, प्रतिबेदान निर्माण गर्ने र आगामी योजनामा सहयोगका निम्ति अभिलेखीकरण गर्ने । | विपद् पश्चात् | गाउँपालिका, महिला तथा बालबालिका शाखा, विषयक्षेत्र, प्रहरी, गैर सरकारी संस्था |
| ९ | संरक्षण तथा सूरक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | विपद् पश्चात प्रतिकार्यको कार्य सम्पन्न भएपछि | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |

### ३.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपतकालिन शिक्षा क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात | गाउँपालिका, शिक्षा शाखा, विषयक्षेत्र |
| २ | प्रकोपबाट प्रभावित विद्यालयहरूको सूची तयार गरी सम्बन्धित विद्यालयका विद्यार्थीहरूको सिकाई क्षति न्यूनीकरण गर्नका लागि गुमाएका पठनपाठनका सामग्रीहरूको विवरण तयार गर्ने। | विपद् पश्चात तत्कालै | गाउँपालिका,शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ३ | विद्यालय ३ (तीन) दिन भन्दा बढी बन्द हुने अवस्था भएमा आपत्कालीन शिक्षाका लागि प्रवन्ध मिलाउने | आवश्यकता अनुसार | गाउँपालिका,शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ४ | आपत्कालीन शिक्षाका लागि आवश्यक सरसामानको व्यवस्था गरी पठनपाठन सुचारू गर्ने। | आवश्यकता अनुसार | गाउँपालिका,शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ५ | शिक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | गाउँपालिका,शिक्षा शाखा, विषयक्षेत्र |
| ६ | विपदबाट विद्यालय क्षति भई विद्यालय बन्द हुने अवस्था भएमा वैकल्पिक स्थानमा विद्यालय सञ्चालन व्यवस्था मिलाउने । | ५ दिन भित्र | गाउँपालिका,शिक्षा शाखा, विद्यालय, आपत्कालिन आश्रय क्षेत्र |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| ७ | विपदबाट प्रभावित र त्रास रहेका विद्यार्थी र अभिभावकलाई आवश्यक मनोसामाजीक परामर्श सेवा सञ्चालन गर्ने। | विपद पश्चात | गाउँपालिका,शिक्षा शाखा, विद्यालय, संरक्षण तथा सूरक्षा क्षेत्र |

### ३.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपतकालिन शीघ्र पुनर्लाभ क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| २ | भौतिक संरचनाहरू नोक्सान भई सेवा अवरूद्ध भएको स्थान पहिचान गरी तथ्याङ्क सङ्कलन गर्ने र तत्काल सुचारू गर्नुपर्ने सेवाहरूको प्राथमिकिकरण गर्ने। | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ३ | सार्वजनिक सेवा अवरूद्ध भएका भौतिक संरचनाहरूको मर्मत सम्भारका लागि टोली परिचालन गरी सेवा सूचारु गर्ने। | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ४ | विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभाव लेखाजोखा गरी शिघ्र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्ने। | विपद् पश्चात तीन महिना भित्र | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ५ | शिघ्र पुनर्लाभ क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ६ | भौतिक संरचनाको क्षतिको प्राथमिकीकरण पछि थप सहयोगको लागि माथिल्लो निकायसँग सहकार्य गर्ने। | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | गाउँपालिका, पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ७ | सम्भव भएसम्म वातावरणमैत्री निर्माण सामग्री प्रयोग गर्ने। | पुनःनिर्माणको क्रममा | पूर्वाधार विकास शाखा |
| ८ | पुनःस्थापनाका क्रममा क्षतिग्रस्त पारिस्थितिक प्रणाली पुनर्स्थापना गर्ने। | पुनःस्थापनाको क्रममा | सबै क्षेत्र |

# परिच्छेद ४
# बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा

## ४.१ स्रोत-साधनको वर्तमान अवस्थाका साथै थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत विवरण

बन्दोबस्तीका सामग्रीहरुको उपलब्धताको लेखाजोखा विषयक्षेत्रका आधारमा गरिएको छ । यस गाउँपालिकामा विपद्‌जन्य घटनाहरूमा सम्बन्धित विषयक्षेत्र अन्तर्गत उपलब्ध श्रोत साधन तथा सामग्रीहरूको विद्यमान अवस्थाका साथै भावी दिनमा गरिने विपद् प्रतिकार्यका लागि विषय क्षेत्रहरूलाई आवश्यक पर्ने थप स्रोत, साधन र उपकरणको विवरण तथा सोको अनुमानित लागत देहायको तालिकामा प्रस्तुत गरिएको छः

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान | थप आवश्यक संख्या | अनुमानित रकम |
|---|---|---|---|---|---|
| समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र र आपत्कालिन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र | Megaphone | ५ | गाउँपालिका स्टोर | | |
| | Boots | ११ | गाउँपालिका स्टोर | | |
| | Safety helmet | ११ | गाउँपालिका स्टोर | | |
| | Rescue Gloves | १२ | गाउँपालिका स्टोर | | |
| | Reflective Jacket | १२ | गाउँपालिका स्टोर | | |
| | Anti Dust Eye Glass | ११ | गाउँपालिका स्टोर | | |
| | Torch Light | ४ | गाउँपालिका स्टोर | | |
| | Head search light with battery | १० | गाउँपालिका स्टोर | | |
| | Knee Pad | १२ | गाउँपालिका स्टोर | | |
| | Whistle | ११ | गाउँपालिका स्टोर | | |
| | Stretcher | ४ | गाउँपालिका स्टोर | १० | |
| | Tarpaulin | ३ | गाउँपालिका स्टोर | ५० | |
| | Hand wood cutter machine Petrol Saw | १ | गाउँपालिका स्टोर | | |
| | bold cutter (Iron Cutter) | १ | गाउँपालिका स्टोर | | |
| | Dynamic Rope | १ | गाउँपालिका स्टोर | | |
| | carabiner | ४ | गाउँपालिका स्टोर | | |
| | Hand Operating Siren | १ | गाउँपालिका स्टोर | | |
| | Throw bag | ४ | गाउँपालिका स्टोर | | |
| | Sledge Hammer | २ | गाउँपालिका स्टोर | | |
| | Shovel | ५ | गाउँपालिका स्टोर | | |
| | Crowbar | ४ | गाउँपालिका स्टोर | | |

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान | थप आवश्यक संख्या | अनुमानित रकम |
|---|---|---|---|---|---|
| | Pick-Axe with Handle | ३ | गाउँपालिका स्टोर | | |
| | Axe with Wooden Handle | ४ | गाउँपालिका स्टोर | | |
| | Bucket | ३ | गाउँपालिका स्टोर | | |
| | Fire Extinguisher | ४ | गाउँपालिका स्टोर | | |
| | Hydraulic Jack | १ | गाउँपालिका स्टोर | | |
| | FA Kit | ४ | गाउँपालिका स्टोर | ५ | २०००० |
| | Fire safety back pack spray | २ | गाउँपालिका स्टोर | १० | १६०००० |
| | Fire Ball | ३ | गाउँपालिका स्टोर | | |
| | Hacksaw | ४ | गाउँपालिका स्टोर | | |
| | हाते आरा | २ | गाउँपालिका स्टोर | | |
| | हँसिया | २ | गाउँपालिका स्टोर | | |
| | विद्युतिय टर्च | २ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | त्रिपाल | ५ | गाउँपालिका स्टोर | | |
| | स्वाटर | ३ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Ladder Folding | १ | गाउँपालिका स्टोर | | |
| | स्वाटर आगो निभाउन | ६ | गाउँपालिका स्टोर | | |
| | Wood cutter (Power chain) | १ | गाउँपालिका स्टोर | | |
| | आगो निभाउदा लगाउने कपडा | १ सेट | गाउँपालिका स्टोर | | |
| | Half Jacket फसेको व्यक्ति निकाल्ने | ५ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | हसिया | ५ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | सेफ्टी हेल्मेट | ६ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | हाते आरा | २ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | फरुवा | २ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Safety Gumboot | ६ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान | थप आवश्यक संख्या | अनुमानित रकम |
|---|---|---|---|---|---|
| | Fire blanket आगो निभाउने कपडा | ३ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | पि फम म्याट्रेस 8mm | ३० | देविस्थान प्रहरी र तिराम प्रहरी | ३० | |
| | डेडवडी व्याग | ५ | देविस्थान प्रहरी र तिराम प्रहरी | ५ | |
| | लाईफ ज्याकेट | ६ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | हुक फसेको गाडी निकाल्न | १ | गाउँपालिका स्टोर | | |
| | Working Gloves | ६ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Wedge throw bag | ५ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Head Lamp | ६ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Harness rope | २ | गाउँपालिका स्टोर | | |
| | Whistle | १० | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Harness मा प्रयोग गर्ने Carabiner | ४ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Backpack उद्धारकर्ताको प्रयोजनको लागी | ३ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Safety Belt | २ | गाउँपालिका स्टोर | | |
| | Megaphone | १ | गाउँपालिका स्टोर | | |
| | Safety Gloves | ७ जोर | गाउँपालिका स्टोर | | |
| | अक्सिजन माक्स | २ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Hammer | २ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Bolt cutter | १ | गाउँपालिका स्टोर | | |
| | Hazard Tape/Scene Tape | २ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Safety vest (Reflecting strips) | ६ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान | थप आवश्यक संख्या | अनुमानित रकम |
|---|---|---|---|---|---|
| | Pick | ५ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Fire extinguisher | ४ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Shovel | १० | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Safety guggles | ६ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Pry bar (Multi functioning) | २ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Traingular bladge | १५ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Crow bar( Door opening purpose) | २ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Steel bucket | ६ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Rescue rope | १ | गाउँपालिका स्टोर | | |
| | वल्याङकेट कम्वल | १० | गाउँपालिका स्टोर | | |
| | First aid kit bag(Small) | ५ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Rotary Hammer Drill Machine(Makita) | २ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | Seat Harness Brand:BEAL | ४ | देविस्थान प्रहरी र तिराम प्रहरी | | |
| | अस्थायी संरचना निर्माणको लागी टेन्ट | | | १० | |
| खाद्य तथा कृषि क्षेत्र | चामल, नुन, तेल प्याकेट लगाएतका खाद्य सामग्री | | | | न्युनतम १०० घरधुरीलाई आवश्यक पर्ने खाद्य सामग्रीको सुनिश्चित गर्ने |
| | वालीको लागी किटनाशक विषादी | | | | ३०००० |
| | पशु उपचारको निम्ति आवश्यक औषधि | | | | ५०००० |

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान | थप आवश्यक संख्या | अनुमानित रकम |
|---|---|---|---|---|---|
| | तरकारी तथा खाद्य वालीको उन्नत विउ विजन | | | | १००००० |
| स्वास्थ्य तथा पोषण क्षेत्र | एम्वुलेन्स | १ | | | |
| | स्यानीटरी प्याड | | | ५०० प्याकेट | १०,००० |
| | ह्याण्डवास तथा साबुन | | | ५०० सेट | १०,००० |
| | सर्जिकल ग्लोब | | | ७०० | ३५,००० |
| | स्यानीटाईजर | | | ५० लिटर | १०,००० |
| | क्लोरिन पाउडर | | | १० केजी | २०,००० |
| | मेडिसिन | | | ७ सेट | ३५,००० |
| | आर.एल. वोटल | | | - | - |
| खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र | खानेपानी सरसफाइ मर्मत टुल बकस | | | ५ सेट | १,००,००० |
| | पाइप, फिटिंग | | | ९ सेट | ७०००० |
| | अस्थाई चर्पी सेट | | | २० | १००००० |
| | पियुष | | | १०० | २००० |
| | एक्वा ट्याब | | | २०० | २००० |
| | पानी जाँच्ने किट | | | १ सेट | १७००० |
| संरक्षण तथा सूरक्षा क्षेत्र | अल्पकालीन आश्रय स्थल | १ | | | |
| आपत्कालीन शिक्षा क्षेत्र | पठनपाठनका लागी शैक्षिक सामग्री | | | | |
| शीघ्र पुनर्लाभ क्षेत्र | जे.सि.वि. | १ | गाउँपालिका | | |
| | ट्याक्टर | १ | गाउँपालिका | | |

नोट: यस्ता सामग्रीहरुको विषयक्षेत्रबाट प्राप्त विवरण अनुसार अभिलेख अद्यावधिक गर्ने कार्य विपद् व्यवस्थापन शाखाले नियमित रुपमा गर्नेछ ।

## ४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता

यस गाउँपालिकामा विपद्जन्य घटनामा सबै विषयक्षेत्रका सदस्यहरू र स्थानीय समुदायहरू प्रतिकार्यका लागि परिचालित हुनेछन् । यस गाउँपालिकामा खोज तथा उद्धार सम्बन्धी तालिम लिएका २७ जना र प्राथमिक उपचार सम्बन्धी तालिम लिएका २४ जना गरी जम्मा ५१ जना दक्ष व्यक्तिहरु रहेका छन् । यसका साथै शव व्यवस्थापन सम्बन्धी विशिष्ट ज्ञान भएका ....... व्यक्तिहरू स्थानीय तथा जिल्ला स्थित सूरक्षा निकायहरुसँग रहेका छन् । विपद् प्रतिकार्यका लागि उपलब्ध जनशक्तिको अद्यावधिक विवरण **अनुसूची ११** मा संलग्न गरिएको छ । जनशक्ति सम्बन्धी विवरण हेरफेर भईरहन सक्ने हुँदा सबै विषयक्षेत्रले विपद् प्रतिकार्यका लागि विद्यमान जनशक्तिको तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी एकीकृत अभिलेख राख्ने प्रयोजनका लागि विपद् व्यवस्थापन शाखामा पठाउनु पर्नेछ ।

| सि.नं | विवरण | इकाई | दक्ष जनशक्ती विवरण वडागत |
|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | महिला स्वास्थ्य स्वयमसेविका | जना | ४ | ९ | ९ | १० | ९ | ४१ |
| २ | स्वास्थ्यकर्मी | जना | ५ | ८ | ७ | ७ | ८ | ३८ गाउँपालिकामा ३ जना समेत गरी |
| ३ | प्राथमिक उपचार (FA) सम्बन्धि तालिम प्राप्त | जना | ६ | ६ | ४ | ४ | ४ | २४ |
| ४ | आधारभूत खोज तथा उद्धार तालिम | जना | ७ | ७ | ५ | ४ | ४ | २७ |

## ४.३ बन्दोबस्ती सामग्रीको आंकलन

विपद्जन्य घटनाहरुमा प्रतिकार्यका लागि गैरखाद्य सामाग्रीहरु र सोको भण्डारण स्थल र मानवीय सहायता स्थलको लागि देहाय अनुसारको व्यवस्था गरिएको छः

### ४.३.१ गैर–खाद्य सामग्री भण्डारण स्थल

यस गाउँपालिकामा विपद्का घटनाहरुमा प्रतिकार्यका लागि गैह्र खाद्य सामग्रीहरुको भण्डारणका लागी छुट्टै गोदाम घर (भण्डारण स्थल)हरु रहेका छैनन । आवश्यकताको आधारमा सामाग्रीहरु भण्डारणको लागी सामुदायिक विद्यालयका कोठाहरु, सामुदायिक वनका भवनहरु, वडा कार्यालयका कोठाहरु साथै प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीका कोठाहरु र जस्पुरमा रहेको कोसेली घरलाई प्रयोग गर्न सकिन्छ । विपद्का घटनाहरुमा प्रतिकार्यका लागि गैह्र खाद्य सामग्रीहरुको भण्डारण स्थल सम्बन्धी विवरण देहायअनुसार रहेको छः

| क्र.स. | विवरण | स्थान | क्षमता | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|
| १ | १ नं वडा कार्यालय | तिराम | १ कोठा | बाम वहादुर बुढा | ९८४२७८५६०२ |
| २ | २ नं वडा कार्यालय | रातापानी | १ कोठा | प्रकाश वली | ९८६८३६३८५१ |
| ३ | ३ नं वडा कार्यालय | नयाँगाउँ | १ कोठा | धनेन्द्र कार्की | ९८५७८३६३०९ |
| ४ | ४ नं वडा कार्यालय | उदयपुरकोट | १ कोठा | डिल वहादुर घर्ती | ९८६४४४७३४९ |
| ५ | ५ नं वडा कार्यालय | रम्दी | १ कोठा | दुर्गा प्रसाद आचार्य | ९८४७८२५६१० |
| ६ | तिराम स्वास्थ्य चौकी | तिराम | १ कोठा | वासुदेव घर्ती | ९८४७८३८१३४ |
| ७ | मर्कावाङ्ग स्वास्थ्य चौकी | रातापानी | १ कोठा | शान्त वहादुर के.एम | ९८६०६९१९४१ |
| ८ | देवीस्थान स्वास्थ्य चौकी | देवीस्थान | १ कोठा | गिर वहादुर नेपाली | ९८५११२६८६३ |
| ९ | उदयपुरकोट स्वास्थ्य चौकी | उदयपुरकोट | १ कोठा | गणेश के.सी. | ९८४३२९८०७९ |
| १० | रम्दी स्वास्थ्य चौकी | रम्दी | १ कोठा | रवि आचार्य | ९८४७८२१२५७ |
| ११ | जस्पुर कोशेली घर | जस्पुर | १ कोठा | धनेन्द्र कार्की | ९८५७८३६३०९ |

### ४.३.२ मानवीय सहायता स्थल

गाउँपालिका भित्र आपतकालिन मानवीय सहायताको लागि निम्न हेलिप्याड रहेका छन् । यि हेलिप्याड मानवीय सहायताको लागि गाउँपालिकाले विपद् प्रतिकार्यको निमित्त उपयोग गर्नेछ ।

**तालिकाः ४४ वडागत मानवीय सहायता स्थल विवरण**

| सि.नं | विवरण | इकाई | विवरण वडागत | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| १ | हेली प्याड | | १ | | १ | | | २ |
| २ | खेल मैदान खुल्ला स्थल | | १ | २ | १ | १ | १ | ६ |
| ३ | सुरक्षित भण्डारण स्थल | | २ | २ | ३ | २ | २ | ११ |

### ४.३.३ सुरक्षित आवास तथा खुला स्थल:-

बाढी पहिरोको जोखिमबाट बच्न समुदायले आपत्कालीन आश्रय लिन पहिचान गरिएका सुरक्षित स्थलहरूको संक्षिप्त विवरण तालिकामा छ। सम्पूर्ण गाउँपालिकामा रहेको जोखिम वर्ग जस्तै अपाङ्गता भएका, बालबालिका, वृद्धवृद्धाको विवरण पनि तालिकामा राखिएको छ। हरेक सुरक्षित स्थलको विस्तृत विवरण गाउँपालिकाको डाटाबेसमा सूचीकृत र सम्बन्धित वडा कार्यालयमा सूचीकृत गरी राखिएको छ। साथै, सम्बन्धित समुदायको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा संलग्न रहेको छ।

| वडा नं. | सुरक्षित स्थल नाम | अनुमानित क्षेत्रफल (वर्ग मीटर) | अट्ने क्षमता जनसंख्या |
|---|---|---|---|
| १ | लामपोखरा तिराम | १२०० | |
| २ | सिद्धथान (पुकरुक) | १४०० | ५ जना सम्म अटन सक्ने पानीको मोटर राख्ने भवन पनि रहेको |
| | ठूलीलेख | ४००० | |
| ३ | मार्सिवाङ्ग | ३००० | |
| ४ | माझपोखरा | १२०० | |
| ५ | सातपोखरी | ५०० | |
| **जम्मा** | | **११३००** | |

# परिच्छेद ५
# विविध

## ५.१ स्रोत साधनको व्यवस्थापन

विपद् व्यवस्थापनका लागि यस गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। यस विपद् पूर्वतयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलापका लागि उक्त कोषमा उपलब्ध बजेट पर्याप्त भएमा विषयगत क्षेत्रलाई बजेटको आवश्यकता र उपलब्धताका आधारमा रकम निकासा गरिनेछ। कोषमा पर्याप्त बजेट उपलब्ध नभएको अवस्थामा स्वीकृत बार्षिक बजेटबाट यस्तो रकम उपलब्ध गराईनेछ। स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्ने कार्य वडा कार्यालय मार्फत् हुन सक्ने अवस्थामा यस्तो रकम सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराइनेछ।

गाउँपालिकाको आफ्नो स्रोत साधनले कार्यान्वयन सम्भव नहुने क्रियाकलापको लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालय मार्फत् सङ्घीय सरकारसँग अनुरोध गरिनेछ। साथै थप आवश्यक सहयोगका लागि मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ। यस व्यवस्थापन सम्बन्धी थप विस्तृत विवरण निम्न अनुसार छन्:

- यस माण्डवी गाउँपालिका को विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, नियमावली २०७६, स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन ऐन २०७६, वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७८ मा प्रवन्ध भए बमोजिमका आवश्यक संस्थागत संरचना र नीतिगत प्रवन्ध गरिनेछ।
- विपद् व्यवस्थापनका लागि यस गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। यस विपद् पूर्वतयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलापका लागि उक्त कोषमा उपलब्ध बजेटबाट परिचालन गरिनेछ।
- गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत बार्षिक बजेट विपद् व्यवस्थापन शिर्षकको बजेटबाट रकम उपलब्ध गराई प्राथमिकताका आधारमा पूर्वतयारीका गतिविधिहरूको कार्यान्वयनको शुरूवात गरिनेछ। क्रमश: आगामी वर्षको वार्षिक कार्यक्रममा यस योजनाको कार्यान्वयनको लागि आवश्यक श्रोत व्यवस्थापन गरिनेछ।
- यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका विपद् जोखिम न्यूनिकरण र पूर्वतयारीका गतिविधिहरूलाई जोखिम तह दृष्टिकोण (Risk Layering Approach) को अवधारणालाई प्रयोग गरी कम हानी गर्ने तथा बर्षेनि दोहोरिरहने जोखिम आफै बहन गर्ने, मध्यम हानी गर्ने मध्यम खालका जोखिमको लागि बित्तिय व्यवस्था गर्ने र उच्च हानी गर्ने जोखिमहरुको बिमा गर्ने र जोखिम हस्तान्तरण गरिनेछ। साथसाथै यी गतिविधिहरूलाई गाउँपालिकाले सञ्चालन गर्ने आवधिक योजना, विषयगत योजना तथा कार्यक्रमहरूसँग समायोजन तथा एकिकरण गरी कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाको आफ्नो स्रोत साधनले कार्यान्वयनमा अपुग हुने तथा प्रदेश र संघीय सरकारको समेत प्राथमिकतामा पर्ने क्रियाकलापहरूको लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालय मार्फत् सङ्घीय सरकारसँग अनुरोध गरी स्रोत जुटाइनेछ।
- विकास साझेदार संस्थाहरू (दुईपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरू र रेडक्रस अभियान) बाट प्राप्त हुने सहायतालाई यस योजनाको कार्यान्वयनको लागि परिचालन गरिनेछ।
- निजी तथा व्यावसायिक क्षेत्रको व्यवसायिक सामाजिक उत्तरदायित्व, र अन्य पहल मार्फत निजी क्षेत्रको सहभागिता र सहायता विपद् पूर्वतयारी र प्रतिकार्यका लागि परिचालन गरिनेछ।
- गाउँपालिकामा रहेका सामाजिक तथा सामुदायिक संस्थासँग भएको भौतिक, सामाजिक, आर्थिक तथा मानवीय श्रोतलाई यस योजनाको कार्यन्वयनको लागि एकिकृत रूपमा परिचालन गरिनेछ।

- यस योजनाको कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कन गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले गर्नेछ। उक्त अनुगमन समितिले अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्नेछ।
- विपद् पोर्टल तयार गरी विपद्बाट भएको क्षति तथा विपद् व्यवस्थापन सम्बन्धी भएका गाउँपालिकाको वेवसाइटमा गतिविधिहरू नियमित रूपमा अद्यावधिक गरिनेछ।
- स्थानीय विपद् व्यवस्थापन समितिले वर्षभरिको विपद्को अवस्था र गतिविधिलाई समेटेर गाउँ विपद् प्रतिवेदन सामान्य अवस्थामा वार्षिक रूपमा प्रकाशन गर्नेछ भने कुनै ठूलो विपद्को अवस्था आएमा आवश्यकता अनुसार प्रतिवेदनहरू प्रकाशित गरिनेछ।
- यस योजनाको कार्यन्वयनबाट प्राप्त सिकाई तथा तत्कालीन आवश्यकताका आधारमा यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई वार्षिक रूपमा अद्यावधिक गर्दै लगिनेछ।

## ५.२ अन्य निकायसँगको समन्वय र सहकार्य

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि छिमेकी गाउँ, गाउँपालिका, तथा नगरपालिका, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाख, जिल्ला प्रशासन कार्यालय, मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग र सहकार्य गरिनेछ। विपद् परेको समयमा खोज उद्धार तथा आगलागीको नियन्त्रणमा दमकल, एम्बुलेन्स शव बाहन, तथा जनशक्ति परिचालनमा सुरक्षा निकाय र छिमेकी स्थानीय तहसँग समन्वय गरिनेछ। अन्य किसिमका थप सहयोग आदानप्रदान गर्न गाउँ कार्यपालिकाले अन्य स्थानीय तहहरुसँग आवश्यक समझदारी वा सम्झौता गर्नेछ।

गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको लागि प्रमुख रूपमा गाउँपालिका भित्र र बाह्य गरी दुई प्रकारको समन्वय गर्नु पर्दछ। गाउँपालिका भित्र पनि गाउँपालिका मातहतका निकाय वा समितिबीच र अन्य सरकारी, गैरसरकारी, सामाजिक तथा निजी संस्थाहरूबीच समन्वय र सहकार्य गर्नुपर्ने हुन्छ। बाह्य समन्वयमा जिल्ला, प्रदेश र संघीय तहका सुरक्षा निकाय तथा सरकारी निकायहरूसँग र अन्य गैर सरकारी तथा सहयोगी निकाय तथा संस्थाहरूसँगको समन्वय गर्नु पर्दछ। जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित अन्य गैह सरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी थप स्रोत परिचालन गरिनेछ। जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र प्रदेश आपत्कालिन कार्यसञ्चालन केन्द्रसँग विपद् सम्बन्धी सूचना र प्रतिवेदनहरू आदानप्रदान गर्न स्थानय आपत्कालीन कार्यसञ्चालन केन्द्रले आवश्यक समन्वय गर्नेछ।

विपद् प्रतिकार्यको दौडानमा कार्यहरू निम्न थप कार्यहरू गरिने छ :

- विषयगत क्षेत्रको अवधारणा अनुसार गाउँपालिका भित्रका सम्पूर्ण विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित संस्था तथा निकायहरू सम्बन्धित विषयगत क्षेत्रको सदस्य रहन्छन र उक्त संस्था तथा निकायहरूसँगको समन्वय र सहकार्यको जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको नेतृत्व गर्ने विषयगत समिति र यसका संयोजक तथा सम्बन्धित शाखाको हुनेछ।
- जिल्ला, प्रदेश तथा संघीय तहका निकायहरूसँगको समन्वय, सुरक्षा निकायहरूसँगको समन्वय तथा गाउँपालिका बाहिरका सरकारी तथा गैर सरकारी संस्थाहरु र सहयोगी निकायहरूसँगको समन्वयको जिम्मेवारी गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि सम्पूर्ण सरकारी, गैरसरकारी, सामाजिक तथा निजी क्षेत्रको स्रोत परिचालन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरूप गाउँपालिकाको प्राथमिकता अनुसार एकद्धार नीति बमोजिम हुनेछ। संस्थागत समन्वय र सहकार्यको ढाँचा निम्न बमोजिम हुनेछ।

### ५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई

यस योजनाले गाउँपालिकामा विपद्बाट प्रभावित हुन सक्ने परिवार, मृत्यु हुन सक्ने तथा घाइते हुन सक्नेको सङ्ख्या एवम् आर्थिक क्षतिको न्यूनीकरण गर्ने लक्ष्य लिएको छ ।

योजना कार्यान्वयनको वार्षिक अनुगमन र मूल्याङ्कन गर्ने कार्य गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ। योजना कार्यान्वयनको नियमित अनुगमन (चौमासिक रुपमा: भाद्र, पौस, बैशाख) स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रको सहयोगमा स्थानीय विपद् व्यवस्थापन समितिले गर्नेछ ।

**वार्षिक अनुगमन र मूल्याङ्कन**

यस योजनाको अनुगमन, मूल्याङ्कन र समीक्षाको लागि देहाय बमोजिमको लक्ष्य सूचकहरू निर्धारण गरीएको छ:

#### ५.३.१ लक्ष्य र सूचकहरू

यस योजनामा गाउँपालिकामा विपद्बाट प्रभावित हुने परिवार, मृत्यु हुने तथा घाईतेको सङ्ख्या एवम् आर्थिक क्षतिको न्यूनीकरण गर्ने लक्ष्य लिईएको छ। यस योजनाको अनुगमन, मूल्याङ्कन र समीक्षाको लागि देहाय बमोजिमको लक्ष्य सूचकहरु निर्धारण गरिएको छ:

| क्र.सं. | सूचक | आधार वर्ष | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | (२०७../...) | २०७../.. | २०८../.. | २०८../.. |
| १. | गाउँपालिका क्षेत्रमा विपद्बाट हुने मानवीय क्षतिको दर कम भएको हुनेछ। | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत सङ्ख्या (सडक दुर्घटना बाहेक) | | | | |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत सङ्ख्या | | | | |
| २. | विपद्बाट प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेख्य मात्रामा कम भएको हुनेछ। | | | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत सङ्ख्या | | | | |
| २.२ | विपद्बाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत सङ्ख्या | | | | |
| २.३ | सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत सङ्ख्या | | | | |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत सङ्ख्या | | | | |
| ३. | विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षतिमा कमी आएको हुनेछ। | | | | |
| ४. | गाउँपालिका र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्ने संयन्त्र सङ्ख्या | | | | |
| ५. | बहु–प्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना आंकलन, उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि भएको हुनेछ। | | | | |
| ५.१ | कूल क्षेत्रफलको अनुपातमा बहु–प्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | | | | |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसङ्ख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसङ्ख्याको प्रतिशत | | | | |
| ५.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि लागू भएका वडाहरूको सङ्ख्या | | | | |

| क्र.सं. | सूचक | आधार वर्ष (२०७../...) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७../.. | २०८../.. | २०८../.. |
| ५.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी जनसमुदायलाई उपलब्ध गराउन सक्ने समुदाय | | | | |
| ५.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसङ्ख्या | | | | |

### ५.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन

यस योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन कार्य गर्न गाउँपालिकामा अधीकार प्राप्त अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ। उक्त समितिले माथि उल्लिखित सूचकहरुको आधारमा नियमित रुपमा योजना कार्यान्वयनको अवस्थाको अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेश गर्नेछ । यस्तो प्रतिवेदनमा औँल्याइएका सुधार गर्नुपर्ने विषयलाई सम्बन्धित विषयक्षेत्रले सुधार गरी कार्यान्वयन गर्नु पर्नेछ र योजनामा नै सुधार गर्नुपर्ने अवस्थामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिमार्जन गर्दा समावेश गरिनेछ । योजनाको कार्यान्वयनको अवस्था, प्रभावकारिता र सिकाई संश्लेषण कार्यसूचीको प्रारुप अनुसूची- ... मा संलग्न गरिएको छ। यस योजनाको पूनरावलोकन तथा पृष्ठपोषण सङ्कलन तलको तालिका बमोजिम हुनेछः

| विवरण | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य | समय |
|---|---|---|---|
| योजना कार्यान्वयनको समिक्षा | स्थानीय विपद् व्यवस्थापन समिति | आवधिक रुपमा सिजन अनुरूप समिक्षा बैठक गर्ने | बैशाख महिना |
| | | | भाद्र महिना |
| | | | पौष महिना |
| योजनाको पुनरावलोकन | स्थानीय विपद् व्यवस्थापन समिति | विषयक्षेत्र अनुसारका क्रियाकलापहरुको पुनरावलोकन गरी योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष चैत्र मसान्त |

## ५.४ क्षमता विकास रणनीति र योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि दक्ष स्रोत व्यक्ति तथा संस्थाहरूको सहयोगमा देहायका क्रियाकलापहरू सञ्चालन गरिनेछ:

| क्र.सं. | क्षमता विकास क्रियाकलापहरु | जिम्मेवारी | समयतालिका |
|---|---|---|---|
| १ | विषयगत क्षेत्रका जनशक्तिलाई उक्त क्षेत्रसँग सम्बन्धित विषयमा अभिमुखिकरण, तालिम र अभ्यासको व्यवस्था गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| २ | वडास्तरका विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखिकरण, तालिम प्रदान गर्ने । | विपद् व्यवस्थापन शाखा | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| ३ | स्थानीय विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा सञ्चालन गर्न क्षमता विकास गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ. व. योजना तर्जुमा प्रक्रिया शुरु हुनु भन्दा अगावै |
| ४ | विपद् प्रभावित स्थानमा रहेका विद्यालयहरू र स्थानीय स्वयंसेवकहरूलाई विपद् प्रतिकार्य सम्बन्धी तालिम प्रदान गर्न विषयक्षेत्रको क्षमता विकास गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि |

| | | | |
|---|---|---|---|
| ५ | बन्दोबस्तीका सामान तथा औजारहरू व्यवस्थापनका लागि विषयक्षेत्रहरूको क्षमता विकास गर्ने। सबै क्षमता विकास तालिमहरू लैङ्गिक समानता र सामाजिक समावेशीकरणका दृष्टिकोणबाट संवेदनशील र समावेशी हुने कुरा सुनिश्चित गरिने। | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि |

## अनुसूची-१

## प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची

माण्डवी गाउँपालिका, प्यूठान जिल्ला, लुम्विनी प्रदेश,

स्थानः  माण्डवी गाउँपालिकाको सभाहल                    मिति/समयः

**छलफलका विषयहरूः**

१. गत वर्षका विपद्का घटनाहरू र व्यवस्थापन सम्बन्धी समीक्षा,
२. यस वर्षको पूर्वानुमान (वर्षा, बाढी र पहिरो सम्बन्धि पूर्वानुमानहरू जल तथा मौसम विज्ञान बिभागबाट उपलब्ध हुन्छ, अन्य प्रकोपहरूको सम्बन्धित निकायबाट उपलब्ध हुन्छ),
३. सङ्कटासन्नता र जोखिमको बस्तुस्थिति (भौगोलिक कार्यक्षेत्रः गाउँपालिका),
४. विषयक्षेत्रहरू (गाउँपालिकामा रहने क्लष्टरहरू) र तिनको योजना,
५. योजना तर्जुमा वा अद्यावधिक गर्ने प्रक्रिया,
६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा प्राविधिक सहयोग गर्नका लागि (आवश्यक भएमा) अनुभव प्राप्त विज्ञ सम्मिलित) कार्यटोलीको गठन गर्ने र कार्यशर्तहरू छलफल गरी स्वीकृत गर्ने,
७. पूर्वतयारी योजना तर्जुमा प्रक्रियामा सहयोग र समन्वय (अन्य गाउँपालिका,नेपाल सरकार र प्रदेश सरकारका जिल्ला स्थित निकायहरु),
८. अन्य (जस्तैः समितिको आगामी बैठक सम्बन्धमा)।

अनुसूची-२

## स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यादेश

१. उपलब्ध तथ्याङ्क, दस्तावेज, प्रकाशन तथा अभिलेखहरुको अध्ययन तथा विश्लेषण गर्ने,

२. विपद् व्यवस्थापन सम्बन्धी मौजुदा योजनाहरू, कम्तिमा विगत ५ वर्षको विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्शा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन र समीक्षा गर्ने,

३. सम्बन्धित तहका आवधिक विकास योजनाहरू, विषयक्षेत्रगत योजनाहरू, प्रतिवेदनहरू,

४. आधारभूत अध्ययन लगायतका कार्य गर्ने,

५. विपद् व्यवस्थापनको विगतको अभ्यास अनुभव तथा सिकाई सम्बन्धी अध्ययन तथा समीक्षा गर्ने,

६. विगतको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तथा विषयक्षेत्रगत आकस्मिक योजनाहरूको अध्ययन र समीक्षा गर्ने,

७. स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली, महामारी निगरानी प्रणाली, सडक सूरक्षा कार्ययोजना अध्ययन र प्रवृत्ति विश्लेषण गर्ने,

८. स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयारी गर्ने,

९. कार्यशाला गोष्ठीको सञ्चालन विधि, समय, स्थान, कार्यसूचीको छनौट तथा स्रोत साधन जस्ता विषयमा सहयोग र परामर्श प्रदान गर्ने,

१०. सबै विषयक्षेत्रका योजनाहरू एकत्रित गरी मस्यौदा तयार गर्ने,

११. अनुसूचीमा उल्लिखित नमूना बमोजिम स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयार गर्ने।

अनुसूची-३

सरोकारवाला निकायको पहिचान तालिका

| क्र. सं. | निकाय | विषयक्षेत्र | कार्यक्षेत्र | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स, फोन, इमेल) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, विपद व्यवस्थापन शाखा | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | लुम्बिनी प्रदेश का सम्पुर्ण जिल्ला | सुरेश चन्द्र आचार्य, महाशाखा प्रमुख<br>भुप बहादुर मल्ल, विपद् सम्पर्क व्यक्ति | ९८५७८५०४७३<br>९८४७८४९२६४ | |
| २ | जिल्ला प्रशासन कार्यालय | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | प्युठान जिल्लाका सबै स्थानीय तह | शान्तिराज प्रसाई, प्रमुख जिल्ला अधिकारी | ९८५७८१७७७७ | |
| ३ | जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | प्युठान जिल्लाका सबै स्थानीय तह | लक्ष्मण चन्द | ०८६४२०२२४<br>deocpyuthan@gmail.com<br>९८६८६९७७४८ | |
| ४ | जिल्ला समन्वय समिती | आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र संरक्षण तथा सुरक्षा क्षेत्र | प्युठान जिल्लाका सबै स्थानीय तह | धरम बहादुर जि.सी., समन्वय प्रमुख | ९८४७८३८२९३ | |
| ५ | जिल्ला प्रहरी कार्यालय प्युठान | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, संरक्षण तथा सुरक्षा क्षेत्र | प्युठान जिल्लाका सबै स्थानीय तह | नरहरी अधिकारी, प्र.ना.उ. | ९८५७८१५५५५ | |
| ६ | जिल्ला ट्राफिक प्रहरी कार्यालय प्युठान | संरक्षण तथा सुरक्षा क्षेत्र, समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | प्युठान जिल्लाका सबै स्थानीय तह | विष्णु न्यौपाने, प्र.ना.नि. | ९८६९५९५२५६ | |
| ७ | जिल्ला शसस्त्र प्रहरी बल कार्यालय प्युठान | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | प्युठान जिल्लाका सबै स्थानीय तह | सुमन शर्मा, प्रमुख | ९८५१२५८०७८ | |
| ८ | नेपाल रेडक्रस सोसाईटी | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | प्युठान जिल्लाका सबै स्थानीय तह | गुमानराज पुलामी, सभापति | ९८५७८३३६५५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | रेडक्रस एम्बुलेन्स सेवा | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | प्युठान जिल्लाका सबै स्थानीय तह | दुर्गा ब. घर्तीमगर, बिर ब. खड्का, चालक | ९८४७८५१०७८<br>९७४८७१६९२१ | |
| १० | नेपाल रेडक्रस सोसाईटी ब्लड बैंक | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | प्युठान जिल्लाका सबै स्थानीय तह | आशिष थापा<br>अर्जुन थापा | ९८६६८३४१८५<br>९८६२५२११५६ | |
| ११ | नेपाल रेडक्रस सोसाईटी | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | प्युठान जिल्लाका सबै स्थानीय तह | नारायण प्रसाद पौडेल, प्रदेश कमिटी सदस्य | ९८४७८२११६६ | |
| १२ | प्युठान अस्पताल | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र, स्वास्थ्य तथा पोषण क्षेत्र | प्युठान जिल्ला | डा. सुबास पौडेल, का. मे. सु. | ९८५७८३६६९१ | |
| १३ | होटल व्यवसायी संघ प्युठान | खाद्य तथा कृषी क्षेत्र | प्युठान जिल्लाका सबै स्थानीय तह | लिलाधर न्यौपाने, अध्यक्ष | ९८५७८३३२९१ | |
| १४ | प्रहरी चौकी देवीस्थान | आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र संरक्षण तथा सुरक्षा क्षेत्र | माण्डवी गाउँपालिका | खिमानन्द खनाल | ९८६३४१२४६६ | |
| १५ | प्रहरी चौकी तिराम | आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र संरक्षण तथा सुरक्षा क्षेत्र | माण्डवी गाउँपालिका | फत्ते सिंह चौधरी | ९८६९५९५३१२ | |
| १६ | प्रहरी पोष्ट जस्पुर | आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र संरक्षण तथा सुरक्षा क्षेत्र | माण्डवी गाउँपालिका | सौजन डाँगी | ९८६६२३३१८० | |
| १७ | वर्षा मापन केन्द्र, | समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र | माण्डवी गाउँपालिका, प्यूठान नगरपालिका | नयागाउँ<br>बिजुवाटार<br>अरङ्गखोला | ९८४७८७४५४७<br>९८४७८६७१९४<br>९८४४९५६२१५ | |

## अनुसूची-४

## विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची

माण्डवी गाउँपालिका, प्यूठान जिल्ला, लुम्बिनी प्रदेश ,

विषयक्षेत्र ............

स्थानः  माण्डवी गाउँपालिका                                   मितिं/समयः

**छलफलका विषयहरूः**

१. विषयक्षेत्रको परिचय,
२. बिषयगत क्षेत्रको अगुवा तथा सदस्य संस्थाको नामावली,
३. प्रमुख विपद् र प्रभावित क्षेत्रको छनौट,
४. पहिचान भएको विपद्को पूर्वतयारी तथा प्रतिकार्यमा सम्बन्धित विषयक्षेत्रको भूमिका,
५. विपद्को घटना हुनु अगाडि गरिने पूर्वतयारी र विपद् पश्चात् गरिने प्रतिकार्यको समयसीमा निर्धारण,
६. विद्यमान कमीकमजोरीहरूको पहिचान,
७. प्राथमिकता प्राप्त पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य क्रियाकलापहरूको पहिचान,
८. प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयक्षेत्रको कार्ययोजना तर्जुमा,
९. विपद्को घटना अगावै गरिने पूर्वतयारी तथा विपद्को समयमा गरिने आपत्कालीन कार्यका लागि मुख्य जिम्मेवार निकायको पहिचान,
१०. बिषयगत क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना तर्जुमा,
११. पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापका लागि लागत अनुमान (सम्भव भए सम्म),
१२. अन्य (जस्तैः आगामी बैठक सम्बन्धमा)।

**नोटः**

प्रत्येक विषयक्षेत्रका अन्य बैठक र तिनका कार्यसूची पहिलो बैठकका निर्णयहरू, तिनको कार्यान्वयन अवस्था र अन्य आन्तरिक सवालहरूमा निर्भर हुन्छ।

## अनुसूची-५

## विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त (नमूना)

कुनै विषयक्षेत्रमा परेको समस्या समाधानमा सहयोग गर्न सम्बन्धित तहमा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकार प्राप्त व्यक्ति, संस्था वा निकायलाई विषयक्षेत्र सदस्य संस्था भनिन्छ। विषयक्षेत्र सदस्य संस्थाको काम कर्तव्य देहाय अनुसार हुनेछन्ः-

१. विषयगत सदस्य संस्था (सरकारी निकाय, राष्ट्र संघीय निकाय, रेडक्रस अभियानका सदस्य, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र आदि) का बीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्न विषयगत अगुवा संस्था तोकि आवश्यकता अनुसार सहयोग गर्ने,

२. नेपाल सरकार र प्रदेश सरकारका जिल्ला स्थित निकाय, स्थानीय तह, नागरीक समाज तथा अन्य सरोकारवाला निकायबीच समन्वय गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,

३. आफ्नो विषयक्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने (यस अन्तर्गत विपद्को प्रकृति तथा योजना मान्यता, प्राथमिकता प्राप्त आपत्कालीन कार्य तयारी, आपत्कालीन कार्य संवोधन गर्न प्राथमिकता प्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान कमीकमजोरी पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन्),

४. आपत्कालीन अवस्थाका लागि पर्याप्त आकस्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने,

५. विषयक्षेत्रका सहभागीहरू सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउन विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,

६. विषयक्षेत्रको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवदेन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन र प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,

७. सूचना सङ्कलन तथा प्रचार प्रसारमा योगदान गर्न स्रोत साधनको आवश्यकता पहिचान गर्ने,

८. विषयक्षेत्रका प्राथमिकता प्राप्त कार्य सञ्चालन गर्न दातृ समुदायलाई मानवीय सहायता कार्यमा लगानी गर्न प्रोत्साहन गर्ने साथै, विषयक्षेत्रका सहभागीहरूलाई स्रोत साधन परिचालन गर्न प्रोत्साहित गर्ने,

९. मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गर्न सहयोग गर्ने,

१०. पूर्वनिर्धारीत प्राथमिकता प्राप्त विषयगत संस्थाहरूलाईअन्तिम सेवा प्रदायकका रुपमा जिम्मेवार बनाउने,

११. कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषयक्षेत्रका मुख्य साझेदारलाई समावेश गराउने।

## अनुसूची-६

## अगुवा सहयोगी संस्थाको कार्यशर्त

अगुवा सहयोगी संस्थाको मुख्य भूमिका विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्रियाकलाप तय गर्नका लागि सबै निकायहरुबीच छलफल गर्न साझा मञ्च प्रदान गरी सहजकर्ताको रुपमा विपद् व्यवस्थापन समितिलाई सहयोग गर्नु हो। यसको अन्य भूमिका देहाय बमोजिम हुनेछः-

१. सबै निकायहरूको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यमा सहयोग गर्ने,
२. विपद् व्यवस्थापन समितिसँग समन्वय गरी बैठकहरू सञ्चालन गर्ने,
३. विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने र प्राविधिक तथा वित्तिय सहयोग प्रदान गर्ने,
४. प्रभावकारी प्रतिकार्य र पूर्वतयारीको लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका वारेमा समन्वय गर्ने,
५. विगतका अनुभवको आधारमा सफलता, सिकाई, चुनौति तथा कमीकमजोरी पहिचान गर्ने,
६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा सवै विषयक्षेत्रका अगुवा तथा सदस्य संस्थाहरू लगायत अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने,
७. कार्यशालाको नतिजा तयार गर्ने र सम्बन्धित तहमा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरूलाई जानकारी गराउने तथा स्थानीय विपद् व्यवस्थापन समितिमा विषयक्षेत्रको योजना मस्यौदा पेश गर्ने,

## अनुसूची-७
## कार्यशाला गोष्ठीको कार्यसूची

**कार्यशाला गोष्ठीका विषयबस्तु देहाय अनुसार रहेका छन्:**

१. सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोड,
२. निकायगत श्रोत, साधन तथा क्षमताहरू,
३. सम्भावित प्रकोप तथा सोको प्रभाव क्षेत्र,
४. विषयक्षेत्र केन्द्रित योजना र समूहगत छलफल,
५. तीनै चरणका योजनावद्ध कार्यहरूको पहिचान र प्राथमिकीकरण,
६. योजना गरिएका कार्यहरूमा सम्बन्धित निकायको दायित्व तथा भूमिका,
७. आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिबृद्धि गर्ने रणनीति,
८. अन्तर सम्बन्धित सवालहरुको सम्बोधन,
९. सहकार्य र समन्वयका क्षेत्रहरु र सरोकारवालाहरू,
१०.अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना,

**माथि उल्लिखित छलफलका विषयको संक्षिप्त चिनारी देहाय अनुसार छः-**

१. **सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोडः** विषयक्षेत्रका सम्बन्धित सदस्यले सम्भावित प्रकोप, सङ्कटासन्नता तथा जोखिमको अवस्थाको बारेमा गरिएको पुनरावलोकन र जोखिम विश्लेषण गोष्ठीको मुख्य सत्रमा प्रस्तुत गर्नेछन्। सहभागीहरूले यसमा छलफल गरी आवश्यकता भए परिमार्जन गर्न सुझाव दिन सक्छन्। यस्तो सुझाव गोष्ठी समाप्त भएपछि पनि लिन सकिनेछ। गाउँपालिकाको प्रकोप, सङ्कटासन्नता तथा जोखिम विश्लेषणको निचोडमा छलफल गरीन्छ।

२. **निकायगत उपलब्ध स्रोत साधन तथा क्षमताहरू:** पूर्वतयारी तथा प्रतिकार्य क्षमताका बारेमा विश्लेषण गर्दा विषयक्षेत्रका अगुवा र अन्य सम्बन्धित निकायसँग छलफल गरी निर्क्यौल गर्नु पर्दछ। यसको संश्लेषण कार्यशालामा प्रस्तुत गरिनेछ। हरेक निकायले पूर्वतयारी र प्रतिकार्य गर्नका लागि आफुसँग भएका स्रोत र साधनको सूची तयार गर्नुपर्दछ।

३. **सम्भावित प्रकोप र सोको प्रभाव क्षेत्रः** आधारभूत अध्ययनमा सम्बन्धित तहका प्रकोहरूको पहिचान, सङ्कटासन्न क्षेत्र तथा पर्नसक्ने प्रभावको मूल्याङ्कन र लेखाजोखा गर्नुपर्दछ। यसको प्रतिवेदन कार्यशालामा प्रस्तुत गर्नुपर्दछ। जोखिम विश्लेषण गर्दा दुईवटा आयाममा ध्यान दिनुपर्दछः

   क) प्रकोपको घटना घट्न सक्ने सम्भावना,

   ख) सो प्रकोपबाट जनताको जीउधन, पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहमा पर्नसक्ने असर र प्रभाव सामान्यतया विपद् जोखिम विश्लेषणका आधारमा प्रकोपहरू छनौट गरी योजना तयार गरिन्छ। प्रकोपको छनौट गर्दा प्रकृति, सम्भावित मात्रा र सम्भावित आपत्लीन अवस्थालाई आधार मान्न सकिन्छ। कहिलेकाँही मात्र हुने भएता पनि भूकम्प जस्ता प्रकोपले ठूलो जनधनको क्षति पुग्न सक्दछ।

४. **विषयक्षेत्र केन्द्रीत योजना र समूहगत छलफलः** सहभागीहरूलाई आफ्नो संस्थाको कामसँग सम्बन्धित विषयक्षेत्र छनौट गर्न लगाउनु पर्दछ। यदि एउटै संस्था एकभन्दा वढी विषयक्षेत्रसँग सम्बन्धित भएमा संस्थाका तर्फबाट अन्य सदस्य समेत सहभागी गराउन वा सबैभन्दा वढी योगदान गर्न सकिने विषयक्षेत्र छनौट गरी समूह निर्माण गर्न सकिन्छ।

५. **तीनै चरणका योजनावद्ध कार्यहरूको पहिचान र प्राथमिकीकरणः** पूर्वतयारीका कार्यहरूमा सामान्य पूर्वतयारी र पूर्वानुमानमा आधारित पूर्वतयारी र आपतकालीन अवस्थाका कार्यहरू हुन सक्नेछन्। उदाहरणका लागि केही पूर्वतयारी कार्यहरू निम्न हुन सक्नेछन्:

क) सम्बन्धित तहका प्रत्येक विषयक्षेत्रमा पूर्वतयारी र प्रतिकार्य गतिविधिहरूमा संलग्न एक सक्रिय सूचना व्यवस्थापन संयन्त्र सुनिश्चित गर्ने,
ख) विपद् पूर्वतयारी र प्रतिकार्यको लागि स्वयंसेवकहरू र प्रशिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,
ग) स्थानीय समुदायलाई पूर्वानुमानका साथै पूर्वसूचना प्रणाली, सूरक्षा तथा उद्धार सामग्री र उपकरणले सबल बनाउने,
घ) प्रारम्भिक लेखाजोखा, मूल्याङ्कन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारूप तयार गर्ने,
ङ) तथ्याङ्क सङ्कलनका लागि आवश्यक फाराम तयार गर्ने,
च) पूर्वानुमान सूचना तथा सतर्कता सन्देशहरूका लागि सञ्चारको माध्यमहरूको विस्तृत अभिलेख राख्ने,
